
# समृद्ध इच्छाकामना

इच्छाकामना गाउँपालिकाको आधारभूत तह (कक्षा १-८) को

## स्थानीय पाठ्यक्रम-२०७८



प्रकाशक:

## इच्छाकामना गाउँपालिका

Email : ichchhakamanaruralmum@gmail.com I website : www. ichchhakamanamun.gov.np

# 'समृद्ध इच्छाकामना'
# स्थानीय पाठ्यक्रम

## आधारभूत तह (कक्षा १–८)

## २०७८

**प्रकाशकः**

# इच्छाकामना गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कुरिनटार, चितवन

**बागमती प्रदेश, नेपाल**

Email: info@ichchhakamanaruralmun.gov.np | website: www.ichchhakamanamun.gov.np

प्रमुख संरक्षक - श्री गिताकुमारी गुरुङ

सह-संरक्षक - श्री कृति कुमार श्रेष्ठ

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**

| क्र. सं. | नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | दुर्गा देवी खड्का | संयोजक | ९८४९०३५२७१ | शिक्षा अधिकृत |
| २. | भविश्वर गुरुङ | सदस्य | ९८४६१४४८१६ | स्रोत व्यक्ति |
| ३. | शिब प्रसाद तिमल्सेना | सदस्य | ९८४५३९४६६२ | |
| ४. | इन्दिरा सापकोटा | सदस्य | ९८४५०६३०८५ | |
| ५. | युवराज लामा | सदस्य | ९८४५०५३११७ | |
| ६. | दिपक खनाल | सदस्य | ९८४५२४७२१७ | |
| ७. | राम थापा | सदस्य | ९८६७९४२७१३ | |
| ८. | भुपेन्द्र चेपाङ | सदस्य | ९८४५२१४२८५ | |
| ९. | शिब राज राई | सदस्य | ९८४३२३८९९६ | |
| १०. | यानबहादुर गरुङ | सदस्य | ९८४५०६७७९४ | |
| ११. | श्रीरेन्द्र प्रकाश पोखेल | सदस्य | ९८५५०७५४३० | |
| १२. | दुर्गा पुरी | सदस्य | ९८४१०६५८४२ | |
| १३. | सावित्री पुडासैनी खनाल | सदस्य | ९८४५०९२२२० | |

**मस्यौदा लेखन समिति**

| क्र.सं. | नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | युवराज लामा | सदस्य | ९८४५०५३११७ | |
| २. | शङ्कर प्रसाद सिलुवाल | सदस्य | ९८४५०५३१५१ | |
| ३. | शिव प्रसाद तिमल्सेना | सदस्य | ९८४५३९४६६२ | |
| ४. | शिब राज राई | सदस्य | ९८४३२३८९९६ | |
| ५. | इन्दिरा सापकोटा | सदस्य | ९८४५०६३०८५ | |

**सल्लाहकारहरु**

| क्र.सं. | नाम | |
|---|---|---|
| १. | रामदत्त भट्ट | प्रमुख प्रशासकिय अधिकृत, इच्छाकामना गाउँपालिका |
| २. | भूमिलाल शर्मा  सुबेदी | इकाई प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई भरतपुर |
| ३. | बद्री नारायण शर्मा | नगर शिक्षा अधिकारी, रत्ननगर नगरपालिका, चितवन |
| ४. | रुद्र शर्मा | शाखा अधिकृत, शिक्षा विकास तथा समन्वय इकाई भरतपुर |

*मिति २०७८।०९।०२ गतेका दिन गाउँ कार्यपालिकाबाट स्वीकृत तथा १० औं गाउँ सभाबाट अनुमोदित*

प्रकाशक : इच्छाकामना गाउँपालिका, कुरिनटार
इच्छाकामना गाउँपालिका

सर्वाधिकार : प्रकाशकमा निहित

आवरण तस्बिर : मुख्य आवरण लामो झरना, पछाडि उपरदाङगडी, सिराईचुली, इच्छाकामना मन्दिर र त्रिशुली नदीमा र्याफ्टिङ

प्रथम संस्करण : २०७८

मुद्रक : सिद्धबाबा प्रेस प्रा.लि.
भरतपुर, चितवन, सम्पर्कः ९८५५०५००४०

# प्राक्कथन

शिक्षाले व्यक्तिको अन्तर्निहित क्षमताको प्रस्फुटन गरी जीवन उपयोगी ज्ञान, सिप र अनुभूतिको विकास गर्न सक्षम हुनुपर्छ भन्ने वर्तमान आवश्यकता हो। शिक्षाले व्यक्तिलाई सक्षमता प्राप्त गर्ने कोसिस गर्नुपर्दछ। जसले समाज विकासमा मार्ग निर्देश गर्न सकोस्। औपचारिक शिक्षालाई व्यवस्थित र योजनाबद्ध रूपमा सञ्चालन गर्न पाठ्यक्रमको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। स्थानीय परिवेश, आवश्यकता एवम् जनजीवनसँग जोडिएका विषयवस्तुलाई समेटेर स्थानीय पाठ्यक्रम निमार्ण गर्ने अभ्यास रहेको पाइन्छ। सिकारुको रुचि, अभिभावकको चाहाना र समाजको सपनालाई मूर्तरूप दिने एक खाका नै स्थानीय पाठ्यक्रम हो। विद्यार्थी नै समकालीन समाजको प्रमुख पात्र तथा भविष्यको कर्णधार हो। चालु आवधिक योजनाले समेत रैथाने र ग्रामीण सिपलाई आधुनिक शिक्षा प्रणालीसँग जोड्ने उद्देश्य राखेको छ। यसर्थ शिक्षा र सिप आधुनिक समाजको एक महत्त्वपूर्ण औजार हो। समाजको एक सदस्यको रूपमा रहेको बालक उसका अभिभावक तथा देशको एक पात्रले समाजका विषयमा जान्नु आवश्यक रहन्छ। समाज अध्ययन विद्यालयको औपचारिक शिक्षाबाट समेत हुने भएकोले औपचारिक शिक्षामा स्थानीय स्तरका सोच, संम्भावना तथा त्यसबाट प्राप्त हुने प्रतिफल समेतलाई ध्यान दिदै स्थानीय पाठ्क्रमको निर्माण गरिन्छ।

यसै सन्दर्भमा शैक्षिक सत्र २०७७ देखि कक्षा १, शैक्षिक सत्र २०७८ देखि कक्षा २,३ को पाठ्यक्रम परिवर्तन गरी कक्षा १ -३ मा एकीकृत पाठ्यक्रम कार्यान्वयनमा रहेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा १-३ का लागि स्थानीय विषय साप्ताहिक ५ घण्टाको दरले वार्षिक १६० घण्टा र कक्षा ४-८ को लागि साप्ताहिक ४ घण्टाको दरले वार्षिक १२८ घण्टा निर्धारण गरिएको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेबमोजिम अघिल्लो शैक्षिक सत्रदेखि क्रमशः पाठ्यक्रम परिवर्तनका स्वरूप अनुसार वि.स. २०८० सम्ममा सबै स्थानीय तहले कक्षा ८ सम्म स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। यस व्यवस्थालाई ध्यानमा राख्दै इच्छाकामना गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७८ देखि यस गाउँपालिका भित्रका सबै विद्यालयमा लागू गर्न प्रस्तुत पाठ्यक्रम तयार गरिएको छ।

स्थानीय सरोकारवालाहरुसँगको संवाद, पाठ्यक्रम निर्माण कार्यदलको सामूहिक लगनशिलता, लेखन, तथा इच्छाकामना गाउँपालिकाको सल्लाह एवम् मार्गनिर्देशन अनुरूप स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को अधीनमा रही यो पाठ्यक्रम तयार पारिएको हो।

सिद्धान्त स्थानीय पाठ्यक्रमले पाठ्यपुस्तक (कार्यपुस्तक) को परिकल्पना गर्दैन। विभिन्न विद्यार्थी केन्द्रित शैक्षणिक विधि, स्रोत, शोध, खोज तथा क्षेत्र भ्रमण जस्ता विधिबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा स्थापित मान्यताका आधारमा हामी सबैको दृढ इच्छाशक्तिको खाँचो रहन्छ। समग्र शैक्षिक अवस्थाको अग्रगमनका लागि स्थानीय सरोकारवालाहरुको प्रमुख भूमिका रहेको हुन्छ। यसर्थ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र त्यसबाट प्राप्त हुने प्रतिफलमा समेत बढी भन्दा बढी जनसहभागिता आजको आवश्यकता हो।

''समृद्ध इच्छाकामना'' नामक प्रस्तुत स्थानीय पाठ्यक्रममा उल्लेख भएका विषयवस्तुहरुको सान्दर्भिकता, औचित्यता यसको सफल कार्यान्वयनबाट मात्र सम्भव हुनेछ। पाठ्यक्रमको कार्यान्वयनमा हामी सबै सरोकारवाला पक्षहरुको समन्वय, सहकार्य तथा सहअस्तित्व सदैव आवश्यक रहने छ। जसले गर्दा हाम्रो पुस्ताले विगतलाई नजिकबाट नियाल्दै वर्तमानको धरातलमा रही भविष्यको खाका कोर्ने कार्यमा सहयोग पुऱ्याउने छ भन्ने आशा राखेका छौ। स्थानीय पाठ्यक्रम निर्माण तथा मस्यौदा लेखनमा सहयोग पुऱ्याउनुहुने गाउँ शिक्षा समिति, स्थानीय पाठ्यक्रम निर्माण कार्यदल, मस्यौदा लेखन समिति, सल्लाहाकार समिति, गाँउपालिकाका श्रद्धेय व्यक्तित्वहरु तथा सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद दिदै सफल कार्यान्वयनमा आ-आफ्नो ठाउँबाट सक्दो सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएका छौ।

**शिक्षा युवा तथा खेलकुद शाखा**
**इच्छाकामना गाउँपालिका**

इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

फोन नं.: ०५६-४१०१२२/४१०१११
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np
बागमती प्रदेश, नेपाल

प.सं.

च.नं.

मिति: २०७८/०९/०२

## शुभकामना

इच्छाकामना गाउँपालिकाको स्थानीय पाठ्यक्रम प्रकाशनका लागि अहोरात्र खटिनुभएका स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्यहरु, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवी लगायत स्थानीय पाठ्यक्रम निर्माण कार्यमा लगनशील महानुभावहरुलाई मेरो व्यक्तिगत तर्फबाट धन्यवाद व्यक्त गर्न चाहन्छु ।

इच्छाकामना गाउँपालिकाको पहिचान अतीतदेखिको धेरै होला, ठूलै दस्तावेज बन्ला तर त्यति गहिराइमा पुग्न नसके पनि केही छोटकरीमा यस स्थानीय पाठ्यक्रम मार्फत गाउँपालिकाको वर्णन भएको पाउँदा गर्व लागेको छ। चितवन जिल्लाको पूर्वी—उत्तर तर्फको पहाडी भूभागमा पर्ने पालिका हो इच्छाकामना। देशमा संङ्घीयता आइसकेपछि बनेको नयाँ संरचना अनुसार दारेचोक, चण्डिभञ्ज्याङ, काउले र दाहाखानी गा.बि.स मिलेर बनेको हाम्रो यस इच्छाकामना गाउँपालिका जहाँ सबै जातजाति, भाषा, धर्म र संस्कृतिले सुसज्जित जनताहरु अनेकतामा एकताको सन्देश दिँदै **"सुखी खुशी समृद्ध इच्छाकामना, कृषि पर्यटन पूर्वाधार विकास हाम्रो चाहना"** भन्ने मूल नारा सहित गाउँपालिकाबासीहरुको इच्छा चाहना अनुसार जनप्रतिनिधिहरुको साथमा गाउँपालिकाले विकासमा फड्को मारि रहेको छ। इच्छाकामनाको भविष्य उज्ज्वल बन्दै जाओस् यही कामना गर्दछु।

मानव जीवनका लागि आवश्यक कुराहरू गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सञ्चार आदि हुन् । यी मध्ये शिक्षा मानिसको आधारभूत आवश्यकता हो। शिक्षाले मात्र व्यक्ति, समाज र राष्ट्रको चौतर्फी विकासको ढोका खोल्दछ। शिक्षा व्यक्तिको सर्वाङ्गीण विकासको संवाहक हो। यसले व्यक्तिमा लुकेर रहेको क्षमतालाई उजागर गर्दछ । शिक्षाले व्यक्तिको व्यक्तित्व विकास समाजिकीकरण, आन्तरिक शक्तिको विकास, जीवन निर्वाह आवश्यकता पूर्ति, व्यावसायिक निपुणता र आत्मनिर्भरता गर्न सहयोग पुऱ्याउँछ। शिक्षाले व्यक्तिको अतिरिक्त अनुभवहरूको पुनर्गठन र पुनर्निर्माण गर्न सहयोग पुऱ्याउने भएकाले यसको स्थान महत्वपूर्ण छ। शिक्षाले मानवीय अन्तर्निहित गुणलाई प्रस्फुटित गरी सफल व्यक्तिको निर्माण गर्दछ। शिक्षाले समाजमा रहेका पुराना अन्धविश्वास तथा कुरीतिलाई हटाई समाजलाई सभ्य बनाउने भएकोले शिक्षाको स्थान महत्वपूर्ण छ। यसका साथै समाजमा रहेको रीति रिवाज परम्परा, भाषा, सांस्कृतिक मूल्य र मान्यतालाई एक पिँढीबाट अर्को पिँढिमा हस्तान्तरण गर्नुपर्दछ। यी सबै आवश्यकताहरुलाई मध्यनजर गर्दै इच्छाकामना गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण भएकोमा यसले विद्यार्थी भाइ बहिनीहरुमा समय सापेक्ष ज्ञानको ज्योति छर्न सक्नेमा म विश्वस्त छु।

आजको समाज हिजोको समाजभन्दा जटिल बनेको छ। विज्ञान र प्रविधिको उच्च विकासको कारणले हिजो सिकेका ज्ञानहरू आज निरर्थक बनेका छन्। तसर्थ वर्तमान समय सुहाउँदो बन्न, बनाउन र वर्तमान समाजमा स्थापित गर्न सुहाउँदो शिक्षा आजको आवश्यकता हो।

अन्त्यमा, स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानीय पाठ्यक्रम निर्माण कार्यदलले देखाएको यस श्रद्धा र लगावलाई मैले पनि मेरो जीवनको सफलता हो भन्ने ठानेको छु। यसै कुरालाई मनन गरी आगामी दिनहरुमा यस गाउँपालिकाको भविष्य उज्ज्वल बनाउन अहोरात्र खटिनु भएका विद्यालय परिवार, अभिभावक, सामाजिक व्यक्तित्व, विद्यार्थी भाइबहिनीहरुमा समेत प्रेरणा मिलोस् र यस स्थानीय पाठ्यक्रम कार्यान्वयनको शुभअवसरमा सम्पूर्ण सबैलाई हृदयदेखि नै मुरीमुरी धन्यवाद दिँदै सफल कार्यान्वयनको अपेक्षा लिएको छु। धन्यवाद।

गिता कुमारी गुरुङ
अध्यक्ष

गाउँपालिका
अध्यक्ष

"सुखी, खुशी र समृद्ध इच्छाकामना ! कृषि, पर्यटन र पूर्वाधार विकास हाम्रो चाहना !!"

# पाठ्यक्रमको परिचय


योजनाबिनाको यात्रा बहाना बिनाको ढुङ्गा जस्तै हो । अर्थात् योजनामा नै कार्यको सफलता र असफलता निहित रहेको हुन्छ । कुनै पनि काम गर्नुपूर्व के गर्ने ? किन गर्ने ? कसरी गर्ने ? कहिले गर्ने ? कसले गर्ने ? र कति समयमा कहाँ गर्ने ? जस्ता प्रश्नको उत्तर समेटिएको वृहत् दस्तावेज नै योजना हो ।

पाठ्यक्रम पनि शिक्षण सिकाइको वृहत योजना हो । Hilda Taba ले पनि पाठ्यक्रमलाई शिक्षण सिकाइको एउटा योजना (A curriculum is a plan for learning) भनी परिभाषित गरेकी छन् । यस प्रकार शिक्षाको लक्ष्य तथा उद्देश्य, ती उद्देश्य पुरा गर्न आवश्यक पर्ने विषयवस्तु, ती विषयवस्तु विद्यार्थी सम्म पुऱ्याउन चाहिने शिक्षण सिकाइ क्रियाकलाप र उपयुक्त विधि एवम् निर्धारित उद्देश्य प्रप्ति भयो कि भएन भनी जानकारी प्राप्त गर्न गरिने मूल्याङ्कनजस्ता सम्पूर्ण पक्ष समेटिएको योजना नै पाठ्यक्रम हो ।

पाठ्यक्रमको अवधारण सर्वप्रथम सन् १९१८ मा BOBBITS ले ल्याएका हुन् भने LEWIS and MIEL ले सन् १९७२ मा पाठ्यक्रमका बारेमा धेरै लेख रचनाहरू प्रकाशनमा ल्याएर पाठ्यक्रमको विकासमा थप मद्दत पुऱ्याए ।

पाठ्यक्रमलाई अङ्ग्रेजीमा CURRICULUM भनिन्छ । CURRICULUM शब्द ल्याटिन भाषाको CURRERE शब्दबाट आएको हो । जसको अर्थ RACE-COURSE/ RUNWAY दौडको मैदान (धावन मार्ग) भन्ने हुन्छ । पाठ्यक्रमको शाब्दिक अर्थ अनुसार पाठ्यक्रम त्यो बाटो हो, जसमा दौडिएर विद्यार्थी आफ्नो लक्ष्य प्राप्तिमा सफल हुन्छ ।

यस प्रकार निर्धारित शैक्षिक लक्ष्य र उद्देश्य पूरा गर्न अपनाइने निर्धारित प्रक्रिया नै पाठ्यक्रम हो । पाठ्यक्रमको व्यापक अर्थले पाठ्यक्रम भित्र  निम्न पक्ष समेटिएको हुन्छ ।



# पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधार (सिद्धान्तहरू)

१. सक्षमतामा आधारित पाठ्यक्रम विकास

२. सर्वाङ्गीण बाल विकासको अवधारणा अनुरूप पाठ्यक्रम विकास
Learning to know जान्नका लागि,
Learning to do गर्नका लागि,
Learning to be बन्नका लागि,
Learning to live together मिलेर बस्न सिक्ने जस्ता पक्ष समेटेको

३. बालकेन्द्रित विकासात्मक पद्धति अनुरूप पाठ्यक्रम विकास

४. एकीकृत सिद्धान्तका आधारमा पाठ्यक्रम विकास
कक्षा १-३ सम्म एकीकृत सिद्धान्त
कक्षा ४-८ सम्म अन्तरसम्बन्धित सिद्धान्त

५. समावेशी सिद्धान्तका आधारमा पाठ्यक्रम विकास
पाठ्यक्रम विकास तथा परिमार्जन गर्दा समावेशी सिद्धान्तलाई पूर्ण रूपमा अङ्गीकार गरिने । शिक्षाले सबै खाले बालबालिकाहरू(अपाङ्गता भएका, दलित तथा विपन्न, आर्थिक रूपमा कमजोर, महिला, आदिबासी, गरिबीको रेखामुनी रहेका) सबैको विविध सिकाई चाहनाको सम्बोधन गरिने

६. स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास
मुलुकको सङ्घीय संरचना अनुकुल शासकीय स्वरूप र विविधतालाई संबोधन गर्ने गरी स्थानीय आवश्यकतामा आधारित भई पाठ्यक्रम निर्माण गरिने

७. सुचना, संचार तथा आधुनिक प्रविधिको उपयोगमा आधारित पाठ्यक्रम विकास

८. जीवनोपयोगी तथा कार्यप्रति अभिमुख पाठ्यक्रम विकास
पाठ्यक्रममा व्यवहारकुशल सीपहरू (Soft skills) लाई स्थान दिइनेछ र रोजगारी एवं स्वरोजगारीलाई जोड दिइने छ ।

९. सहभागिता मूलक पाठ्यक्रम विकास
पाठ्यक्रम विकास प्रक्रियामा अभिभावक, शिक्षक लगायत विभिन्न सबै सरोकारवालालाई सहभागी गराइने ।

१०. लचिलोपना र विविधतामा आधारित पाठ्यक्रम विकास
पाठ्यक्रम तर्जुमा गर्दा पाठ्यवस्तु, सिकाई विधि एवं प्रक्रिया र समयसबैमा लचिलोपनाको संबोधन भएको

११. नेपाली मुल्य र मान्यता तथा पूर्विय ज्ञानमा आधारित पाठ्यक्रम विकास

१२. विद्यालय पाठ्यक्रममा पूर्विय वाङ्मयका असल पक्षलाई समावेश गरेर व्यवहारिक रूपमा सिकाई सहजिकरण क्रियाकलापमा उपयोग गरिने

१३. सिकाइका प्रमुख क्षेत्रहरूको व्यवस्थापन

१४. शैक्षणिक गुणस्तर मानकको सुनिश्चितामा आधारित पाठ्यक्रम विकास

१५. खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास

# विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

२. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

८. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, सम्वर्द्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएका, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

# परिचय

## १. परिचय

नेपालको संविधानको अनुसूची- ८ मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकार प्रत्यायोजन गरिएको छ। संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य हो। नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था कार्यान्वयन भएन। आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७१ अनुसार आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा भएको प्रावधानअनुसार स्थानीय तहले विद्यालय तहमा पाठ्यक्रम १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरिएको छ। उक्त प्रारूपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रूपमा १६० घण्टा तथा कक्षा ४-८ का लागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक पाठ्यघण्टा १२८ निर्धारण गरेको छ। नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचालगायत विषयमा स्पष्ट मार्गदर्शन गरेको छ।

स्थानीय पाठ्यक्रमसम्बन्धी स्रोत सामग्री, २०६६ ले "स्थानीय सरोकारवाको आवश्यता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो।" भनी परिभाषित गरेको छ। त्यसैले स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो। उल्लिखित मान्यता बामेजिम यस पाठ्यक्रमले पनि इच्छाकामना गाउँपालिकाका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ।

आधारभूत तहको कक्षा १-८ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत पहिचान गर्ने छन्। स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्ने छन्। यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्ने छ। यस पाठ्यक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्ने अपेक्षा गरिएको छ।

इच्छाकामना गाउँपालिकाले स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि, गाउँपालिकाका सदस्य, पाठ्यक्रम विज्ञलगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त

सुझाव तथा पृष्ठपोषणको आधारमा इच्छाकामना गाउँपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदा, संस्कार र सांस्कृतिक पर्यटन, पेसा प्रविधि र उद्यमशीलता, स्वास्थ्य र सफाइ, प्रकोप, पर्यावरण र हरित विद्यालय, व्यक्ति र संस्थालगायतका विषयक्षेत्रलाई समेटेर कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम तयार गरिएको छ। यो पाठ्यक्रम शैक्षिक सत्र २०७८ देखि कक्षा १-८ सम्म लागु गरिने छ।

## २. स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १–३) को ढाँचा, २०७५ स्वीकृत भई हाल कक्षा १,२,३ र ६ मा कार्यान्वयनको क्रममा रहेको छ। एकीकृत पाठ्यक्रम देशभरिमा २०७७ सालदेखि लागु हुने छ। उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्थाअनुसार कक्षा १–३ सम्ममा पाँचओटा विषय (गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नुपर्ने प्रावधान छ। स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गर्नुपर्छ। स्थानीय पाठ्यक्रम वा मातृभाषामध्ये एक विषय छनोट गरी स्थानीय तहबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ।

बालबालिकाको सिकाइ आफ्नो वासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ। त्यसका लागि बालबालिकाहरूले आफ्नो गाउँ तथा समुदायको पहिचान गर्नुपर्दछ। त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ। स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोत सामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको सामाग्री मस्यौदा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ। राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन। यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन। अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ।

हरेक स्थानीय तहको आआफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ। केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेशअनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले इच्छाकामना गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो। स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछन् :

(क) स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तरराष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा संवर्धन गर्न

(ख) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न

(ग) स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन

(घ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न

(ङ) स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्ने

(च) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धन र विकास गर्ने सहयोग पुऱ्याउन

(छ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्ने

## ३. विषयक्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भाव हुँदैन । यस पाठ्यक्रमले इच्छाकामना गाउँपालिका क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले इच्छाकामना गाउँपालिकाभित्रका अध्ययन गर्नुपर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य तथा सफाइ र वातावरणीय क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिवृत्तिका पक्षहरूलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रूपमा निम्नलिखित विषयक्षेत्रलाई समेटेको छ :

(क) हाम्रो इच्छाकामना : इच्छाकामना गाउँपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाति, सङ्घसंस्थाहरू

(ख) प्राकृतिक स्रोत तथा सांस्कृतिक स्रोत र सम्पदा : वन जङ्गल, सामुदायिक वन, जडीबुटी, नदी, ताल, कुवा, पानीका स्रोत, ढुङ्गेधारा, डाँडाकाँडा, खानी, मठ मन्दिर, चैत्य, विहार , गुम्बा, जात्रा, पर्व, मेला ।

(ग) स्थानीय जातजाति, संस्कार र संस्कृति : जातजाति, मठ, मन्दिर, चैत्य, विहार, गुम्बा, जात्रा, पर्व, मेला, आनीबानी, मूल्य मान्यता, भाषा र वेषभूषा, गीत, सङ्गीत, बाजागाजा

(घ) ऐतिहासिक, पर्यटकीय स्थल र स्थानीय पर्यटन : उपरदाङगढी, सिराइचुली, लामो झरना, इच्छाकामना मन्दिर, त्रिशुली नदी, गुम्बा, सुरुङ

(ङ) स्थानीय पेसा उद्यमशीलता र प्रविधि : स्थानीय पेसा (कृषि विशेष), होटल व्यवसाय, व्यापार, उद्यमशीलता र प्रविधि

(च) स्वास्थ्य र सरसफाइ : सरसफाइ, स्रोत व्यवस्थापन, चर्पी, भोजन , व्यायाम, स्थानीय खेलहरू

(छ) प्रकोप, वातावरण र हरित विद्यालय : प्रकोप (आगलागी , भूकम्प, भूक्षय, बाढी, पहिरो, चट्याङ, हावाहुरी), सडक दुर्घटना, महामारी, वनवाताावरण र हरित विद्यालय

(ज) नैतिक मूल्य मान्यता, सदाचार र योग : नैतिक मूल्य मान्यता , सदाचार र योगको प्रयोग र अभ्यास

(झ) ग्रामीण विकास र शहरीकरण : ग्रामीण विकास, विकासका पूर्वाधारहरू , शहरीकरणको अवधारणा र प्रमुख बस्ती र बजार

## ४. सक्षमता

इच्छाकामना गाउँपालिकाभित्रका आधारभूत तह (कक्षा १-८) का विद्यालयका अध्यापन गराउनका लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रमको अपेक्षित सक्षमता निम्नानुसार छन् :

(क) इच्छाकामना गाउँपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाति र सङ्घसंस्थाहरू विवरण

(ख) वन जङ्गल, सामुदायिक वन, जडीबुटी, नदी, ताल, कुवा, पानीका स्रोत, ढुङ्गेधारा, डाँडाकाँडा, खानी, मठ मन्दिर, चैत्य, विहार, गुम्बा, जात्रा, पर्व, मेलाको संरक्षण र सम्बर्द्धनमा सहभागी

(ग) स्थानीय जातजाति, संस्कार र संस्कृति : जातजाति, मठ, मन्दिर, चैत्य, विहार, गुम्बा, जात्रा, पर्व, मेला, आनीबानी,

मूल्य मान्यता, भाषा र वेषभूषा, गीत, सङ्गीत, बाजागाजा, गीतसङगीतको पहिचान र अनुसरण

(घ) ऐतिहासिक र पर्यटकीय स्थल : उपरदाङगढी, सिराइचुली, लामो झरना, इच्छाकामना मन्दिर, त्रिशुली नदी, गुम्बा, सुरुङको पहिचान, संरक्षण र सम्बर्द्धन

(ङ) स्थानीय पेसा उद्यमशीलता र प्रविधि : स्थानीय पेसा (कृषि विशेष), होटल व्यवसाय, व्यापार, उद्यमशीलता र प्रविधिको प्रवर्तनात्मक उपयोग

(च) स्वास्थ्य र सरसफाइ : सरसफाइ, स्रोतव्यवस्थापन, इको सान चर्पी, भोजन, व्यायाम, स्थानीय खेलहरूसँग परिचित भई अभ्यास

(छ) प्रकोप, वातावरण र हरित विद्यालय : प्रकोप (आगलागी , भूकम्प, भूक्षय, बाढी, पहिरो, चट्याङ, हावाहुरी), सडक दुर्घटना, महामारी, वनवाताावरण र हरित विद्यालयको अवधारणा र विपद् व्यवस्थापनको अभ्यास

(ज) नैतिक मूल्य मान्यता, सदाचार र योग : नैतिक मूल्य मान्यता, सदाचार र योगको प्रयोग र अभ्यास

(झ) ग्रामीण विकास र शहरीकरण : ग्रामीण विकास, विकासका पूर्वाधारहरू, शहरीकरणको अवधारणा र प्रमुख बस्ती र बजारसँग सम्बन्धित ज्ञान हासिल

| क्र.सं. | क्षेत्र | समावेश गर्नुपर्ने विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो इच्छाकामना | इच्छाकामना गाउँपालिकाको सामान्य परिचय,<br>भौगोलिक अवस्था, साध सिमाना, जनसङ्ख्या, जातजाति, सङ्घसंस्थाहरू | इच्छाकामना गाउँपालिकाको सामान्य परिचय,<br>आफ्नो बसोबास गरेको ठाउँको परिचय | इच्छाकामना गाउँपालिकाको परिचय,<br>इच्छाकामना गाउँपालिकाको वडागत विशेषता र साँध सिमाना, | इच्छाकामना गाउँपालिकाको इतिहास | इच्छाकामना गाउँपालिकाको भौगोलिक अवस्थाको परिचय,<br>मानव बस्तीहरू | इच्छाकामना गाउँपालिकाको क्षेत्रफल<br>गाउँपालिकाको बस्ती र तिनको जनसङ्ख्या | इच्छाकामना गाउँपालिकाभित्र रहेका शैक्षिक सङ्घसंस्था तथा अन्य सङ्घसंस्थाहरू | इच्छाकामना गाउँपालिकामा उपलब्ध सेवाहरू<br>स्थानीय जनप्रतिनिधिहरू | इच्छाकामना गाउँपालिकामा व्यवस्थापिका र कार्यपालिका,<br>स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया |
| २ | प्राकृतिक स्रोत तथा सांस्कृतिक स्रोत र सम्पदा | वन जङ्गल, सामुदायिक वन, जडीबुटी, नदी, ताल, कुवा, पानीका स्रोत, ढुङ्गेधारा डाँडाकाँडा, खानी, मठ मन्दिर, चैत्य, विहार, गुम्बा, जात्रा, पर्व, मेला । | - स्थानीय जल सम्पदाको परिचय<br>-स्थानीय स्थल सम्पदाको परिचय | - प्राकृतिक स्रोतको सामान्य परिचय<br>- महत्त्वपूर्ण जडीबुटीहरू | - प्राकृतिक स्रोतको अवस्था<br>- स्थानीय सम्पदा<br>- पानीका स्रोतहरू<br>- स्थानीय क्षेत्रका प्रमुख वनजङ्गलहरू | - प्राकृतिक स्रोतको संरक्षण<br>- प्राकृतिक स्रोतको उपयोगिता | - सिमसार क्षेत्र<br>- ढुङ्गेधारा खानी, गढी किल्ला | - इच्छाकामनाको ऐतिहासिक उपरदाङगढी, सिराइचुली, इच्छाकामना मन्दिर<br>- मठ, मन्दिर, चैत्य, विहार, गुम्बा, जात्रा, पर्व, मेला | - इच्छाकामनाको ऐतिहासिक उपरदाङगढी, सिराइचुली, इच्छाकामना मन्दिरको महत्त्व र संरक्षण | - जडीबुटीको प्रशोधन र बजारीकरण जडीबुटीको महत्त्व र प्रशोधन प्रक्रिया<br>- स्थानीय प्राकृतिक स्रोत तथा सांस्कृतिक स्रोत र सम्पदा संरक्षण र तिनबाट हुने लाभ |
| ३ | स्थानीय जातजाति, संस्कार र संस्कृति | जातजाति : तामाङ, गुरुङ, मगर, ब्राह्मण, क्षेत्री, चेपाङ, नेवार, थकाली, दलित, घर्ती, भुजेल र अन्य<br>जात्रा,पर्व, मेला, आनीबानी, जातजातिको मूल्य मान्यता,<br>- भाषा र भेषभूषा, गीत, सङ्गीत, बाजागाजा,<br>- ब्रत, उपवास<br>- जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार, | स्थानीय चाडपर्वको परिचय | स्थानीय जातजातिको परिचय | स्थानीय पर्वहरूमा बजाइने विभिन्न बाजागाजा | स्थानीय क्षेत्रमा बोलिने विभिन्न जातिका भाषाहरू | इच्छाकामना गाउँपालिकामा मनाइने जात्रा, पर्व, उपवासको परिचय | चेपाङ, घर्ती, भुजेल जातिका संस्कार, संस्कृति, रहनसहन र भेषभूषाको परिचय र प्रयोग | तामाङ, गुरुङ, थकाली जातिका, संस्कार, संस्कृति, रहनसहन र भेषभूषाको परिचय र प्रयोग | ब्राह्मण, क्षेत्री मगर, नेवार दलित जातिका, संस्कार, संस्कृति, रहनसहन र भेषभूषाको परिचय र प्रयोग |

| क्र.सं. | क्षेत्र | समावेश गर्नुपर्ने विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ऐतिहासिक, पर्यटकीय स्थल र स्थानीय पर्यटन | इच्छाकामनाका ऐतिहासिक, पर्यटकीय स्थल उपरदाङगढी, सिराइचुली, लामो झरना इच्छाकामना मन्दिर, त्रिशुली र्‍याफ्टिङ, होमस्टे, होटल र अन्य पर्यटन व्यवसायहरू | - आफू बसेको वडाभित्रको पर्यटकीय स्थलको नाम भन्न । | - आफू बसेको वडाभित्रको ऐतिहासिक स्थलको परिचय र महत्त्व । | - पर्यटन व्यवसायको परिचय<br>- होटल, होमस्टे, र्‍याफ्टिङ | - आफ्नो वडामा रहेको पर्यटकीय स्थलको पहिचान र सरसफाइ | - आफ्नो वडामा रहेको पर्यटन व्यवसायको पहिचान, पाहुनाप्रति गरिने शिष्टाचारको अभ्यास | - इच्छाकामना भित्रको पर्यटकीय स्थलको पहिचान, परिचय र महत्त्व | - इच्छाकामनाभित्रको पर्यटकीय स्थलको प्रचारप्रसार र संरक्षण कार्यमा सहभागिता । | - पर्यटन व्यवसायका लागि आवश्यक आधारभूत सीप तथा व्यवस्थापकीय कार्य |
| ५ | स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | स्थानीय पेसा कृषि/अचार फ्याकट्री, उद्यमशीलता र प्रविधि | आफ्नो टोलको परम्परागत पेसाहरूको नाम र तिनमा प्रयोग हुने औजारहरूको नाम | स्थानीय स्तरमा उत्पादन हुने तरकारी, फलफूल, खाद्यान्नको सूची र स्थानीय प्रविधि | ताजा तरकारी, फलफूल, खाद्यान्नको फाइदा र खाद्य सुरक्षाका उपाय | स्थानीय प्रविधिबाट उत्पादित बस्तुहरूको सूची तयार गर्ने, स्थानीय तरकारी, फलफूलका बेर्ना उमार्ने, सार्ने, रोगबाट बचाउने तरिका | तरकारी, फलफूलमा लाग्ने रोग नियन्त्रणका लागि अर्गानिक उपाय, रासायनिक विषादी प्रयोग, यसका बेफाइदाहरू, स्थानीय स्तर मा उपलब्ध सामाग्रीको प्रयोग | स्थानीय स्तरमा हुने पुष्प खेती, तरकारी खेती, सुन्तला खेती, मौरी पालन, स्थानीय सामाग्रीमा आधारित उद्योग, अचार | स्थानीय स्तरमा पशुपालन जस्तै बाख्रापालन/ कुखुरापालन/ गाईभैंसी पालन बङ्गुरपालन<br>- कृषि र पर्यटनमा आधारित उद्योग | अर्गानिक कृषि व्यवसायको लागि स्रोत पहिचान तथा बजारीकरणका उपायहरू<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरूको पहिचा, खेती, प्रयोग र प्रशोधन |
| ६ | स्वास्थ्य, सरसफाइ र फोहर स्रोत व्यवस्थापन | स्वास्थ्य र सरसफाइ, स्रोत व्यवस्थापन, इको सान चर्पी, भोजन, व्यायाम, स्थानीय खेलहरू | - शरीरका अंगहरूको सरसफाइ<br>- घर र विद्यालयको सरसफाइ<br>- हल्का व्यायाम<br>- रुमाल लुकाइ | - शरीरको सरसफाइ गर्ने तरिका र अभ्यास<br>- घर र विद्यालयमा फालिएका बस्तुहरू निश्चित ठाउँमा राख्न<br>- स्थानीय खेलको परिचय र अभ्यास | - दिवा खाजाको आवश्यकता र महत्व<br>- व्यक्तिगत सरसामानका हिफाजत र सरसफाइ<br>- फोहोरको वर्गीकरण<br>- शारीरिक कसरतको सामान्य अभ्यास र डण्डीबियो | - स्वस्थकर खाना ,जङ्क फुड (पत्रु खाना) र यसका बेफाइदाहरू<br>- फोहर स्रोत व्यवस्थापनमा 3R को प्रयोग<br>- भाले झुधाइ खेलको अभ्यास | - विद्यालयमा दिवा खाजाको व्यवस्थापन<br>- आफ्नो टोल तथा वडाको वातावरण संरक्षणमा सहभागिता<br>- कबड्डी खेलको मै दानको रेखाङ्कन, नियम र प्रयोग विधि | - स्वच्छ पिउने पानी/मात्रा र प्रयोग<br>- फोहरलाई मोहर बनाउने अवधारणा<br>- घर तथा विद्यालयमा फोहरस्रोत व्यवस्थापनका उपायहरू अवलम्बन | - स्थानीय स्तरमा पाइने पौष्टिक खानेकुराहरूको पहिचान र प्रयोग<br>- वातावरणीय व्यवस्थापनका लागि इको सान<br>- भलिबलको परिचय र अभ्यास | - स्थानीय क्षेत्रमा उपलब्ध सन्तुलित भोजनको पहिचान र प्रयोग<br>- नकुहिने फोहरस्रोतको पुनः प्रयोगबाट सिर्जनात्मक नयाँ वस्तु जस्तै : ढक्की , माला... निर्माण |

| क्र.सं. | क्षेत्र | समावेश गर्नुपर्ने विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | प्रकोप / विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | प्रकोप (आगलागी, भुकम्प, भूक्षय, बाढी ,पहिरो, चट्याङ हावाहुरी, सडक दुर्घटना, महामारी, नदि जन्य दुर्घटना), वातावरण र हरित विद्यालय | आपत्को समयमा आफू र आफ्नो सामानको जतन<br>- बालबगैंचाको परिचय | - स्थानीय क्षेत्रमा भएका र हुन सक्ने प्रकोपविपद्को पहिचान<br>- बालबगैचाको महत्त्व | - प्रकोप / विपद्को परिचय<br>- सवारी दुर्घटना र यसका कारणहरू<br>- बालबगैचाको निर्माण | - सवारी दुर्घटनाका असरहरू,<br>- विपद्का स्वरूपहरू (आगलागी, भुकम्प, भूक्षय, बाढी, पहिरो)<br>- हरित विद्यालयको परिचय | - प्राकृतिक र मानवजन्य प्रकोप / विपद्<br>- करेसाबारीको निर्माण<br>- वृक्षारोपणको अवधारणा | - विपद् जोखिमका न्युनीकरणका उपायहरू<br>- विपद्मा रेडक्रस<br>- हरित विद्यालयको अवधारणा र अभ्यास | - स्थानीय क्षेत्रमा हुने प्रकोपको प्रकोप पात्रोको परिचय र निर्माण<br>- विपद् जोखिमको पूर्वतयारी<br>- आगलागी, भुकम्प, भूक्षय, बाढी पहिरोबाट हुने क्षति र न्युनीकरणका उपाय<br>- विपद् जोखिम उद्धारमा प्रयोग हुने सामाग्रीहरू<br>- हरियालीको संरक्षण | - विपद व्यवस्थापनको क्षेत्रमा संलग्न विभिन्न सङ्घसंस्था रेडक्रस, नेपाल प्रहरी, शसस्त्र प्रहरी, स्काउट, नेपाली सेनासँग समन्वय<br>- इको क्लब |
| ८ | ग्रामीण विकास शहरीकरण | ग्रामीण विकास, विकासका पूर्वाधारहरू, शहरीकरणको अवधारणा र प्रमुख बस्ती र बजार | मेरो गाउँ र शहर<br>- आफ्नो र परिवारको नााम, ठेगाना, छिमेकी, गाउँ र बजार | मेरो गाउँ विकासका आधारहरू<br>- मेरो गाउँको मोटरबाटो, खानेपानी, बिद्यालय, बिजुलीबत्ती, बजार र उपचार केन्द्र | इच्छाकामनाका मुख्य बस्तीहरू<br>- माझगाँउ, हात्तीवाङ, काउले, ढुंग्रे, दाहाखानी, चनौटे, तामीन, ढाला, तुन्तेष, घुर्केस,खेतबारी, सिमलढाप, भाराङ | इच्छाकामनाका मुख्य बजारहरू<br>- कुरिनटार, मुग्लिङ, कुरिनघाट, फिस्लिङ, केबलकार (चेरेस), गर्दास, चुम्लिङ | गाउँ शहर सम्बन्ध<br>- शहर र गाउँको विशेषता | ग्रामीण विकासका लागि शिक्षा<br>- इच्छाकामनाको शैक्षिक स्थिति<br>- स्थानीय तहमा शिक्षाका समस्या र समाधानका उपायहरू | इच्छाकामनाको विकासमा संलग्न सङ्घसंस्थाहरू<br>- स्थानीय सरकार, बैक तथा वित्तीय संस्था, सहकारी, गैर सरकारी संस्थाहरू, केबलकार, होटल, रिसोर्टहरू, सरकारी संस्थाहरू, टोल विकास समितिहरू, | इच्छाकामनाको विकासमा सामुदायिक सशक्तीकरण<br>- परिचय<br>- विकासमा जनसहभागिता : निती निर्माण, योजना, कार्यान्वयन |
| ९ | हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योगको परिचय र अभ्यास | गुरुहरू र साथीहरूसँग घुलमिल र सदाचारको अभ्यास | साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बाल बालिकाहरूसँग घुलमिल र आदर सत्कार | छर छिमेकी हरूसँग मित्रवत् व्यवहार, आदर, सत्कार, योगको परिचय र प्रारम्भिक अभ्यास | अभिभावक प्रतिको मर्यादा, अभिभावक हाम्रा संरक्षक, योग र खानपान | अभिभावक हाम्रा आदर्श, राष्ट्रप्रति हाम्रो कर्तव्य, योगको महत्त्व, | समाज प्रति हाम्रो भूमिका, योग ध्यानबाट स्वास्थ्यमा पर्ने सकारात्मक प्रभाव | व्यक्तिको सर्वाङगीण विकासमा अनुशासन योगको प्रकार र आसन प्रणायाम र ध्यान | योग ध्यानलाई दैनिक जीवनमा प्रयोग, सहअस्तित्व, समन्वय र सहकार्य |

# विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई प्रस्तुत गरिएको छ। क्षेत्रगत विषयवस्तु विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

## कक्षा १

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो इच्छाकामना | (क) आफू र आफ्नो ठाउँ वा वासस्थानको नाम बताउन<br>(ख) आफ्नो गाउँपालिकाको नाम र आफ्नो वडा नं. बताउन। | (क) आफू, आफ्नो परिवार र आफ्नो वास स्थान<br>(ख) गाउँपालिकाको सामान्य परिचय | (क) आफू, परिवार र आफ्नो ठाउँ वा वासस्थानको नाम<br>(ख) परिवारका सदस्य र घरमुलीको नाम र काम<br>(ग) गाउँपालिकाको नाम, वडा सङ्ख्या र आफू बस्ने वडा | १. शिक्षकले आफ्नो परिचय (नाम, परिवार र वासस्थान) बताउने र यस क्रममा पारिवारिक पृष्ठभूमि झल्किने चित्र प्रदर्शन गर्दै आफूले परिचय गरी विद्यार्थीलाई परिचय दिन लगाउने<br>२. विद्यार्थीले परिचय दिँदा कठिनाइ आइपरेमा तलका प्रश्न सोध्न, जस्तै :<br>(क) तिम्रो नाम के हो ?<br>(ख) तिम्रो घरमा को को हुनुहुन्छ ?<br>(ग) तिम्रो घरमा कति जना हुनुहुन्छ ?<br>(घ) तिमी कुन टोलमा बस्छौ ?<br>४. गाउँपालिकाको चित्र वा नक्सा प्रदर्शन गरी नाम र वडासङ्ख्या भन्न लगाउने | (क) पारिवारिक पृष्ठभूमि झल्किने चित्र<br>(ख) व्यक्तिगत तथा पारिवारिक पेसा जनाउने चित्र<br>(ग) वडा सङ्ख्या सहितको गाउँपालिकाको नक्सा वा चित्र<br>(घ) श्रव्यदृश्य सामग्री | १. विद्यार्थीले आफ्नो परिचय दिँदा नाम, परिवार र ठेगानालाईसमावेश गरेको वासस्थानका आधारमा मापन गर्ने<br>२. विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>३. छलफल, कुराकानी तथा भूमिका अभिनयमा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने<br>४. प्रश्नोत्तर तथा अन्य सन्दर्भमा गाउँपालिकाको नाम, वडा सङ्ख्या तथा आफू बस्ने वडा भने नभनेको यकिन गरी सिकाइ उपलब्धिको मापन गर्ने | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदा | क) आफ्नो वासस्थान वरपर रहेका ढुङ्गेधारा, झरना र इनार, मन्दिर, गुम्बा, गढी, किल्लाको अवलोकन भ्रमण गरी अवस्थिति बताउन<br>(ख) वासस्थान नजिकै रहेका कुवा तथा तालका बारेमा सोधखोज गरी अभिभावसँग स्थलगत भ्रमण गर्न<br>(ग) वासस्थान नजिकै रहेका खोला वा नदीका बारेमा छोटकरीमा बताउन<br>(घ) घरनजिकै रहेको डाँडामा रहेका कुरा बताउन | (क) स्थानीय जल सम्पदा<br>(ख) स्थानीय स्थल सम्पदा | (क) स्थानीय जल स्रोत ढुङ्गेधारा, झरना इनार, कुवा, ताल, खोला, नदी, मन्दिर, गुम्बा, गढी, किल्ला,<br>(ख) स्थल स्रोत खेतबारी, चउर, मैदान, वनजङ्गल, सामुदायिक वन, डाँडाकाँडा | क) ढुङ्गेधारा, इनार, झरना कुवा, ताल, खोला, मन्दिर , गुम्बा, गढी, किल्ला र नदीको तस्बिर, फोटो वा चित्र निर्माण गरी प्रदर्शन गर्ने । चित्रका आधारमा ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीको स्वरूपका बारेमा छलफल गराई इनार, कुवा र ताल तथा खोला र नदीबिचको भिन्नता बोध गराउने<br>(ख) विद्यार्थीको वासस्थान वा विद्यालय वरपर रहेका ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीको स्थलगत अवलोकन भ्रमण गर्ने गराउने<br>(ग) स्थलगत अध्ययन भ्रमणका क्रममा ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीको विशेष नाम भए नामसँग परिचित गराउने<br>(घ) ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीको अवलोकन भ्रमण गर्दा ध्यान दिनुपर्ने पक्षको जानकारी दिने, जस्तै :<br>पानीमा डुब्न सकिन्छ । पानीमा डुब्यो भने मृत्यु हुन सक्छ वा मरिन्छ ।<br>पानीको स्रोत वरिपरि विभिन्न जीवजन्तु हुन्छन् । तिनीहरूले हामीलाई टोक्न वा लखेट्न सक्छन् ।<br>खोला वा नदीले हामीलाई बगाउन सक्छन् ।<br>(ङ) घरनजिकै रहेको खेतबारी, चउर र डाँडाको अवलोकन भ्रमण गराउने,, जस्तै : डाँडामा हरियाली छ । डाँडा धेरै रुख छन् । रुखमा धेरै चरा बस्छन्। | (क) सान्दर्भिक तस्बिर वा चित्र<br>(ख) श्रव्यदृश्य सामग्री | १. ढुङ्गेधारा, झरना इनार, कुवा, ताल, खोला मन्दिर , गुम्बा, गढी, किल्ला मन्दिर र नदीका चित्र प्रदर्शन गरी नाम भन्न लगाउने<br>२. ढुङ्गेधारा, इनार, कुवा, ताल, खोला र नदीमा जाँदा अपनाउनुपर्ने सावधानी बताउन लगाई सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>३. स्थल सम्पदामा पर्ने मुख्य मुख्य कुरा भन्न लगाउने | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्थानीय जातजाति, संस्कार र संस्कृति | - स्थानीय रूपमा मनाइने चाडपर्वको सूची बनाउन<br>- आफ्नो छरछिमेकमा मनाइने चाडपवका बारेमा बताउन र सहभागी हुन | - स्थानीय चाडपर्वको परिचय | - स्थानीय स्तरमा बिभिन्न जातजातिहरूले मनाउने चाडपर्वहरू<br>दसैं, तिहार र माघे सङ्क्रान्तिको परिचय<br>- दसैं, तिहार र माघे सङ्क्रान्तिमा लगाउने लुगा र खानेकुराको नाम<br>- दसैं, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित क्रियाकलापहरू | - आफ्नो घर र छरछिमेकमा मनाइने चाडपर्वको नाम भन्न लगाउने र छलफल गराउने<br>- दसैं, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित गीत गाउन लगाउने<br>- दसैं, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित विभिन्न प्रकारका पोस्टर, चित्रहरू (जमरा राखेको, टीका लगाएको, देउसीभैलो खेलेको) देखाई छलफल गराउने<br>- दसैं, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित चाडपर्व मनाएको भिडियो देखाउने<br>- दसैं, तिहार र माघे सङ्क्रान्ति कसरी मनाइन्छ अभिनय गर्न लगाउने | - दसैं, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित गीत<br>- दसैं, तिहार र माघे सङ्क्रान्तिसँग सम्बन्धित विभिन्न प्रकारका पोस्टर, चित्र<br>- दसैं, तिहार र माघे सङ्क्रान्ति मनाएको भिडियो | - आफूले मनाउने चाडपर्वको नाम भन्न लगाउने<br>- चाडपर्वमा खाइने खानेकुराको नाम भन्न लगाउने<br>- चाडपर्व मनाउने तरिकाका बारेमा अभिनय गर्न लगाउने<br>- आफ्ना छिमेकीले मनाउने चाडपर्वको सूची बनाउन लगाउने | १५ घन्टी |
| ऐतिहासिक र पर्यटकीय स्थल र स्थानीय पर्यटन | आफू बसेको वडाभित्रका पर्यटकीय स्थलको परिचय दिन | ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थानको परिचय | आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थलहरू | आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थलहरूका सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट प्रस्तुत गर्ने<br>- आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थलहरू प्रत्यक्ष अवलोकन गराउने आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थलहरू र यसको महत्त्वका बारेमा स्थानीय विज्ञसँग छलफल गराउने | आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थलहरूको सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट स्लाइड | - आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक सांस्कृतिक स्थलहरूको बारेमा मुख्य पक्षहरू भन्न लगाउने | २० घन्टी |
| स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा बताउन<br>आफ्नो छिमेकका मानिसले गर्ने पेसाहरू बताउन<br>स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नाम बताउन | स्थानीय र परम्परागत पेसाको परिचय | आफ्नो परिवारका सदस्यहरू (आमाबुबा, काकाकाकी, दाजुदिदी आदि)ले गर्ने कामहरू<br>आफ्नो छिमेकका मानिसहरूले गर्ने पेसाहरू<br>स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नाम | - स्थानीय मानिसहरूले गर्ने विभिन्न कामको सूची बनाई विद्यार्थीहरू माझ प्रस्तुत गर्ने,, जस्तै : तरकारी खेतीमा काम गर्ने, कार्यालयमा जागीर गर्ने, पसल गर्ने, माटाका भाँडा बनाउने, सिलाइ बुनाइ गर्ने आदि<br>- विद्यार्थीहरूलाई आफ्ना घरका सदस्यहरू (आमाबुबा, काकाकाकी, दाजुदिदी आदि)ले गर्ने कामहरू के के हुन् भनी पालैपालो सोध्ने र कामसँग सम्बन्धित पेसाको नाम बताइ दिने, जस्तैः खेतबारीमा काम गर्ने कृषक, पढाउने शिक्षक, ऱ्याफ्टिङमा काम गर्ने गाइड आदि<br>स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नामको सूची बनाई फोटोसहित देखाउने<br>स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनहरू प्रत्यक्ष रूपमा देखाएर चिनाउने, जस्तै : कुटो, हलो, कोदालो आदि | स्थानीय मानिसहरूले गर्ने विभिन्न कामहरूको सूची, ब्रोसर, पोस्टर, भिडियो<br>स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नामको फोटोसहितको सूची | आफ्ना परिवारका सदस्यहरूले गर्ने कामहरूबारे बताउन लगाउने ।<br>कुनै काम गरिरहेको चित्र देखाई के गरिरहेको छ भनेर चिन्न लगाउने<br>स्थानीय औजारहरू चिन्न लगाउने<br>साधन/ औजारको साधारण प्रयोगको अभिनय गर्न लगाउने | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य, सरसफाइ र फोहरस्रोत व्यवस्थापन | - शरीरका अङ्गको सरसफाइ गर्न<br>- व्यक्ति सरसफाइको लागी आवश्यक सामग्रीको नाम भन्न<br>- सरसफाइ गर्नुपर्ने स्थानको सूची बनाउन<br>- आफ्नो र घरको सरसफाइको गर्नुपर्ने कारण भन्न<br>- स्थानीय खेल | - शरीरकाअङ्गहरूको सरसफाइको परिचय<br>- घर र विद्यालयको सरसफाइ<br>- कुनै दुई स्थानीय खेल | - नाक, मुख, आँखा, कान, कपाल, गोडा र शरीरको अन्य भागको सरसफाइ<br>- सरसफाइका सामाग्री ब्रस, मञ्जन, काँइयो, साबुन, रुमाल आदिको प्रयोग<br>- कक्षाकोठा विद्यायलय, घर तथा करेसाबारी सरसफाइ<br>- कुनै दुई स्थानीय खेलः तरिका र उपयोग | - सफा र फोहोरी बालकको फोटो देखाई दाँज्न लगाउने<br>- बालबालिकाहरू सफा भए नभएको हेरी सफा गर्नका लागि सहजीकरण गर्ने<br>- सरसफाइका सामग्रीहरू देखाउने, भन्न लगाउने र लेख्न लगाउने<br>- कक्षाकोठा तथा विद्यालयको सरसफाइ गर्नुपर्ने कारणका बारेमा छलफल गर्ने<br>- कक्षाकोठा र विद्यालय सरसफाइ गर्ने र फोहरस्रोतलाई डस्टबिनमा राख्न लगाउने<br>- सक्रियतापूर्वक खेल खेल्ने | - सफा र फोहोर बालकको तस्बिर<br>- सरसफाइका सामग्रीहरू, डस्टबिन सफा र फोहोर घर, विद्यायलयको फोटो<br>- पोस्टर, चित्र, चार्ट | - शरीर सरसफाइ गर्नका कारण विद्यार्थीहरूलाई भन्न लगाउने<br>- ब्रस, मन्जन, काँगियो, साबुन, रुमाल आदिको प्रयोग गरी सफाइ गर्न लगाई अवलोकनका आधारमा मूल्याङ्कन गर्ने<br>- कक्षाकोठा र आफू सुत्ने कोठा किन सफा राख्नु पर्छ, भन ।<br>- तिमीलाई खेल कस्तो लाग्यो ? | २० घन्टी |
| प्रकोप / विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | - गाउँपालिका भित्रको हावा पानीको परिचय दिन<br>- आपतको समयमा आफ्नो सामानको जतन गर्न<br>- विद्यालय बालबगैंचाको सामान्य परिचय दिन | - हावापानीको परिचय<br>- बाल बगैंचाको परिचय | - गर्मीजाडो हावापानी<br>- बाल बगैंचामा रोपिने विभिन्न फूलको नाम | - जाडो वा गर्मी वा तत्कालको हावापानीका बारेमा प्रश्नोत्तर गरी छलफल गन<br>- सम्भव भए फूलका बोट र नभए चित्र देखाउँदै नाम सोध्ने, बताइदिने र छलफल गराउने<br>- विद्यालय वरिपरि अवलोकन भ्रमण गराउन | - बाक्लो वा पातलो लुगा लगाएको मानिसको चित्र<br>- पानी पर्दा वा घामलाग्दा छाता ओढेको मानिसको चित्र, पोस्टर आदि<br>- स्थानीय क्षेत्रमा पाइने सयपत्री, गोदावरी, मखमली, लालुपाते, लालिगुरास, वेगमवेली, जाई, चम्पा आदिको फूल, पात वा बिरुवा वा चित्र | - जाडो समयमा लगाउने लुगाको नाम भन्न लगाउने ।<br>- गर्मी समयमा लगाउने लुगाको नाम भन्न लगाउने<br>- पानी परेको बेला वा घामलागेको घर बाहिर निस्कदा प्रयोग हुने सामानको नाम भन्न<br>- घरबाट एक एकओटा फूल वा बिरुवा ल्याई नामसहित बताउन लगाउने साथै बाल बगैंचामा रोप्न लगाउने । | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ग्रामीण विकास र सहरीकरण | - मेरो गाउँ र शहर, आफ्नो र परिवारको नाम, ठेगाना भन्न, - छिमेकी, आफ्नो गाउँ र बजारको नाम भन्ने | - मेरो गाउँ र शहर,<br>- आफ्नो र परिवार छिमेकी र आफूले किनमेल गर्ने बजार | - आफू र आफ्नो परिवार<br>- छिमेकीको अवधारणा<br>- आफ्नो गाउँ वा शहरको नाम<br>- आफ्नो गाउँ वा शहरको सामान्य परिचय<br>- सामान किनबेच गर्ने ठाउँ | - आफू र आफ्नो परिवारको बताउन<br>- छिमेककि परिवार सदस्य सङ्ख्या बताउन - छिमेकीका सदस्यको नाम भन्न<br>- आफ्नो गाउँ वा शहरको नाम भन्न<br>- आफूले किनमेल गर्ने र बस्तु सामान बिक्री गर्ने बजारको नाम बताउन । | - पविारको फोटो , चित्र, पोस्टर आदि<br>- छिमेकीको साथै सदस्य सङ्ख्या समेत झल्कने तस्विर<br>- गाउँ बजार, हाट बजारको फोटो<br>- किनमेल गरिरहेको बजारको फोटो | - आफू र आफ्नो परिवारका नाम भन्न लगाउने ।<br>- छिमेकीको नाम भन्न लगाउने<br>- चित्र देखाएर गाउँ र शहर चिन्न लगाउने<br>- सामान किनबेच गरिरहेको तस्विर देखाएर के भइरहेको छ भनी सोध्ने | १५ घन्टी |
| हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | बाबुआमा, गुरु र साथीहरूसंग घुलमिल र सदाचारको अभ्यास | - नमस्कार ,आदर, सत्कारको अभ्यास<br>- अनुशासन र मर्यादा<br>- योग र निरोगिता | - नैतिक मूल्य मान्यता, सदाचारको अवधारणा र अभ्यास | - एक आपसमा चिनजान गर्न ,<br>- विद्यार्थी विद्यार्थीबीच नमस्कार गर्न लगाई परिचय गर्न लगाउने<br>- साथीहरूसँग बोल्दा हजुर, तपाईंजस्ता आदरार्थी शब्द प्रयोग गर्न लगाउने ।<br>- कक्षाकोठामा विद्यार्थीहरूलाई शान्त मुद्रामा बस्ने अभ्यास गर्न लगाउने | - नमस्कार गरेको फोटो, चित्र , पोष्टर<br>- भिडियो , फिल्म, वृत्तचित्र | - आफू र आफ्नो साथीहरू बीच नमस्कारको अभ्यासको आधारमा मूल्याङ्कन गर्ने<br>- बाबु आमा, गुरु, साथीलाई प्रयोग हुने आदरार्थी शब्द भन ।<br>- शान्त मुद्रामा पलेटी कसेर बस । | १० घन्टी |

# विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई प्रस्तुत गरिएको छ। क्षेत्रगत विषयवस्तु विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

## कक्षा २

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो इच्छाकामना | क) इच्छाकामना. गाउँपालिकाको वरपर रहेका छिमेकी गाउँपालिका चिन्न र भन्न<br>(ख) बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर लगायत समेटी इच्छाकामना. गाउँपालिकाको विशेषता प्रस्तुत गर्न<br>ग) इच्छाकामना. गाउँपालिकाको वडागत साध सिमाना बताउन | क) इच्छाकामना. गाउँपालिकाको परिचय<br>(ख) इच्छाकामना गाउँपालिकाको वडागत विशेषता र साँध सिमाना | इच्छाकामना गाउँपालिकाका वरपर रहेका गाउँपालिका तथा नगरपालिका<br>(ख) इच्छाकामना गाउँपालिकाको विशेषता (बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर लगायत)<br>(ग) इच्छाकामना गाउँपालिकाका वडागत साध सिमाना<br>(घ) इच्छाकामना. गाउँपालिकाको वडागत विशषता | इच्छाकामना. गाउँपालिका वरपर रहेका गाउँपालिका/नगरपालिकाका नक्सा वा चित्र प्रदर्शन गर्ने। चित्र वा नक्साका आधारमा वरपरका गाउँपालिका/ नगरपालिका चिन्न र तिनका नाम भन्न लगाउने<br>(ख) प्रदर्शित नक्सा वा चित्र, जस्तै : गरी चित्र वा नक्सा कोर्न लगाउने<br>(ग) कोरिएको नक्सामा बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर लगायत पक्ष समावेश गर्न लगाउने। यस कार्यमा विद्यार्थीहरूलाई शिक्षकले आवश्यकता अनुसार सहजीकरण गर्ने तथा नमुना प्रदर्शन गरी इच्छाकामना. गाउँपालिको वडागत साध सिमाना बताउन लगाउने | वरपरका गाउँपालिका/ नगरपालिकासहितको इच्छाकामना. गाउँपालिकाको नक्सा वा चित्र<br>(ख) इच्छाकामना. गाउँपालिकाको विशेषता समेटिएको सूची (श्रव्यदृश्य सामग्री) | प्रदर्शित नक्सा वा चित्रका आधारमा इच्छाकामना. गाउँपालिकाको वरपरका गाउँपालिका/नगरपालिका पहिचान गरे नगरेका आधारमा लेखाजोखा गर्ने<br>(ख) प्रदर्शित गरिएको चित्र वा नक्सा कोरे नकोरेको अवलोकन गर्ने<br>(ग) कोरिएको नक्सामा बस्ती वा सहर, नदीनाला, वनजङ्गल, मठमन्दिर, साध सिमाना सही ढङ्गले राखे नराखेको हेरी सिकाइको मूल्याङ्कन गर्ने<br>(घ) विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने<br>(ङ) छलफल, कुराकानी तथा भूमिका अभिनयमा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदा | - प्राकृतिक स्रोतको परिभाषा बताउन<br>- प्राकृतिक स्रोतका प्रकार बताई उदाहरण प्रस्तुत गर्न<br>- खेतबारी तथा स्थानीय वन जङ्गलमा पाइने बोटबिरुवा तथा जडीबुटी सङ्कलन गरी नाम बताउन उपलब्ध बोटबिरुवा पहिचान गरी अभिभावक तथा शिक्षकको सहयोगमा तिनीहरूको काम बताउन<br>(ङ) मन्दिर, गुम्बा, गुफा वरपर रहेका प्राकृतिक स्रोत चिन्न र भन्न<br>(च) जानकार व्यक्तिको सहयोग लिई मन्दिर, गुम्बा, गुफा र प्राकृतिक स्रोतको सम्बन्ध बताउन | (क) प्राकृतिक स्रोतको सामान्य परिचय<br>(ख) मन्दिर, गुम्बा, गुफा र प्राकृतिक स्रोतको सम्बन्ध<br>- महत्त्वपूर्ण जडीबुटीहरू | - प्राकृतिक स्रोतको अर्थ, परिभाषा र प्रकार<br>(ख) स्थानीय जडीबुटीको रूपमा प्रयोग हुने बोटबिरुवाको नाम र काम<br>(ग) मन्दिर, गुम्बा र गुफा वरपर रहेका प्राकृतिक स्रोत<br>(घ) मन्दिर, गुम्बा, गुफा र प्राकृतिक स्रोतको सम्बन्ध । | क) प्राकृतिक स्रोतको अर्थ र परिभाषा लेखी कक्षामा प्रदर्शन गर्ने र यसबाट मौलिक परिभाषा बनाउन विद्यार्थीलाई उत्प्रेरित गर्ने । यस क्रममा विभिन्न उदाहरण दिदै सिकाइलाई सहज र प्रभावकारी बनाउने<br>(ख) प्राकृतिक स्रोतका प्रकार र तिनका विभिन्न उदाहरण प्रस्तुत गरी त्यसका आधारमा प्रश्नोत्तर तथा छलफल गर्ने गराउने<br>(ग) खेतबारी तथा स्थानीय वन जङ्गलमा पाइने बिरुवा, पात डाँठ, जरालगायत सङ्कलन तथा प्रदर्शन गर्न लगाउने, प्रदर्शन गरिएका जडीबुटीका नाम पनि भन्न लगाउने, यस कुवा, ताल, खोला र नदीको अवलोकन भ्रमण गर्दा ध्यान क्रममा धेरैभन्दा धेरै जडीबुटी सङ्कलन गर्न हौसला प्रदान गर्ने<br>(घ) उपलब्ध बोटबिरुवा र तिनले गर्ने काममा आधारित भई परियोजना कार्य गर्न लगाउने, यस क्रममा अभिभावक तथा शिक्षक स्वयम्ले सहयोगीको भूमिका निर्वाह गर्ने, यस्तो कार्य विद्यार्थीलाई एकल वा समूहमा गराउने, परियोजनाका कार्यको प्रगति वा प्रतिवेदन कक्षामा प्रस्तुत गर्ने, यसका आधारमा कक्षामा अन्तर्क्रिया पनि गर्ने लगाउने<br>(ङ) स्थानीय बोटबिरुवाको तस्बिर खिची वा उस्तै चित्र निर्माण गरी कक्षामा प्रस्तुत गर्न लगाउने, एकले बनाएको चित्रको नाम अर्को विद्यार्थीलाई भन्न लगाउने | (क) सान्दर्भिक तस्बिर वा चित्र<br>(ख) श्रव्यदृश्य सामग्री<br>(ग) स्थानीय बोटबिरुवा | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. प्रश्नोत्तर गरेर<br>४. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>५. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>६. आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्थानीय जातजाति, संस्कार र संस्कृति | - स्थानीय प्रमुख जातजाति भन्न र सूची बनाउन | - स्थानीय जातजातिको परिचय | - स्थानीय प्रमुख जातजातिहरू गुरुङ, थकाली, तामाङ, ब्राह्मण, क्षेत्री, चेपाङ, घर्ती, भुजेल, दलित, नेवार ,मगर को चिनारी | - स्थानीय प्रमुख जातजातिहरू गुरुङ, थकाली, तामाङ, ब्राह्मण, क्षेत्री , चेपाङ, घर्ती, भुजेल, दलित, नेवार, मगर चिनिने चित्र, पोस्टर, भिडियो देखाई प्रश्नोत्तर गर्ने<br>- जातिगत पोशाक देखाई कुन जातिको भनी सोध्ने<br>- जातिगत उत्सव, पर्वमा नजिकै क्षेत्रभ्रमण गराउने | - स्थानीय प्रमुख जातजातिहरू गुरुङ, थकाली, तामाङ, ब्राह्मण, क्षेत्री, चेपाङ, घर्ती, भुजेल, दलित, नेवार, मगर चिनिने चित्र, पोस्टर,<br>- पावर पोइन्ट स्लाइड | - स्थानीय प्रमुख जातजातिको नाम भन्न लगाउने<br>- स्थानीय प्रमुख जातजातिको पोशाक देखाइ कुन जातिको हो भन्न लगाउने | १५ घन्टी |
| ऐतिहासिक र पर्यटकीय स्थल र स्थानीय पर्यटन | - इच्छाकामनामा लाग्ने पञ्चमी मेला तथा महोत्सवको समय र स्थान बताउन<br>- आफू बसेको वडाभित्रको ऐतिहासिक, धार्मिक स्थल र पर्यटकीय स्थलको नाम भन्न र महत्त्व बताउन | - आफू बसेको वडाभित्रको ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थानको परिचय र महत्त्व | - आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थलहरू<br>- स्थानीय पर्यटकीय स्थलहरू | - आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थलहरूका सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट प्रस्तुत गर्ने<br>- आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थलहरू प्रत्यक्ष अवलोकन गराउने र प्रश्नोत्तर गर्ने<br>आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थलहरू र यसको महत्त्वका बारेमा स्थानीय विज्ञसँग छलफल र अन्तक्रिया गराउने | - आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थलहरूको सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट स्लाइड | - आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक सांस्कृतिक स्थलहरूको बारेमा मुख्य पक्षहरू भन्न लगाउने | २० घन्टी |
| स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | - स्थानीय स्तरमा उत्पादन हुने तर कारी, फलफूल, खाद्यान्नको सूची बनाउन<br>- स्थानीय प्रविधिको परिचय बताउन | - स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नहरू<br>- स्थानीय स्तरमा उत्पादन हुने तरकारी, फलफूलहरू | आफ्नो टोल, छरछिमेकमा उत्पादन गरिने तरकारी, फलफूल, खाद्यान्नहरू | - विद्यालय नजिकको कुनै गाउँको अवलोकन भ्रमण गराई त्यहाँका मानिसहरूले के के खेती गरेका रहेछन् देखाई बताइदिने र स्थानीय क्षेत्रमा मानिसहरूले गर्ने खेतीहरूहरूको सूची बनाई प्रस्तुत गर्ने<br>- स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरूको प्रदर्शनी गर्ने वा फोटो देखाउने । | - स्थानीय मानिसहरूले उत्पादित तर कारी, फलफूल, खाद्यान्नहरूको सूची, ब्रोसर, पोस्टर, भिडियो<br>- स्थानीय पेसामा प्रयोग हुने औजार वा साधनको नामको फोटोसहितको सूची | - आफ्नो विद्यालयवरि परिको गाउँ/सहरमा बस्ने मानिसहरूले गर्ने खेतीहरूको सूची बनाउन लगाउने<br>- तिम्रो परविार, छिमेकमा गरिएका खेतीको सूची बनाऊ । | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य, सरसफाइ र फोहरस्रोत व्यवस्थापन | - व्यक्ति सरसफाइ गर्ने सामग्रीको महत्त्व बताउन<br>- आफ्नो शरीरको सरसफाइ गर्न<br>- दैनिक गरिने सरसफाइको सूची बनाउन<br>- घर र विद्यालयमा फालिएका फोहरमैलालाई डस्टबिनमा राख्ने बानीको अभ्यास गर्न<br>- स्थानीय खेलहरू भन्न र खेल्न | - शरीरका अङ्गहरूको सरसफाइको परिचय<br>- घर र विद्यालयको सरसफाइ<br>- चर्पीको प्रयोग<br>- कुनै दुई स्थानीय खेल | - नाक, मुख, आँखा, कान, कपाल, गोडा र शरीरको अन्य भागको सरसफाइ<br>- सरसफाइका सामाग्री ब्रस, मञ्जन, काँइयो, साबुन, रुमाल आदिको प्रयोग<br>- चर्पीको उचित प्रयोग<br>- कक्षाकोठा विद्यायलय, घर तथा करेसाबारी सरसफाई<br>- कुनै दुई स्थानीय खेलः तरिका र उपयोग | - सफा र फोहोरी बालकको फोटो देखाई दाँज्न लगाउने<br>- बालबालिकाहरू सफा भए नभएको हेरी सफा गर्नका लागि सहजीकरण गर्ने<br>- सरसफाइका सामग्रीहरू देखाउने, भन्न लगाउने र लेख्न लगाउने<br>- कक्षाकोठा तथा विद्यालयको सरसफाइ गर्नुपर्ने कारणका बारेमा छलफल गर्ने<br>- कक्षाकोठा र विद्यालय सरसफाइ गर्ने र फोहरस्रोतलाई डस्टबिनमा राख्न लगाउने ।<br>- सक्रियतापूर्वक खेल खेल्ने<br>- चर्पीको उचित प्रयोग गर्न लगाउने | - सफा र फोहोर बालकको तस्बिर<br>- सरसफाइका सामग्रीहरू ब्रस, मञ्जन, काँगियो, साबुन, रुमाल, डस्टबिन<br>- सफा र फोहोर घर, विद्यायलयको फोटो<br>- व्यवस्थित चर्पीको फोटो<br>- पोस्टर, चित्र, चार्ट, एनिमेटेड चित्र, फिल्म | - शरीर सरसफाइ गर्नका कारण विद्यार्थीहरूलाई भन्न लगाउने<br>- ब्रस, मन्जन, काँगियो, साबुन, रुमाल आदिको प्रयोग गरी सफाइ गर्न लगाई अवलोकनका आधारमा मूल्याङ्कन गने<br>- चीको प्रयोग किन गर्नुपर्छ ? भन ।<br>- कक्षाकोठा र आफू सुत्ने कोठा किन सफा राख्नु पर्छ, भन ।<br>- तिमीलाई खेल कस्तो लाग्यो ? भन । | २० घन्टी |
| प्रकोप/ विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | - प्रकोप/विपद्को परिचय बताउन ।<br>- विद्यालय बाल बगैंचाको आवश्यकता र महत्त्व बताउने | - प्रकोपको सामान्य परिचय<br>- बाल बगैंचाको आवश्यकता र महत्त्व | - स्थानीय सडक, पहिरो जाने स्थानहरू, डाँडापाखा, नदी खोलाहरू जस्तैः त्रिशुली, रिग्दी, हरिहर खोला, खगेरी बारबाङ लगायतमा हुनसक्ने प्रकोप बारे जानकारी ।<br>- विद्यालय बाल बगैंचाको परिचय<br>- बाल बगैंचा बनाउनुपर्ने कारण<br>- विद्यालय बाल बगैंचाबाट हुने फाइदा | - स्थानीय नदी, खोला,सडकहरूको भ्रमण गराई त्यहाँ देखिएका प्रकोपहरूको सुची बनाई प्रस्तुत गर्ने जस्तै : नदी, खोला,सडकहरूको पहिरो, बन आगलागी, भूकमपले भत्काएको संरचना आदि ।<br>- विभिन्न प्रकोपजन्य फोटोहरू देखाई कुन प्रकारको प्रकोप हो बताउन लगाउने<br>- बगैंचामा रोपिने बिरुवाहरूको नाम उदाहरण दिई प्रस्तुत गर्ने<br>- विद्यालय बालबगैंचा बनाउनुपर्ने कारणको सूची प्रस्तुत गर्ने<br>- बाल बगैंचाबाट हुने फाइदाहरू छलफल गराउने<br>- विद्यालयमा रहेको बाल बगैंचामा अवलोकन भ्रमण गराउने | - प्रकोप झल्कने फोटो, तस्बिर, वृत्तचित्र, फिल्म, पावर प्वाइन्ट स्लाइडहरू<br>- बाल बगैंचाको चित्र, पोस्टर<br>- स्थानीय क्षेत्रमा पाइने सयपत्री, गोदावरी, मखमली, लालुपाते, लालिगुरास, वेगनवेली, जाई, चम्पा आदिको फूल, पात | - आफ्नो घर टोल वरिपरि भएका प्रकोपको सूची बनाउन लगाउने<br>- विभिन्न प्रकोपजन्य फोटोहरू देखाइ पहिचान गर्न लगाउने<br>- घरवाट पाँचओटा फूल वा बिरुवा ल्याई नामसहित वताउन लगाउने साथै बाल बगैंचामा रोप्न लगाउने | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ग्रामीण विकास र सहरीकरण | - मेरो गाउँ विकासका आधारहरूः मेरो गाउँको मोटरबाटो, बिजुली, खानेपानी, विद्यालय, उपचार केन्द्र, बजारको अवधारणा बताउन। | गाउँको मोटरबाटो, बिजुली, खानेपानी, विद्यालय, उपचार केन्द्र, बजार | - गाउँका मुख्यमुख्य सडक बाटोहरू<br>- खानेपानीका स्रोत र योजनाहरू<br>- बालबालिका पढ्ने विद्यालयहरू<br>- बिजुलीबत्ती<br>- किनमेल गर्ने बजार र बिरामी हुँदा उपचार गर्ने ठाउँ | - गाउँमा भएका विकासका पूर्वाधारहरूको नाम भन्न लगाउने<br>- आफू पढ्ने विद्यालय, उपचार गर्ने केन्द्रको नाम भन्न लगाउने।<br>- विकासका पूर्वाधारहरूको चित्र/ नक्सा बनाउन लगाउने<br>- आफूले किनमेल गर्ने र बस्तु सामान बिक्री गर्ने बजारको नाम बताउन लगाउने | - विकासका पूर्वाधार हरूको चित्र/ नक्सा पोस्टर आदि<br>- पूर्वाधार सम्बन्धी भिडियो, फिल्म, वृत्तचित्र<br>- किनमेल गरिरहेको बजारको फोटो | - विकासका पूर्वाधारहरूको नाम भन।<br>- आफू पढ्ने विद्यालये नाम भन्न लगाउने<br>- तिम्रो घरदेखि विद्यालयसम्मको बाटोको चित्र बनाऊ। आदि। | १५ घन्टी |
| हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | साथीहरू, गुरुहरू परिवारका सदस्यहरू र छिमेकी बालबालिकाहरूसग घुलमिल हुन र आदर सत्कार गर्न सक्ने हुन। | - साथीहरू, गुरुहरू परिवारका सदस्यहरू र छिमेकी बाल बालिकाहरूसग घुलमिल हुन र आदर सत्कार योगको सामान्य अभ्यास | - विद्यालयमा गुरु, गुरुआमाहरूलाई, परिवारमा मान्यजनहरूलाई गरिने आदर सत्कार तथा अभिवादन<br>- नाता, सम्बन्ध अनुसार फरक फरक व्यक्तिलाई गरिने फरक फरक अभिवादन | - आफ्ना गुरु, बाबुआमा र मान्यजन तथा साथीभाइहरूलाइ आदर सत्कार अभिवादन गर्न लगाउने<br>- साथीहरूसँग बोल्दा हजुर, तपाईंजस्ता आदरार्थी शब्द प्रयोग गर्न लगाउने<br>- कक्षाकोठामा विद्यार्थीहरूलाई शान्त मुद्रामा बस्ने अभ्यास गर्न लगाउने<br>- अभिवादनका क्रियाकलापहरूलाई पटकपटक अभ्यास गर्न लगाउने<br>- लामो श्वास लिने र केही छिन रोकी श्वास छाड्ने अभ्यास गराउने | - आदर सत्कार अभिवादनका फोटो, तस्विर | - आफू र आफ्नो साथीहरू बीच नमस्कारको अभ्यासको आधारमा मूल्याङ्कन गर्ने<br>- बाबु आमा, गुरुलाई कसरी सम्मान आदर र अभिवादन गर्छौ ? भन।<br>- लामो श्वास लिने र केही छिन रोकी श्वास छोड भनी निरीक्षण तथा मूल्याङ्कन गर्ने | १० घन्टी |

# विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई प्रस्तुत गरिएको छ। क्षेत्रगत विषयवस्तु विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

## कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो इच्छाकामना | - इच्छाकामना गाउँपालिकाको नामाकरण विषयवस्तु बोध गरी आवश्यकता र सन्दर्भका आधारमा वर्णन गर्न | - इच्छाकामना गाउँपालिकाको इतिहास | - इच्छाकामना गाउँपालिकाको नामाकरण<br>- इच्छाकामना मन्दिरमा मनाइने जात्रा, मेला, पर्व | - इच्छाकामना गाउँपालिकाको उत्पत्तिका बारेमा स्थानीय अभ्यासमा रहेको कथन, घटना र प्रसङ्ग सुनाइ त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने, इच्छाकामना गाउँपालिकाको इतिहास समेटिएका शिलालेख, ताम्रपत्र लगायतका सामग्री प्रदर्शन गरी तिनीहरूको अध्ययन गर्न लगाउने<br>- इच्छाकामना गाउँपालिकाको धार्मिक, ऐतिहासिक पक्ष समेटिएको मुद्रित तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरी अन्तरक्रिया गर्न लगाउने | - शिलालेख, ताम्रपत्र, ऐतिहासिक पक्ष समेटिएको मुद्रित तथा श्रव्यदृश्य सामग्री,<br>- विभिन्न जात्रा, मेला, पर्वमा पाइने विशेष खाद्य परिकार वा तिनका चित्र | (क) निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोत्तर गरेर<br>(ख) सिकाइ सहजीकरणका क्रममा छलफल (युगल, सामूहिक) मा सहभागिता समूहकार्यमा सक्रियताको अवलोकन तथा लेखाजोखा गरेर<br>(ग) निर्दिष्ट सूचीको प्रस्तुतिका आधारमा सिकाइको मूल्याङ्कन गर्ने<br>(घ) लिखित अभ्यास गर्न लगाउने | २० घन्टी |
| प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदा | (क) प्राकृतिक स्रोतको अवस्था अवलोकन गरी त्यसको चित्रण र प्रस्तुति गर्न<br>(ख) प्राकृतिक स्रोतको महत्त्व बोध गरी मौखिक तथा लिखित रूपमा अभिव्यक्त गर्न | (क) प्राकृतिक स्रोतको अवस्था<br>(ख) स्थानीय प्रमुख बनजङ्गल | (क) प्राकृतिक स्रोतको वितरणको अवस्था<br>(ख) प्राकृतिक स्रोतको महत्त्व<br>(ग) स्थानीय बनजङ्गलको परिचय<br>(घ) स्थानीय बनजङ्गलको महत्त्व | इच्छाकामना गाउँपालिकाको प्राकृतिक स्रोतका नाम र यिनीहरूको वितरणको अवस्था चित्रण हुने नक्सा, चित्र वा तालिका बनाई कक्षामा प्रस्तुत गर्ने, उक्त नक्सा, चित्र वा तालिकाका आधारमा छलफल तथा प्रश्नोत्तर गर्न लगाउने। नक्सा, चित्र वा तालिकामा केही थपघट गर्नुपर्ने भएका सोका लागि विद्यार्थीलाई उत्प्रेरित गर्ने,<br>(ख) कक्षामा छलफल गरिएका स्रोतअनुसार विद्यार्थीको समूह निर्माण गरी स्थलगत अध्ययन भ्रमण गर्न र सोका आधारमा प्रतिवेदनका लागि परियोजना कार्य प्रदान गर्ने, यसका लागि विद्यार्थी आफ्नो पायक पर्ने स्थानका स्रोत वा भिन्न स्थानका स्रोत वा मिश्रित हुने गरी विद्यार्थीको समूह बनाई समूहमा काम गर्न उत्प्रेरित गर्ने | (क) सान्दर्भिक तस्बिर वा चित्र<br>(ख) श्रव्यदृश्य सामग्री<br>(ग) स्थानीय बनजङ्गल, बोटबिरुवा | १. विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>३. प्रश्नोत्तर गरेर<br>४. कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>५. व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर | २० घन्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (ग) अभिभावक, शिक्षक वा अन्य जानकार व्यक्तिको सहयोग लिई स्थानीय बनजङ्गलको बारेमा जानकारी हासिल गरी छोटकरी बताउन<br>(घ) स्थानीय बनजङ्गलको महत्त्व बोध गरी बुँदागत रूपमा प्रस्तुत गर्न | | | (ग) समूहको प्रतिवेदनलाई समेटी शिक्षकले इच्छाकामना गाउँपालिकाभित्रको प्राकृतिक स्रोत अवस्था पुनः बताइदिने<br>(घ) दैनिक कार्यव्यवहार तथा स्वस्थ जीवन शैलीका लागि प्राकृतिक स्रोतको महत्त्व बताई त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने, छलफल तथा प्रश्नोत्तरलाई मौखिक तथा लिखित दुवै रूपमा अभ्यास गराउने, उक्त अभ्यासका उत्पादनलाई स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन तथा समूह मूल्याङ्कन गर्ने वा गराउने अवसर प्रदान गर्ने<br>(ङ) इच्छाकामना गाउँपालिकाको बनजङ्गलको विभिन्न सामग्री वितरण वा प्रदर्शन गरी तिनीहरूको अध्ययन गर्न लगाउने<br>(च) विद्यार्थीको पूर्वज्ञान, अनुभव र अध्ययन गरिएका सामग्रीका आधारमा बनजङ्गलको मौलिक परिचय निर्माण तथा प्रस्तुत गर्न सहयोग गर्ने<br>(छ) परिचय निर्माणका क्रममा आएका विषयवस्तु समेटी यसको महत्त्व सम्बद्ध विषयवस्तु टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>(ज) उल्लिखित कार्य गर्दा सूचना प्रविधिलाई माध्यमका रूपमा उपयोग गरी उपलब्ध श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने, विषयवस्तुलाई थप स्पष्ट पार्न आवश्यकतानुसार सामग्री निर्माण र प्रयोग पनि गर्ने गराउने | | ६. आत्म विश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर<br>७. प्रतिवेदन तयार गर्न लगाई त्यसको मूल्याङ्कन गरेर | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्थानीय जातजाति, संस्कार र संस्कृति | - स्थानीय पर्वहरूमा बजाइने विभिन्न बाजागाजाहरूको परिचय बताई सूची बनाउन | - स्थानीय पर्वहरूमा बजाइने विभिन्न बाजागाजाहरूको परिचय र सूची | स्थानीय प्रमुख जातजातिहरू गुरुङ, थकाली, तामाङ, ब्राह्मण, क्षेत्री , चेपाङ, घर्ती, भुजेल, दलित, नेवार, मगर को विभिन्न पर्वहरूमा बजाइने बाजागाजाहरूको चिनारी | - स्थानीय प्रमुख जातजातिहरू गुरुङ, थकाली, तामाङ, ब्राह्मण, क्षेत्री, चेपाङ, घर्ती, भुजेल, दलित, नेवार, मगर आदिको स्थानीय पर्वहरूमा बजाइने विभिन्न बाजागाजाहरूको चित्र, पोस्टर, भिडियो देखाई प्रश्नोत्तर गर्ने<br>- विभिन्न बाजागाजाहरूको चित्र, पोस्टर देखाई कुन जातिको भनी सोध्ने<br>- जातिगत उत्सव, पर्वमा क्षेत्र भ्रमण गराउने | - स्थानीय प्रमुख जातजातिहरू गुरुङ, थकाली, तामाङ, ब्राह्मण, क्षेत्री, चेपाङ, घर्ती, भुजेल, दलित, नेवार, मगर आदि<br>- जातिको स्थानीय पर्वहरूमा बजाइने विभिन्न बाजा गाजाहरूको चित्र, पोस्टर,<br>- पावर पोइन्ट स्लाइड | - स्थानीय प्रमुख जातजातिको बाजागाजाहरूको नाम भन्न लगाउने<br>- स्थानीय प्रमुख जातजातिको पोशाक तथा बाजागाजाहरू देखाइ कुन जातिको हो भन्न लगाउने | १५ घन्टी |
| ऐतिहासिक र पर्यटकीय स्थल र स्थानीय पर्यटन | - इच्छाकामनामा रहेको पर्यटन व्यवसायको परिचय दिन<br>- होटल, होमस्टे च्याप्टिङको बारे बताउन र परिचित हुन् | इच्छाकामनामा रहेको पर्यटन व्यवसायहरू<br>- होटल, होमस्टे च्याप्टिङ | - आफू बसेको वडाभित्रको प्राकृतिक धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थलहरू<br>- स्थानीय पर्यटकीय स्थलहरू<br>- इच्छाकामनामा रहेका विभिन्न पर्यटन व्यवसाय जस्तैः होटल, होमस्टे च्याप्टिङ | इच्छाकामना गाउँपालिका र आफू बसेको वडाभित्रको पंटकीय स्थलहरूका सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट प्रस्तुत गर्ने<br>- आफू बसेको वडाभित्रका ऐतिहासिक तथा पर्यटकीय स्थलहरू प्रत्यक्ष अवलोकन गराउने र प्रश्नोत्तर गर्ने, आफू बसेको वडाभित्रको होटल, होमस्टे र यसको महत्त्ववका बारेमा स्थानीय विज्ञसँग छलफल र अन्तक्रिया गराउने च्याप्टिङ सामान्य अवधारणा श्रव्यदर्श्यकमे माध्यमबाट गराउने | इच्छाकामना गाउँपालिका र आफू बसेको वडाभित्रको ऐतिहासिक र पर्यटकीय स्थलहरूको सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट स्लाइड | - इच्छाकामना गाउँपालिका र आफू बसेको वडाभित्रको ऐतिहासिक र पर्यटकीय स्थलहरूको बारेमा मुख्य पक्षहरू भन्न लगाउने | २० घन्टी |
| स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | - स्थानीय स्तरमा उत्पादन हुने ताजा तरकारी, फलफूल, खाद्यान्नबाट हुने फाइदा बताउन ।<br>- स्थानीय स्तरमा उत्पादन हुने ताजा तरकारी, फलफूल, खाद्यान्नबाट प्राप्त हुने पौष्टिक तत्वको संरक्षण गर्न । | - स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नहरू<br>- स्थानीय स्तरमा उत्पादन हुने तरकारी, फलफूलहरू<br>- ताजा तरकारी,फलफूल, खाद्यान्नबाट प्राप्त हुने पौष्टिक तत्वको सुरक्षा | आफ्नो टोल , छरछिमेकमा उत्पादन गरिने तरकारी, फलफूल, खाद्यान्नहरूको फाइदा<br>- तरकारी, फलफूल, खाद्यान्नहरूलाई काट्ने तरिका, ताछ्ने तरिका, भण्डारण गर्ने तरिका, चामल पखाल्ने तरिका,<br>- खाद्य पदार्थलाई धेरै तार्ने, भुट्ने गर्न नहुने अवधारणा | प्रविधिको उपयोग गरी विभिन्न युटुब , टि.भी. मार्फत प्रस्तुत गर्ने,<br>- शिक्षक स्वयमूले कक्षाकोठामा प्रदर्शन गरी देखाउने र अन्तर्क्रिया गराउने<br>- प्रयोगात्मक र परियोजना कार्य गर्ने गराउने<br>- आफ्नो टोल, छरछिमेकमा उत्पादन गरिने तरकारी, फलफूल, खाद्यान्नहरूको फाइदाको बारेमा बताउने | स्थानीय मानिसहरूले उत्पादन गरेका तरकारी, फलफूल, खाद्यान्नहरूको सूची, ब्रोसर, पोस्टर, भिडियो, श्रव्यदृश्य सामाग्री, चक्कु, चुलेसी | - कक्षाकोठामा सामान्य प्रयोगात्मक कार्य गर्न लगाई मूल्याङ्कन गर्ने<br>- घरमा चामल धोएको, तरकारी काटेको विषयमा परियोजना कार्य दिई सो को मूल्याङ्कन गर्ने<br>- खानेकुराको पौष्टिक तत्वको संरक्षण कसरी गर्न सकिन्छ भनी सोध्ने<br>- ताजा फलफूल , तरकारीबाट हुने फाइदा बारे बताउन लगाउने | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य, सरसफाइ र फोहरस्रोत व्यवस्थापन | - दिवा खाजाको आवश्यकता र महत्त्व बताउन।<br>- व्यक्तिगत सरसामानको हिफाजत र सरसफाइ गर्न<br>- फोहरमैलालाई कुहिने र नकुहिने गरी वर्गीकरण गर्न<br>- शारीरिक अभ्यास गर्न र डण्डीबियो खेल्न | - दिवा खाजाको आवश्यकता र महत्त्व<br>- व्यक्तिगत सरसामानको हिफाजत र सरसफाइ<br>- फोहरमैलाको वर्गीकरण<br>- शारीरिक अभ्यास र डण्डीबियो | - दिवा खाजाको आवश्यकता र महत्त्व बताउन<br>- व्यक्तिगत सरसामानको हिफाजत र सरसफाइ गर्न<br>- फोहरमैलालाई कुहिने र नकुहिने गरी वर्गीकरण गर्न<br>- शारीरिक अभ्यास गर्न र डण्डीबियो खेल्न। | दिवा खाजाको आवश्यकता र महत्त्व बताउन लगाउने ।<br>- व्यक्तिगत सरसामानको हिफाजत र सरसफाइ गर्ने तरिकाको बारेमा छलफल गर्ने गर्न लगाउने ।<br>- दुईओटा डस्टबिनको प्रयोग गरी फोहरमैलालाई कुहिने र नकुहिने गरी छुट्याउन लगाउने ।<br>- हल्का शारीरिक अभ्यास गरेर डण्डीबियो खेल्न वार्म अप गराउने।<br>- समूह निर्माण गरी डण्डीबियो खेलाउने। | दिवा खाजा<br>विद्यालयमा तयार गरी विद्यार्थीको सहभागिता दिवा खाजाको नमूना<br>- पोस्टर, चित्र, चार्ट ,<br>- डण्डी र बियो | - दिवा खाजा खान लगाउने र कस्तो लाग्यो सोध्ने<br>- दिवा खाजा खाँदा हुने फाइदा भन<br>डण्डीबियो खेलको सक्रिय सहभागिता हेरी मूल्याङ्कन गर्ने<br>डण्डीबियो खेल्ने तरिका बताऊ।<br>- तिमीलाई खेल कस्तो लाग्यो ? | २० घन्टी |
| प्रकोप/ विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | - प्रकोप/विपद्को परिचय बताउन<br>- सडक दुर्घटना र यसकका कारणहरू बताउन<br>- विद्यालय बाल बगैँचाको निर्माण गर्न | - प्रकोप/विपद्को परिचय<br>- सडक दुर्घटना र यसकका कारणहरू<br>- विद्यालय बाल बगैँचाको निर्माण | प्रकोप/विपद्को परिचय बताउन लगाउने।<br>- सडक दुर्घटना र यसका कारणहरू बताउने।<br>- ट्राफिक सङ्केतहरूको बारे बताइदिने।<br>- विद्यालय बाल बगैँचाको निर्माण गर्ने अभ्यास गराउने। | - प्रकोप/विपद्को फोटो, तस्बिर, फिल्म देखाउँदै प्रकोप/विपद्को परिचय बताइदिने<br>- सडक दुर्घटना र यसका कारणहरू बताउने<br>- ट्राफिक सङ्केतहरूको बारे बताइदिने<br>- जेब्रा क्रसिङको सङ्केतको बारेमा बताइदिने<br>- ट्राफिक प्रहरीद्धारा कक्षा लिन लगाई जेब्रा क्रसिङबाट हिड्ने अभ्यास गराउने<br>- सडकमा प्रयोग हुने रातो, हरियो र पहेलो रङ्गको सडक संकेत बत्तीको बारेमा जानकारी गराउने<br>- विद्यालय बाल बगैँचाको निर्माण गर्ने अभ्यास गराउने | - प्रकोप झल्कने फोटो, तस्बिर, वृत्तचित्र, फिल्म, पावर प्वाइन्ट स्लाइडहरू<br>- विभिन्न ट्राफिक सङ्केतहरूको तस्विर<br>- बाल बगैँचाको चित्र, पोस्टर, विभिन्न प्रकारका फूल, बोटबिरुवाहरू, कृषि औजारहरू | - आफ्नो घर टोलवरिपरि भएका प्रकोपको सूची बनाउन लगाउने<br>- विभिन्न प्रकोपजन्य फोटोहरू देखाइ सडक दुर्घटना बारे पहिचान गर्न लगाउने<br>- सडक दुर्घटना र यसका कारणहरू बताउन लगाउने<br>- विभिन्न प्रकारका ट्राफिक सङ्केतहरूको बारेमा सोधी सो को मूल्याङ्कन गर्ने<br>- ट्राफिक सङ्केतहरूको चित्र बनाउन लगाउने<br>- घरवाट पाँचओटा फूल वा बिरुवा ल्याई नामसहित वताउन लगाउने साथै बाल बगैंचामा रोप्न लगाउने<br>- समूह समूहमा बाल बगैंचा निर्माण गर्न लगाई आफ्नो आफ्नो समूहको नाम लेखी प्रदर्शन गर्न लगाउने | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ग्रामीण विकास र सहरीकरण | - इच्छाकामना गाउँपालिकाका मुख्यमुख्य गाँउबस्तीहरूको पहिचान र तिनीहरूको पूर्वाधारको अवस्था बताउन | इच्छाकामना गाउँपालिकाका मुख्यमुख्य गाँउबस्तीहरू माझगाउँ, हात्तीवाङ्, काउले, ढुङ्ग्रे, दाहाखानी, चनौटे, तामीन, ढाला, तुन्तेष, घुर्केस, लामीडाँडा, खेतबारी, सिमलढाप, भाराङ, कापे गाँउको पहिचान र तिनीहरूको पूर्वाधारको अवस्था | - इच्छाकामना गाउँपालिकाका मुख्यमुख्य गाँउबस्तीहरू माझगाउँ, हात्तीवाङ्, काउले, ढुङ्ग्रे, दाहाखानी, चनौटे, तामीन, ढाला, तुन्तेष, घुर्केस, लामीडाँडा, खेतबारी, सिमलढाप, भाराङ, कापे गाँउको पहिचान र तिनीहरूको पूर्वाधारको अवस्था बताउने<br>- गाउँका मुख्यमुख्य सडक बाटोहरू<br>- खानेपानीका स्रोत र योजनाहरू<br>- बालबालिका पढ्ने विद्यालयहरू<br>- बिजुलीबत्ती<br>- किनमेल गर्ने बजार र बिरामी हुँदा उपचार गर्ने ठाउँ | इच्छाकामना गाउँपालिकाका मुख्यमुख्य गाँउबस्तीहरू माझगाउँ, हात्तीवाङ्, काउले, ढुङ्ग्रे, दाहाखानी, चनौटे, तामीन, ढाला, तुन्तेष, घुर्केस, लामीडाँडा, खेतबारी, सिमलढाप, भाराङ, कापे गाँउको पहिचान र पूर्वाधारको अवस्था भन्ने<br>- आफ्नो गाउँमा भएका विकासका पूर्वाधार हरूको नाम भन्न लगाउने<br>- आफू पढ्ने विद्यालय, उपचार केन्द्रको नाम भन्न लगाउने<br>- आफूले किनमेल गर्ने र बस्तु सामान बिक्री गर्ने बजारको नाम बताउन लगाउने।<br>खानेपानीका स्रोत र योजनाहरूको बारेमा भन्न लगाउने | - विकासका पूर्वाधार हरूको चित्र/ नक्सा पोस्टर आदि<br>- पूर्वाधार सम्बन्धी भिडियो, फिल्म, वृत्तचित्र<br>- किनमेल गरिरहेको बजारको फोटो | - विकासका पूर्वाधारहरूको नाम भन।<br>- आफू पढ्ने विद्यालय नाम भन्न लगाउने<br>- तिम्रो गाउँ बस्ती टोलको नाम भन। | १५ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | छरछिमेकसँग मित्रवत् व्यवहार गर्ने, आदर सत्कार तथा अभिवादन गर्ने<br>- योगको परिचय र प्रारम्भिक अभ्यास गर्ने | छरछिमेकसँग मित्रवत् व्यवहार, आदर सत्कार तथा अभिवादन<br>- योगको परिचय र प्रारम्भिक अभ्यास | - विद्यालयमा गुरु , गुरुआमाहरूलाई, परिवारमा मान्यजनहरूलाई छरछिमेकीहरूलाई गरिने आदर सत्कार तथा अभिवादन<br>- नाता, सम्बन्ध ठाउँअनुसार फरक फरक व्यक्तिलाई गरिने फरक फरक अभिवादन नमस्कार, ल्हस्सो, फ्याफुल्ला, सेवारो तारेमाम आदि । योगको परिचय र प्रारम्भिक अभ्यासमा ध्यान मुद्रा । | - विद्यालयमा गुरु , गुरुआमाहरूलाई, परिवारमा मान्यजनहरूलाई छरछिमेकीहरूलाई गरिने आदर सत्कार तथा अभिवादन गर्नुपर्छ भनी बताउने<br>- नाता ,समबन्ध ठाउँअनुसार फरक फरक व्यक्तिलाई गरिने फरक फरक अभिवादन नमस्कार , ल्हस्सो फ्याफुल्ला, सेवारो तारेमाम आदि हुन भनी बताउने<br>- अभिवादनका क्रियाकलापहरूलाई पटकपटक अभ्यास गर्न लगाउने<br>- लामो श्वास लिने र केही छिन रोकी श्वास छाड्ने अभ्यास गराउँदै ध्यान मुद्रा (पद्मासन)मा बस्ने अभ्यास गराउने | - आदर सत्कार अभिवादनका फोटो, तस्विर योगासनको तस्विर | - आफू र आफ्नो साथीहरू बीच नमस्कारको अभ्यासको आधारमा मूल्याङ्कन गर्ने<br>- छरछिमेकीहरूलाई कसरी सम्मान आदर र अभिवादन गर्छौ भन ।<br>- ध्यान मुद्रा (पद्मासन)मा बस्न लगाई निरीक्षण तथा मूल्याङ्कन गर्ने | १० घन्टी |

# विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई प्रस्तुत गरिएको छ। क्षेत्रगत विषयवस्तु विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

## कक्षा ४

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो इच्छाकामना | - इच्छाकामना गाउँपालिकाको भौगोलिक अवस्थाको परिचय र मानवबस्तीहरू योग्य ठाउँहरूको बारे बताउन | - इच्छाकामना गाउँपालिकाका भौगोलिक अवस्था, टार, बेसी, लेक भञ्ज्याङ<br>- इच्छाकामना गाउँपालिकाका प्रमुख मानवबस्तीका लागि योग्य ठाउँहरू | - इच्छाकामना गाउँपालिकाको भूबनोट<br>- इच्छाकामना गाउँपालिकाको हावापानी<br>- इच्छाकामना गाउँपालिकाका वनजङ्गल तथा नदीनाला<br>- इच्छाकामना गाउँपालिकाको प्रारम्भिक मानव बस्ती इच्छाकामना गाउँपालिकाको हालको मानव बस्ती र यसको अवस्था | - नक्सा तथा चित्र प्रदर्शन गरी इच्छाकामना. गाउँपालिकाको भूबनोट पहिचान गर्न र त्यसका आधारमा क्षेत्रगत वर्गीकरण प्रस्तुत गर्न लगाउने<br>- भूबनोटका आधारमा जातिगत बसोबास, पहिरन र पेसाको सूची निर्माण तथा प्रस्तुत गर्न लगाउने<br>- मौसम अनुसार इच्छाकामना गाउँपालिकाको हावापानी विविधता झल्किने चित्र, श्रब्य, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी छलफल तथा प्रश्नोत्तर गर्न लगाउने<br>- हावापानीको भिन्नता हुँदा लगाउने पोसाक, खाद्यपरिकार सङ्कलन गरी कक्षामा प्रदर्शन गर्ने र यिनीहरूको प्रयोग विधिका बारेमा छलफल गराउने<br>(ङ) हावापानीको भिन्नता हुँदा गरिने क्रियाकलाप तथा लगाइने पोसाकका बारेमा अभिभावक तथा टोलछिमेकका पाका व्यक्तिसँग छलफल गर्न लगाई त्यस क्रममा पाइएका विशेष कुरा कक्षामा प्रस्तुत गर्न लगाउने<br>(च) इच्छाकामना गाउँपालिकाको प्रारम्भिक मानव बस्तीका बारेमा सामग्री अध्ययन, समाजका ज्येष्ठ व्यक्तिसँग अन्तरक्रिया तथा सूचना प्रविधिका सामग्रीको अवलोकन तथा अध्ययन गरी कक्षामा प्रस्तुत गर्न लगाउने | - सान्दर्भिक चित्र वा नक्सा<br>- जातिगत पहिरन, खाद्य परिकार र पेसा झल्काउने सामग्री वा तिनका चित्र (श्रव्यदृश्य सामग्री) | विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>- व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>- लिखित अभ्यास गराएर<br>- हाजिरीजवाफ सञ्चालन गरेर<br>- हिज्जे प्रतियोगिता सञ्चालन गरेर<br>- प्रश्नोत्तर गरेर<br>- कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>- व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>- आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गररे | १२ क घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदा | - प्राकृतिक स्रोत संरक्षणको उपाय पहिचान गरी तिनको कार्यान्वयनमा सहयोग गर्न<br>- प्राकृतिक स्रोतबाट प्राप्त हुने फाइदाहरूको सूची निर्माण गर्न भावी पुस्ताका लागि<br>- प्राकृतिक स्रोतको आवश्यकता बोध गरी स्थानीय समुदायलाई सुसूचित गर्न | - प्राकृतिक स्रोतको संरक्षण<br>- प्राकृतिक स्रोतको उपयोगिता | - प्राकृतिक स्रोत संरक्षणको उपाय पहिचान र तिनको कार्यान्वयन<br>- प्राकृतिक स्रोतबाट प्राप्त हुने फाइदाहरू<br>- भावी पुस्ताका लागि प्राकृतिक स्रोतको आवश्यकता | - स्थानीय विज्ञ, सङ्घसंस्था, समाजका अगुवा, स्थानीय राजनीतिक नेतृत्व तथा गाउँपालिकामा कार्यरत जनशक्तिलगायतका व्यक्तिसँग छलफल तथा अन्तरक्रिया गरी प्राकृतिक स्रोत संरक्षणको उपाय पहिचान गर्न लगाउने<br>- प्राकृतिक स्रोतबाट प्राप्त हुने फाइदाहरूको छलफल तथा प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्ने<br>(ङ) भावी पुस्ताका लागि प्राकृतिक स्रोतको आवश्यकताका बारेमा सान्दर्भिक लेखरचना, सान्दर्भिक पुस्तक तथा श्रव्यदृश्य सामग्री वितरण गरी अध्ययन गर्न लगाउने, अध्ययनपछि आआफ्ना सिकाइ टिपोट गर्न लगाई स्थानीय समुदाय समुपस्थितिमा सो शीर्षकमा प्रवचन, वक्तृत्व वा वादविवाद कार्यक्रम सञ्चालन गर्ने र स्थानीय जनसमुदायलाई सुसूचित गर्ने | - सान्दर्भिक तस्बिर वा चित्र<br>- श्रव्यदृश्य सामग्री | - निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोत्तर गरेर<br>- सिकाइ सहजीकरणका क्रममा छलफल (युगल, सामूहिक) मा सहभागिता समूह कार्यमा सक्रियताको अवलोकन तथा लेखाजोखा गरेर<br>- निर्दिष्ट सूचीको प्रस्तुतिका आधारमा सिकाइको मूल्याङ्कन गरेर (लिखित अभ्यास गर्न लगाएर) | १५ घन्टी |
| स्थानीय जातजाति, संस्कार र संस्कृति | - स्थानीय जातजातिहरूले बोल्ने विभिन्न भाषाहरूको सूची बनाउन | - स्थानीय जातजातिहरूले बोल्ने विभिन्न भाषाहरूको सूची | स्थानीय प्रमुख जातजातिहरू गुरुङ, थकाली, तामाङ, ब्राह्मण, क्षेत्री, चेपाङ, घर्ती, भुजेल, दलित, नेवार, मगरका विभिन्न भाषाहरूको चिनारी | - स्थानीय प्रमुख जातजातिहरू गुरुङ, थकाली, तामाङ, ब्राह्मण, क्षेत्री, चेपाङ, घर्ती, भुजेल, दलित, नेवार, मगर आदिको भाषाहरूको सूची प्रदर्शन गर्ने<br>- विभिन्न जातजातिको भाषा बोल्न जान्ने विद्यार्थी पहिचान गरी कक्षाकोठामा बोल्ने अभ्यास गर्न लगाउने | - स्थानीय प्रमुख जातजातिहरू गुरुङ, थकाली, तामाङ, ब्राह्मण, क्षेत्री, चेपाङ, घर्ती, भुजेल, दलित, नेवार, मगर आदि जातिको भाषाहरूको सूची चित्र, पोस्टर,<br>- पावर पोइन्ट स्लाइड | - स्थानीय प्रमुख जातजातिको भाषाहरूको सूची बनाउन लगाउने<br>- विभिन्न जातजातिको भाषा बोल्न जान्ने विद्यार्थीलाई बोल्न लगाई सो को मूल्याङ्कन गर्ने | १५ घन्टी |
| ऐतिहासिक, पर्यटकीय स्थल र स्थानीय पर्यटन | - इच्छाकामना गाउँपालिकाको आफ्नो वडामा भएका पर्यटकीय स्थलहरूको पहिचान गरी सरसफाइ गर्न | इच्छाकामना गाउँपालिकाको आफ्नो वडामा भएका पर्यटकीय स्थलहरू | - आफू बसेको वडाभित्रका स्थानीय पर्यटकीय स्थलहरू | - इच्छाकामना गाउँपालिकाको आफू बसेको वडाभित्रको पटकीय स्थलहरूका सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट प्रस्तुत गर्ने<br>- आफू बसेको वडाभित्रका पर्यटकीय स्थलहरू प्रत्यक्ष अवलोकन गराउने र प्रश्नोत्तर गर्ने ।<br>आफू बसेको वडाभित्रको पर्यटकीय स्थलहरू र यसको सरसफाइको बारेमा स्थानीय विज्ञसँग छलफल र अन्तक्रिया गराउने | इच्छाकामना गाउँपालिका र आफू बसेको वडाभित्रको पर्यटकीय स्थलहरूको सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट स्लाइड | - इच्छाकामना गाउँपालिकाका आफू बसेको वडाभित्रको पर्यटकीय स्थलहरूको बारेमा मुख्य पक्षहरू भन्न लगाउने ।<br>- आफू बसेको वडाभित्रको पर्यटकीय स्थलहरूको सरसफाइको बारेमा एक अनुच्छेद लेख्न लगाउने | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | - स्थानीय प्रविधिमा आधारित वस्तुहरूको परिचय दिन र सूची बनाउन<br>- स्थानीय तरकारी, फलफूलका बेर्ना उमार्न, सार्न र रोगबाट बचाउने कार्यको अभ्यास गरेर देखाउन | - स्थानीय प्रविधिका सामाग्रीहरू<br>- स्थानीय स्तरमा उत्पादन हुने तरकारी, फलफूलहरूका बेर्ना<br>- ताजा तरकारी, फलफूलका बेर्नामा लाग्ने रोगको जानकारी र बच्ने उपायको अवधारणा | - स्थानीय प्रविधिको परिचय<br>- आफ्नो टोल , छर छिमेकमा स्थानीय प्रविधिमा आधारित उत्पादन गरिने तरकारी, फलफूलहरूको सूची<br>- तरकारी, फलफूलका बेर्नामा लाग्ने रोग र त्यसको नियन्त्रणका उपाय | - प्रविधिको उपयोग गरी विभिन्न युटुब, टि.भी. मार्फत प्रस्तुत गर्ने,<br>- शिक्षक स्वयमूले कक्षाकोठामा प्रदर्शन गरी देखाउने र अन्तर्क्रिया गराउने ।<br>- प्रयोगात्मक र परियोजना कार्य गर्ने गराउने<br>- आफ्नो टोल, छरछिमेकमा उत्पादन गरिने तरकारी, फलफूलमा लाग्ने रोगहरू र नियन्त्रणका बारेमा बताउने | - स्थानीय प्रविधिमा आधारित वस्तुहरूको सूची<br>- स्थानीय मानिसहरूले उत्पादन गरेका तरकारी, फलफूल, सूची, ब्रोसर, पोस्टर, भिडियो, श्रव्यदृश्य सामाग्री, | - कक्षाकोठामा सामान्य प्रयोगात्मक कार्य गर्न लगाई मूल्याङ्कन गर्ने विद्यालय परिसरमा विरुवा रोप्न लगाई परियोजना कार्य दिई सो को मूल्याङ्कन गर्ने<br>- तरकारी, फलफूलका बेर्नामा लाग्ने रोग र त्यसको नियन्त्रणका उपाय कसरी गर्न सकिन्छ भनी सोध्ने | २० घन्टी |
| स्वास्थ्य, सरसफाइ र फोहरस्रोत व्यवस्थापन | - स्वस्थ र अस्वस्थ भोजन के के हुन छुट्याउन<br>- जङ्क फूड (पत्रुखाना) को चिनारी र यसका बेफाइदाहरू बताउन<br>- फोहरस्रोत व्यवस्थापनमा 3R को प्रयोग गर्न<br>- भाले जुधाई खेलको परिचय र अभ्यास गर्न | - स्वस्थकर खाना<br>- जङ्क फूड (पत्रुखाना) को चिनारी र यसका बेफाइदाहरू<br>- फोहरस्रोत व्यवस्थापनमा 3R को प्रयोग<br>- फोहरमैलाको वर्गीकरण<br>- भाले जुधाई खेल | - स्वस्थकर खानाको आवश्यकता र महत्त्व बताउन<br>- जङ्क फूड (पत्रु खाना) को चिनारी र यसका बेफाइदाहरू बताउन<br>- फोहरमैलालाई वर्गीकरण गरी फोहर स्रोत व्यवस्थापनमा 3R को प्रयोग गर्न<br>- खेलको अभ्यास गर्न | - स्वस्थकर खानाको आवश्यकता र महत्त्व बताउन लगाउने<br>- जङ्क फूड (पत्रु खाना) अन्तर्गत पर्ने खानाहरूको सूची बनाउन लगाउने<br>- जङ्क फूड (पत्रु खाना) को उपभोगबाट हुने बेफाइदाहरू बताउन लगाउने<br>- विद्यालय परिसरमा भएका फोहरस्रोतको सङ्कलन गर्न लगाई सोको 3R को प्रयोग विधिद्वारा व्यवस्थापन गर्ने अभ्यास गर्न लगाउने<br>- हल्का शारीरिक अभ्यास गरेर भाले जुधाई खेलको अभ्यास गर्न लगाउने | - स्वस्थकर खाना र जङ्क फूड (पत्रु खाना) को नमुना<br>- पोस्टर, चित्र, चार्ट | - स्वस्थकर खानाका फाइदाहरू भन ।<br>- जङ्क फूड (पत्रु खाना) को कुनै ५ ओटा खानाका नामहरू भन ।<br>- जङ्क फूड (पत्रु खाना) बाट हुने बेफाइदाहरू भन ।<br>- कक्षाकोठामा भएका फोहरस्रोतको सङ्कलन गर्न लगाई सोको 3R को प्रयोग विधिद्धारा व्यवस्थापन गर्ने कार्यको समुहगत विभाजन गरी सोको अभिलेख राख्ने ।<br>- भाले जुधाइ खेलको सक्रिय सहभागिता हेरी मूल्याङ्कन गर्ने । भाले जुधाइ खेलको खेल्ने तरिका बताऊ । | १२ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| प्रकोप/ विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | - प्रकोप/विपद्को स्वरूप बताउन<br>- सवारी दुर्घटना र यसका असरहरू बताउन<br>- हरित विद्यालयको अवधारणा | - प्रकोप/विपद्को स्वरूप<br>- सडक दुर्घटना र यसका असरहरू<br>- हरित विद्यालय | - प्रकोप/विपद्को स्वरूप जस्तै : आगलागी , बाढी, पहिरो, भूकम्प, भूक्षय आदि बताउन लगाउने ।<br>- सवारी दुर्घटना र यसका असरहरू बताउने ।<br>- ट्राफिक सङकेतहरूको बारे बताइदिने ।<br>- हरित विद्यालयको परिचय गराउने । | - प्रकोप/विपद्को फोटो, तस्बिर, फिल्म देखाउँदै विभिन्न प्रकोप/विपद् जस्तै : आगलागी, बाढी , पहिरो , भूकम्प, भूक्षय आदिको परि चय बताइदिने<br>- सवारी दुर्घटना र यसका असरहरू बताउने<br>- ट्राफिक सङकेतहरूको बारे बताइदिने<br>- जेब्रा क्रसिङको सङकेतको बारेमा बताइदिने<br>- ट्राफिक प्रहरीद्धारा कक्षा लिन लगाई सवारी दुर्घटनाबाट बच्ने अभ्यास प्रदर्शन गराउने<br>- हरित विद्यालयको परिचय गराउने | - प्रकोप झल्कने फोटो, तस्बिर, वृत्तचित्र, फिल्म, पावर प्वाइन्ट स्लाइडहरू<br>- विभिन्न ट्राफिक सङ्केतहरूको तस्विर<br>- हरित विद्यालयको चित्र, पोस्टर | - आफ्नो घर टोल वरिपरि भएका प्रकोपको सूची बनाउन लगाउने<br>- विभिन्न प्रकोपजन्य फोटोहरू देखाइ सवारी दुर्घटना बारे पहिचान गर्न लगाउने<br>- सवारी दुर्घटना र यसका असरहरू बताउन लगाउने<br>- विभिन्न प्रकारका ट्राफिक सङकेतहरूको बारेमा सोधी सो को मूल्याङ्कन गर्ने<br>- घरवाट पाँचओटा फूल वा बिरुवा ल्याई नामसहित बताउन लगाउने र विद्यालय परिसरमा रोप्न लगाउने | २० घन्टी |
| ग्रामीण विकास र सहरीकरण | - इच्छाकामना गाउँपालिकाका मुख्यमुख्य बजारहरूको नाम र त्यसबाट प्राप्त हुने सेवा सुविधा बताउन | - इच्छाकामना गाउँपालिकाका मुख्यमुख्य बजारहरू र त्यसबाट प्राप्त हुने सेवा सुविधा<br>- सहरी पूर्वाधारको अवस्था । | - इच्छाकामना गाउँपालिकाका मुख्यमुख्य बजारहरू जस्तैः मुग्लिङ बजार, चुम्लिङ, कुरिनघाट, कुरिनटारको विशेषता (खाना, यातायात, बस्तुको किनमेल), फिस्लिङको ऱ्याफ्टिङ, फलफूल तथा तरकारीको बिक्रीवितरण केन्द्र, चेरेस केबलकारको खाना, वास तथा मनकामना दर्शन, गर्दाशमा स्थानीय बासिन्दाहरूको सामान किनमेल गर्ने केन्द्रको बारेमा चिनारी गराउने | - इच्छाकामना गाउँपालिकाका मुख्यमुख्य बजारहरू जस्तैः मुग्लिङ बजार, चुम्लिङ, कुरिनघाट, कुरिनटारको विशेषता (खाना, यातायात, बस्तुको किनमेल), फिस्लिङको ऱ्याफ्टिङ, फलफूल तथा तरकारीको बिक्रीवितरण केन्द्र, चेरेस केबलकारको खाना, वास तथा मनकामना दर्शन, गर्दासमा स्थानीय बासिन्दाहरूको सामान किनमेल गर्ने केन्द्रको बारेमा चिनारी गराउने तथा जेष्ठ नागरिक एवम् विज्ञहरूलाई सो ठाउँको बारे सोधी भन्न लगाउने | - इच्छाकामना गाउँपालिकाका मुख्यमुख्य बजारहरू जस्तैः मुग्लिङ बजार, चुम्लिङ, कुरिनघाट, कुरिनटार, फिस्लिङ, चेरेस, गर्दाशको फोटो, चित्र/ नक्सा पोस्टर आदि<br>- पूर्वाधार सम्बन्धी भिडियो, फिल्म, वृत्तचित्र | - इच्छाकामना गाउँपालिकाका मुख्यमुख्य बजारहरू जस्तैः मुग्लिङ बजार, चुम्लिङ, कुरिनघाट, कुरिनटार फिस्लिङ, चेरेस, गर्दासमा प्राप्त हुने सेवा सुविधाहरूको सूची बनाऊ | ८ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | - अभिभावकप्रतिको मर्यादा र पारिवारिक मेलमिलापमा सहकार्य गर्न<br>- अभिभावक हाम्रा संरक्षक हुन् भनी बताउन<br>- योग र खानपान बारे बताउन | - अभिभावक प्रतिको मर्यादा र पारिवारिक मेलमिलाप<br>- योग र खानपान<br>- अभिभावक हाम्रा संरक्षक | - अभिभावकप्रतिको मर्यादा (भेटमा नमस्ते, शुभप्रभात, सञ्चै आराम जस्ता आदरार्थी शब्दको प्रयोग)<br>- अभिभावक हाम्रा संरक्षक (पालनपोषण, रेखदेख, सुरक्षा प्रदान गर्ने, आवश्यकता पूरा गर्ने उदाहरणीय व्यक्तित्व)<br>- पारिवारिक मेलमिलाप र सहकार्य<br>- योग र खानपान | - अभिभावकहरूलाई मर्यादा भेटमा नमस्ते, शुभप्रभात, सञ्चै आराम जस्ता आदरार्थी शब्दको प्रयोग गर्नुपर्छ भनी बताउने र अभ्यास गर्न लगाउने<br>- पालनपोषण, रेखदेख, सुरक्षाप्रदान गर्ने, आवश्यकता पूरा गर्ने उदाहरणीय व्यक्तित्व नै अभिभावक हुन् भनी बताइदिने<br>- मर्यादा र अभिवादनका क्रियाकलापहरूलाई पटकपटक अभ्यास गर्न लगाउने<br>- स्वस्थ र सुरक्षित खाना मात्र खानुपर्छ भनी बताइदिने<br>- योगा अभ्यास गर्न लगाउने | - आदर सत्कार अभिवादनका फोटो, तस्विर योगासनको तस्विर | - आफू र आफ्नो अभिभावकहरूबीच नमस्कारको अभ्यासको आधारमा मूल्याङ्कन गर्ने ।<br>- छरछिमेकीहरूलाइ कसरी सम्मान आदर र अभिवादन गर्छौ भन ।<br>- ध्यान मुद्रा (योगासन)मा बस्न लगाई निरीक्षण तथा मूल्याङ्कन गर्ने । | ६ घन्टी |

# विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई प्रस्तुत गरिएको छ। क्षेत्रगत विषयवस्तु विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

## कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो इच्छाकामना | - इच्छाकामना गाउँपालिकाको क्षेत्रफल बताउन<br>- इच्छाकामना गाउँपालिका भित्रका प्रमुख जातजाति र तिनको जनसङ्ख्या बताउन। | - इच्छाकामना गाउँपालिकाको भूबनोट र क्षेत्रफल<br>- इच्छाकामना गाउँपालिका भित्रका प्रमुख जातजाति<br>- वडागत जनसङ्ख्या | - इच्छाकामना गाउँपालिकाको भूबनोट र क्षेत्रफल<br>- इच्छाकामना गाउँपालिका भित्रका प्रमुख जातजाति<br>- वडागत जनसङ्ख्या | - नक्सा तथा चित्र प्रदर्शन गरी इच्छाकामना गाउँपालिकाको भूबनोट पहिचान गर्न र त्यसका आधारमा क्षेत्रगत वर्गीकरण प्रस्तुत गर्न लगाउने<br>- भूबनोटका आधारमा क्षेत्रफल भन्न लगाउने<br>- इच्छाकामना गाउँपालिकाभित्रका प्रमुख जातजातिहरूको सूची बनाउन लगाउने<br>- नक्सा र तथ्याङ्कको आधारमा वडागत जनसङ्ख्या बताउन लगाउने | - सान्दर्भिक चित्र वा नक्सा<br>- जातिगत जनसङ्ख्याको तथ्याङ्क विवरण, ब्रोसर, बुकलेट आदि। | - दिइएको तथ्य तथ्याङ्क हेरेर जनसङ्ख्या भन्न लगाएर<br>- इच्छाकामना गाउँपालिकाको क्षेत्रफल सोधेर<br>- इच्छाकामना गाउँपालिका भित्रका प्रमुख जातजातिहरूको सूची बनाऊ<br>- तिमी बसेको वडाको जनसङ्ख्या कति छ, भन | १२ घन्टी |
| प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदा | - सिमसार क्षेत्र र ढुङ्गेधारा/ जलाधारकोपरिचय र महत्त्व बताउन<br>- गढी, किल्ला, खानीको संरक्षणको उपाय पहिचान गरी तिनको कार्यान्वयनमा सहयोग गर्न | - सिमसार क्षेत्र ढुङ्गेधारा/ जलाधारको<br>- गढी, किल्ला, खानी | - सिमसार क्षेत्र<br>(अ) परिचय<br>(आ) महत्त्व<br>(इ)<br>संरक्षण ढुङ्गेधारा/ जलाधारको<br>(अ) परिचय<br>(आ) महत्त्व<br>(इ) संरक्षण<br>- गढी, किल्ला, खानी<br>अ) परिचय<br>(आ) महत्त्व<br>(इ) संरक्षण | - स्थानीय विज्ञ, सङ्घसंस्था, समाजका अगुवा, स्थानीय राजनीतिक नेतृत्व तथा गाउँपालिकामा कार्यरत जनशक्तिलगायतका व्यक्तिसँग छलफल तथा अन्तरक्रिया गरी सिमसार क्षेत्र र ढुङ्गेधारा/जलाधार गढी, किल्ला, खानी का संरक्षणको उपाय पहिचान गर्न लगाउने<br>- सिमसार क्षेत्र र ढुङ्गेधारा/जलाधार गढी, किल्ला, खानी का बाट प्राप्त हुने फाइदाहरू र महत्त्वको बारेमा छलफल तथा प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्ने | - सान्दर्भिक तस्बिर वा चित्र<br>- श्रव्यदृश्य सामग्री | - निर्धारित विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल (मौखिक तथा लिखित अभ्यास) गरे नगरेका आधारमा लेखाजोखा गर्ने<br>- प्रदर्शित नक्सा वा चित्रको वर्णन गर्न लगाई विषयवस्तुको ज्ञान हासिल गरे नगरेको मापन गर्ने<br>- विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने | १५ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्थानीय जातजाति, संस्कार र संस्कृति | - इच्छाकामना गाउँपालिकामा मनाइने जात्रा, पर्व, उपवासको परिचय र तिनको सूची बनाउन<br>- विभिन्न जात्रा, पर्वहरूमा नाचिने स्थानीय लोकनृत्यहरू र तिनको संरक्षण | - इच्छाकामना गाउँपालिकामा मनाइने जात्रा, पर्व, उपवासको परिचय<br>- विभिन्न जात्रा, पर्वहरूमा नाचिने स्थानीय लोक नृत्यहरू | - इच्छाकामना गाउँपालिकामा मनाइने जात्रा, पर्व, उपवासहरू जस्तैः इच्छाकामना पञ्चमी मेला, ठूलो एकादशी मेला, बालगौरी मेला, तीज पर्व, ल्होसार/ल्होछार<br>- स्थानीय लोकनृत्यहरू अन्तर्गत चुड्का, भजन, घाँटु, झ्याउरे आदि । | - इच्छाकामना गाउँपालिकामा मनाइने जात्रा, पर्व, उपवासहरू जस्तै : इच्छाकामना पञ्चमी मेला, ठूलो एकादशी मेला ,बालगौरी मेला, तीज पर्व, ल्होसार /ल्होछारको परिचय दिई सूची प्रदर्शन गर्ने ।<br>- स्थानीय लोकनृत्यहरू अन्तर्गत चुड्का, भजन, घाँटु, झ्याउरे आदिको पर्व विशेष प्रयोग र संरक्षणमा जोड दिन लगाउने ।<br>- पावर पोइन्ट स्लाइड, फिल्म, भिडियो मार्फत लोकनृत्य प्रदर्शन गर्ने । | - इच्छाकामना गाउँपालिकामा मनाइने जात्रा, पर्व, उपवासहरू जस्तै : इच्छाकामना पञ्चमी मेला, ठूलो एकादशी मेला, बालगौरी मेला, तीज पर्व, ल्होसार/ल्होछारको सूची<br>- चित्र, पोस्टर<br>- पावर पोइन्ट फिल्म, भिडियो स्लाइड आदि । | - इच्छाकामना गाउँपालिकामा मनाइने जात्रा, पर्व, उपवासहरूको सूची बनाऊ ।<br>- तिम्रो घर, टोलमा मनाउने प्रमुख जात्रा, मेलाको नाम भन ।<br>- के गऱ्यो भने स्थानीय लोकनृत्यहरू चुड्का, भजन, घाँटु, झ्याउरेको संरक्षण गर्न सकिन्छ ?<br>- विभिन्न लोकनृत्यहरूको प्रयोगातमक अभ्यास गर्न लगाई मूल्याङ्कन गर्ने | १५ घन्टी |
| ऐतिहासिक, पर्यटकीय स्थल र स्थानीय पर्यटन | - इच्छाकामना गाउँपालिकाको आफ्नो वडामा भएका पर्यटन व्यवसायको पहिचान<br>- अतिथिको रूपमा आएका पाहुनाहरूलाई गरिने शिष्टाचारको अभ्यास गर्न | - इच्छाकामना गाउँपालिकाको आफ्नो वडामा भएका पर्यटन व्यवसाय<br>- पाहुनाहरूप्रति गरिने शिष्टाचार | - आफू बसेको वडाभित्रको स्थानीय पर्यटन व्यवसायहरू जस्तै : होटल, रेष्टुरेन्ट, होमस्टे, ऱ्याफ्टिङ, केबुलकार, क्यानोनिङ, हाइकिङ आदि ।<br>- अतिथि देवो भवः लाई आत्मसात् गर्दै स्वागत, सम्मान र सत्कार तथा फूलमाला र मुस्कान सहितको बिदाई | - इच्छाकामना गाउँपालिकाअन्र्तगत आफू बसेको वडाभित्रको पर्यटकीय स्थलहरूका सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट प्रस्तुत गर्ने<br>- आफू बसेको वडाभित्रका स्थानीय पर्यटन व्यवसायहरू जस्तै : होटल, रेष्टुरेन्ट, होमस्टे, ऱ्याफ्टिङ, केबुलकार, क्यानोनिङ, हाइकिङको अनुभवको बारेमा ऱ्याफ्टिङ यात्री तथा विज्ञहरूबाट कक्षा लिन लगाउने<br>- पाहुनाहरूलाई गरिने सम्मान र सत्कारबारे होटल तथा पर्यटन व्यवसायीलाई नै स्रोत शिक्षकको रूपमा प्रस्तुत गर्ने | इच्छाकामना गाउँपालिका र आफू बसेको वडाभित्रका पर्यटन व्यवसायहरूका सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट स्लाइड<br>- सम्मान, सत्कारका विभिन्न फोटोहरू | - इच्छाकामना गाउँपालिकाका आफू बसेको वडाभित्रको पर्यटन व्यवसायहरूको बारेमा मुख्य पक्षहरू भन्न लगाउने<br>- पर्यटन व्यवसायमा पाहुनालाई कसरी शिष्टाचार गर्न सकिन्छ ? विधिहरू बताऊ | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | - स्थानीय प्रविधिमा आधारित तरकारी तथा फलफूल खेतीमा लाग्ने रोग नियन्त्रणका अर्गानिक उपायहरू बताउन<br>- रासायनिक विषादी प्रयोग र त्यसका बेफाइदाहरू उल्लेख गर्न<br>- स्थानीय क्षेत्रमा निगालो, बेत र बाँस, डोको, डालो, थुन्से, नाङ्लो चाल्नी, पेरुङ्गोका सामग्री, डोरी आदि निर्माण र प्रयोगबारे भन्न | - स्थानीय प्रविधिमा आधारित तरकारी तथा फलफूल खेतीमा लाग्ने रोग नियन्त्रणका अर्गानिक उपायहरू<br>- रासायनिक विषादी प्रयोग र त्यसका बेफाइदाहरू<br>- स्थानीय क्षेत्रमा निगालो, बेत र बाँस, डोको, डालो, थुन्से, नाङ्लो चाल्नी, पेरुङ्गोका सामग्री, डोरी, कुचो, सिप्रिङ्गू (माछा मार्न प्रयोग गरिने), उर्गल /ढ्वाङ आदि निर्माण र प्रयोग<br>- पानी घट्ट | - स्थानीय प्रविधिमा आधारित तरकारी तथा फलफूल खेतीमा लाग्ने रोगहरूको सूची<br>- तरकारी तथा फलफूल खेतीमा लाग्ने रोगहरूको नियन्त्रणका अर्गानिक उपायहरू<br>- तरकारी तथा फलफूल खेतीमा प्रयोग गर्ने गरिएको विषादीहरू<br>- तरकारी तथा फलफूल खेतीमा प्रयोग गर्ने गरिएको विषादीहरूबाट हुने बेफाइदाहरूको सुची<br>- स्थानीय प्रविधिमा आधारित निगालो, बेत र बाँस (डोको, डालो, थुन्से, नाङ्लो, चाल्नी, पेरुङ्गो) का सामग्री, डोरी, नाम्लो, चकटी, सुकुल गुन्द्री कुचो, सिप्रिङ्गू (माछा मार्न प्रयोग गरिने),उर्गल /ढ्वाङ बनाउने तरिका र प्रयोगबारे जानकारी<br>- पानी घट्टको परिचय | प्रविधिको उपयोग गरी विभिन्न युटुब, मार्फत प्रस्तुत गर्ने,<br>- शिक्षक स्वयमूले सामग्री स्थानीय प्रविधिमा आधारित निगालो, बेत र बाँस (डोको, डालो, थुन्से, नाङ्लो, चाल्नी, पेरुङ्गो) का सामग्री, डोरी, नाम्लो, चकटी, सुकुल गुन्द्री कुचो, सिप्रिङ्गू(माछा मार्न प्रयोग गरिने), उर्गल /ढ्वाङसङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गरी देखाउने र अन्तर्क्रिया गराउने ।<br>- प्रयोगातमक र परियोजना कार्य गर्ने गराउने ।<br>- आफ्नो टोल, छरछिमेकमा उत्पादन गरिने तरकारी, फलफूलमा लाग्ने रोगहरू र नियन्त्रणका लागि अर्गानिक उपाय बारेमा बताउने ।<br>पानी घट्टको परिचय दिई चित्र देखाउने । | स्थानीय प्रविधिमा आधारित वस्तुहरू निगालो, बेत र बाँस (डोको, डालो, थुन्से, नाङ्लो, चाल्नी, पेरुङ्गो) का सामग्री, डोरी, नाम्लो, चकटी, सुकुल गुन्द्री कुचो, सिप्रिङ्गू (माछा मार्न प्रयोग गरिने), उर्गल /ढ्वाङ आदिको सूची तथा उपलब्ध सो सामाग्रीहरू ।<br>स्थानीय मानिसहरूले उत्पादन गरेका तरकारी, फलफूल खेतीमा प्रयोग गरिने विषादी र नियन्त्रणका लागि प्रयोग हुने अर्गानिक औषधीहरूको, सूची, ब्रोसर, पोस्टर, भिडियो, श्रव्यदृश्य सामाग्री,<br>- पानी घट्टको चित्र | - स्थानीय प्रविधिमा आधारित तरकारी तथा फलफूल खेतीमा लाग्ने रोग नियन्त्रणका अर्गानिक उपायहरू के के हुन् ? भन ।<br>- रासायनिक विषादी प्रयोग र त्यसका बेफाइदाहरू लेख ।<br>स्थानीय क्षेत्रमा निगालो, बेत र बाँस, डोको, डालो, थुन्सेको प्रयोगबारे बुँदागत रूपमा लेख्न लगाउने<br>- स्थानीय प्रविधिमा आधारित कुनै दुईओटा सामग्रीहरूको नमूना बनाई कक्षामा प्रदर्शन गर्न लगाउने<br>- पानीघट्टको परिचय र उपयोग लेख्न लगाउने<br>- विद्यार्थीहरूको प्रस्तुतिको अवलोकन मूल्याङ्कन गर्ने | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य, सरसफाइ र फोहरस्रोत व्यवस्थापन | - विद्यालयमा दिवा खाजाको उचित व्यवस्थापन गर्न<br>- आफ्नो टोल तथा वडाको वातावरण संरक्षणमा सक्रिय सहभागिता जनाउन<br>- कबड्डी खेलको खेलमैदानको रेखाङ्कन र अभ्यास गर्न | - विद्यालयमा दिवा खाजाको उचित व्यवस्थापन<br>- आफ्नो टोल तथा वडाको वातावरण संरक्षणमा सक्रिय सहभागिता<br>- कबड्डी खेल | - विद्यालयमा दिवा खाजाको आवश्यकता, महत्त्व र यसका लागि गर्नुपर्ने उचित व्यवस्थापनका बारे बताउन<br>- आफ्नो टोल, वडाभित्र हुने फोहरमैला नियन्त्रणका लागि र वातावरण संरक्षणमा आफू स्वयम्को सक्रिय सहभागिता जनाउन<br>- कबड्डी खेलको लागि खेलमैदानको रेखाङ्कन गरी खेलको अभ्यास गर्न | - विद्यालयमा दिवा खाजाको आवश्यकता, महत्त्व बताउन लगाउने ।<br>- दिवा खाजाको व्यवस्थापन गर्ने विधि /तरिकाबारे बताउने<br>- श्रव्यदृश्य, चित्र पोस्टर जस्ता सामग्रीको प्रयोग गरी फोहरमैलाा व्यवस्थापन र वातावरण संरक्षणमा ऱ्याली, पोष्टर प्रदर्शन गर्न लगाउने, डस्टबिन बोकेर फोहर उठाउने अभयास गर्न लगाउने<br>- कबड्डी खेलको खेलमैदानको नाप अनुसारको रेखाङ्कन गर्न लगाएर समूह समूहमा अभ्यास गर्न लगाउने | - विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजाको सूचीको चार्ट<br>- दिवा खाजामा प्रयोग गरिने स्वस्थकर र पोषणयुक्त, खाजाको सूची<br>- डस्टबिन, कुचो , झाडु<br>- चुना, सिटी आदि | - स्वस्थकर खानाका फाइदाहरू भन<br>- विद्यालयमा दिवा खाजाको रूपमा के के खाजाको प्रयोग गर्न सकिन्छ ? भन<br>- एक हप्तासम्मको लागि विद्यालयमा खाने दिवा खाजाको सूची बनाऊ ।<br>- वातावरण संरक्षण विषयमा तिमीले खेल्ने भूमिकाको बारे एक अनुच्छेद लेख ।<br>- कबड्डी खेलको अभ्यास गराई मुल्याङ्कन गर्ने | १२ घन्टी |
| प्रकोप / विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | - प्राकृतिक र मानवजन्य प्रकोप/विपद्का प्रकारका बारेमा बताउन<br>- करेसाबारीको निर्माण गर्न<br>- वृक्षारोपणको अवधारणा बताउन | - प्राकृतिक र मानवजन्य प्रकोप/विपद्का प्रकार<br>- करेसाबारीको निर्माण<br>- वृक्षारोपण | - प्राकृतिक प्रकोप/विपद् अन्तर्गत बाढी, पहिरो, भूक्षय, भूकम्प, हुरीबतास, चट्याङ<br>- मानवजन्य प्रकोप/विपद् अन्तर्गत आगलागी, दुर्घटना, विषाक्त पदार्थ, महामारी, सवारी दुर्घटना<br>- करेसाबारीको निर्माण<br>- वृक्षारोपणको अवधारणा | - आफूले देखेका, भोगेका, सुनेका बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटना आदिका बारेमा बताइदिने, चित्र प्रस्तुत गर्ने र प्रत्येक चित्रका बारेमा प्राकृतिक वा मानव निर्मित बिचको भिन्नताका बारेमा छलफल गराउने<br>- बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागि, सडक दुर्घटनाले पुऱ्याउने हानि नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रस्तुत गरी छलफल गराउने<br>- शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गर्ने<br>- प्रत्येक विद्यार्थीहरूलाई घरबाट बिरुवा ल्याउन लगाई विद्यालयमा क्यारी बनाई करेसाबारीको निर्माण गर्न लगाउने<br>- वृक्षरोपणको अवधारणा बताई हरित विद्यालय निर्माणमा योगदान गर्न लगाउने | - स्थानीय स्तर मा भएका प्रको प/विपद्का चित्र, वृतचित्र, फिल्म, पावर प्वाइन्ट स्लाइडहरू<br>- हरित विद्यालयको चित्र, पोस्टर<br>- करेसाबारी र वृक्षरोपण सम्बन्धी चित्रहरू र फोटोहरू | - आफूले देखेका, भोगेका प्राकृतिक प्रकोप/विपद्को अनुभव लेख<br>- मानव निर्मित प्रकोप/विपद्को अनुभव लेखेर साथीहरूलाई सुनाऊ ।<br>- बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागी, सडक दुर्घटना आदिको चित्र/कविता, गीत आदिको माध्यमबाट प्रस्तुत गर्न लगाउने<br>- आफ्नो क्षेत्रका सम्भावित प्रकोप क्षेत्रको चार्ट पेपरमा नक्साङ्कन तयार पार<br>- करेसाबारी निर्माणको प्रयोगात्मक अभ्यास गराई फिल्डमै मूल्याङ्कन गर्ने<br>- विद्यालय प्राङ्गणमा शीतलता प्रदान गर्ने बिरुवा रोप्न लगाउने | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ग्रामीण विकास र सहरीकरण | - गाउँ-शहर सम्बन्ध बताउन<br>- शहर र गाउँको विशेषता औँल्याउन | - गाउँ र शहर सम्बन्ध<br>- शहर र गाउँको विशेषता | - गाउँ-शहर सम्बन्ध<br>अ) ग्रामीण क्षेत्रमा उत्पादन हुने वस्तु तथा सेवा :- कच्चा पदार्थ, कृषि उत्पादन, हस्तकलाका सामाग्री, श्रमशक्ति, पुँजी<br>आ) शहरी क्षेत्रमा उत्पादन हुने वस्तु तथा सेवा :- मानवीय आवश्यकताका वस्तुहरू, विभिन्न सेवाहरू, प्रविधिहरू, विचार र रोजगारी<br>ई) गाउँ शहर जोड्ने माध्यम :- सडक/यातायात, उद्यमीहरू, सेवाप्रदायक प्रणाली | - ग्रामीण क्षेत्रमा उत्पादन हुने वस्तु तथा सेवाः- कच्चा पदार्थ, कृषि उत्पादन , हस्तकलाका सामाग्री, श्रमशक्ति, पुँजी हुन भनी बताउने र नजिकको ग्रामीण क्षेत्रको अवलोकन गराई उक्त अवधारणा स्पष्ट पार्ने<br>- शहरी क्षेत्रमा उत्पादन हुने वस्तु तथा सेवाः- मानवीय आवश्यकताका वस्तुहरू, विभिन्न सेवाहरू, प्रविधिहरू, विचार र रोजगार ीसम्बन्धी अवधारणाको विकास गराउने । गाउँ र शहरलाई जोड्ने माध्यमहरूको बारेमा स्पष्ट पार्ने<br>- शहर र गाउँको विशेषताबारे छलफल चलाउने | - ग्रामीण क्षेत्रमा उत्पादन हुने वस्तु तथा सेवा र शहरी क्षेत्रमा उत्पादन हुने वस्तु तथा सेवाको फोटो, चित्र/ नक्सा पोस्टर आदि । | ग्रामीण क्षेत्रमा उत्पादन हुने वस्तु तथा सेवाको सूची बनाऊ ।<br>शहरी क्षेत्रमा उत्पादन हुने वस्तु तथा सेवाको बारेमा भन ।<br>- गाउँ र शहरको २/२ ओटा विशेषता भन । | ८ घन्टी |
| हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | - अभिभावक हाम्रा आदर्श हुन् भनी बताउन<br>- राष्ट्रप्रति हाम्रो कर्तव्य बोध गराउन<br>- योगको महत्त्वबारे बताउन | - अभिभावक हाम्रा आदर्श<br>- राष्ट्रप्रति हाम्रो कर्तव्य<br>- योगको महत्त्व | - अभिभावकप्रतिको मर्यादा<br>- अभिभावक हाम्रा संरक्षक<br>- अभिभावक हाम्रा आदर्श<br>- राष्ट्रप्रति नागरिकले गर्नुपर्ने कर्तव्य<br>- योग | - अभिभावकहरूलाई मर्यादा गर्नुपर्छ भनी बताउने र लगाउने अभ्यास गर्न<br>- अभिभावक हाम्रा आदर्श मानी मान, सम्मान प्रकट गर्ने भनी बताउने<br>- परिवारमा अभिभावकको भूमिकाबारे स्पष्ट पारी आफ्नो परिवारको अनुभव साटासाट गर्न लगाउने<br>- राष्ट्रप्रति नागरिकले निर्वाह गर्नुपर्ने नैतिक , नागरिक र कानुनी कर्तव्यबारे छलफल गराई स्पष्ट पार्ने<br>- योगाभ्यास गर्न लगाउने | - आदर सत्कार अभिवादनका फोटो, तस्विर<br>- राष्ट्रिय गान,<br>- राष्ट्रिय चिह्न, नागरिक कर्तव्यको ब्रोसर, चार्ट आदि योगासनको तस्बिर | - आफू र आफ्नो अभिभावकहरूबीच नमस्कारको अभ्यासको आधारमा मूल्याङ्कन गर्ने<br>- छरछिमेकीहरूलाइ कसरी सम्मान आदर र अभिवादन गर्छौ भन<br>- ध्यान मुद्रा (योगासन)मा बस्न लगाई निरीक्षण तथा मूल्याङ्कन गर्ने | ६ घन्टी |

# विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई प्रस्तुत गरिएको छ। क्षेत्रगत विषयवस्तु विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

## कक्षा ६

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो इच्छाकामना | - इच्छाकामना गाउँपालिकाभित्रका शैक्षिक संस्था तथा स्वास्थ्य संस्थाहरूको नाम बताउन<br>- इच्छाकामना गाउँपालिकाभित्रका शैक्षिक तथा स्वास्थ्य संस्थाहरूको ठाउँ र सेवा बताउन | - इच्छाकामना गाउँपालिका भित्रका शैक्षिक संस्था तथा स्वास्थ्य संस्थाहरू | - इच्छाकामना गाउँपालिकाभित्रका शैक्षिक संस्थाअन्तर्गत सामुदायिक तथा संस्थागत विद्यालयको नाम र अवस्थिति<br>- इच्छाकामना गाउँपालिकाभित्रका आधारभूत तथा माध्यमिक विद्यालयको नाम<br>- एउटा मात्र रहेको प्राविधिक धारअन्तर्गत कम्प्युटर इन्जिनियरिङ पढाइ हुने सामुदायिक माध्यमिक विद्यालय तथा एउटा मात्र रहेको क्याम्पसको नाम र ठाउँ<br>- इच्छाकामना गाउँपालिकाभित्रका स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, समुदाय स्तरमा खुलेका स्वास्थ्य सम्बद्ध संस्थाहरू, ट्रमा सेन्टर र हाइवे हस्पिटल | - नक्सा तथा चित्र प्रदर्शन गरी इच्छाकामना गाउँपालिकाभित्रका शैक्षिक संस्थाअन्तर्गत सामुदायिक तथा संस्थागत विद्यालयको नाम र अवस्थिति प्रदर्शन गर्ने<br>- वडागत शैक्षिक संस्थाहरूको प्रकार र तह बताइदिने<br>- इच्छाकामना गाउँपालिकाभित्रका स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी , समुदाय स्तरमा खुलेका स्वास्थ्य सम्बद्ध संस्थाहरू, ट्रमा सेन्टर र हाइवे हस्पिटल आदिबाट प्रदान गरिने सेवा प्रवाहको स्थिति अध्ययन गरी जानकारी गराउने | - इच्छाकामना गाउँपालिकाभित्रका शैक्षिक संस्थाअन्तर्गत सामुदायिक तथा संस्थागत विद्यालयको नक्सा तथा चित्र<br>- इच्छाकामना गाउँपालिकाभित्रका स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, समुदाय स्तरमा खुलेका स्वास्थ्य सम्बद्ध संस्थाहरू, ट्रमा सेन्टर र हाइवे हस्पिटल आदिको अवस्थिति झल्कने फोटो, नक्सा तथा चित्र | - दिइएको नक्सा तथा चित्र हेरेर शैक्षिक संस्थाअन्तर्गत सामुदायिक तथा संस्थागत विद्यालयका नाम र ठाउँ भन्न लगाएर<br>- नक्सा तथा चित्र हेरेर इच्छाकामना गाउँपालिकाभित्रका स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, समुदाय स्तरमा खुलेका स्वास्थ्य संस्थाको नाम र अवस्थिति भन्न लगाउने | १२ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदा | - इच्छाकामना गाउँपालिकाभित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली र इच्छाकामना मन्दिरको सामान्य परिचय बताउन<br>- इच्छाकामना गाउँपालिकाभित्र रहेका अन्य मठ मन्दिर, गुम्बाको अवस्थिति थाहा पाउन | - इच्छाकामना गाउँपालिका भित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली र इच्छाकामना मन्दिर<br>- इच्छाकामना गाउँपालिकाभित्र रहेका अन्य मठ मन्दिर, गुम्बा | इच्छाकामना गाउँपालिकाभित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली र इच्छाकामना मन्दिरको परिचय<br>- इच्छाकामना गाउँपालिकाभित्र रहेका अन्य मठ मन्दिर, गुम्बाको अवस्थिति | - सान्दर्भिक तस्बिर वा चित्रको माध्यमबाट इच्छाकामना गाउँपालिकाभित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली र इच्छाकामना मन्दिरको परिचय तथा स्थानीय बुद्धिजीवी, विज्ञ, पुराना बुढापाका वयोवृद्ध व्यक्तिहरूबाट प्राप्त प्रचलित किंवदन्ती सुनाउने<br>- श्रव्यदृश्य सामग्री, भिडियो, फिल्मको प्रदर्शन गरेर देखाई सिकाइ गर्ने गराउने | - सान्दर्भिक तस्बिर वा चित्र<br>- श्रव्यदृश्य सामग्री<br>- भिडियो, फिल्म | - निर्धारित विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल (मौखिक तथा लिखित अभ्यास) गरे नगरेका आधारमा लेखाजोखा गर्ने<br>- प्रदर्शित नक्सा वा चित्रको वर्णन गर्न लगाई विषयवस्तुको ज्ञान हासिल गरे नगरेको मापन गर्ने<br>- विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखा जोखा गर्ने | १५ घन्टी |
| स्थानीय जातजाति, संस्कार र संस्कृति | - इच्छाकामना गाउँपालिकाभित्र रहेका चेपाङ, घर्ती, भुजेल जातिका संस्कार, संस्कृति, रहनसहन र भेषभूषाको बारे बताउन<br>- परम्परागत बाजागाजाको परिचय र महत्त्व बताउन | - इच्छाकामना गाउँपालिकाभित्र रहेका चेपाङ, घर्ती, भुजेल जातिका संस्कार, संस्कृति, रहनसहन र भेषभूषा<br>- परम्परागत बाजागाजाको परिचय र महत्त्व | - इच्छाकामना गाउँपालिकाभित्र रहेका चेपाङ, घर्ती, भुजेल जातिका जन्म , मृत्यु विवाह संस्कार, संस्कृति, रहनसहन तथा विभिन्न पर्व, मेला, अवसरमा पहिरिने भेषभूषा<br>- परम्परागत बाजागाजा | - इच्छाकामना गाउँपालिकाभित्र रहेका चेपाङ, घर्ती, भुजेल जातिको जन्म, मृत्यु विवाह संस्कार, संस्कृतिको बारेमा तत् समुदायको बालबालिकाहरूसँग सोध्ने र भन्न लगाउने<br>- विभिन्न पर्व, मेला, अवसरमा पहिरिने भेषभूषाको सूची बनाउन लगाई सम्भव भएसम्म नमूना देखाउने<br>- स्थानीय परम्परागत बाजागाजाको चित्र, पोस्टर,पावर पोइन्ट फिल्म, भिडियो स्लाइड देखाइ चिन्न लगाउने, परिचय गराउने र जान्ने व्यक्तिबाट बजाउने अभ्यास गराउने | - इच्छाकामना गाउँपालिकाभित्र रहेका चेपाङ, घर्ती, भुजेल जातिको जन्म, मृत्यु विवाह संस्कारमा प्रयोग हुने सामानको सूची, चित्र, पोस्टर, पावर पोइन्ट फिल्म, भिडियो स्लाइड आदि<br>- स्थानीय परम्परागत बाजागाजाको चित्र, पोस्टर, पावर पोइन्ट फिल्म, भिडियो स्लाइड | - इच्छाकामना गाउँपालिकाभित्र रहेका चेपाङ, घर्ती, भुजेल जातिको जन्म, मृत्यु विवाह संस्कारमा प्रयोग हुने सामानको सूची बनाऊ ।<br>- चेपाङ, घर्ती, भुजेल जातिले लगाउने मुख्य भेषभूषा के के हुन् ?<br>- स्थानीय परम्परागत बाजागाजाको सूची बनाई बजाउने अभ्यास गर्न लगाउने | १५ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ऐतिहासिक, पर्यटकीय स्थल र स्थानीय पर्यटन | - इच्छाकामना गाउँपालिकाभित्रको पर्यटकीय स्थलहरूको पहिचान र महत्त्व बताउन। | - इच्छाकामना गाउँपालिका भित्रको पर्यटकीय स्थलहरू | - इच्छाकामना गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरू जस्तै : सिराइचुली, इच्छाकामना मन्दिर, उपरदाङगढी, लामो झरना, त्रिशुली नदी र्‍याफ्टिङ, मनकामना केबुलकार आदि। | - इच्छाकामना गाउँपालिकाको पर्यटकीय स्थलहरूको सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट प्रस्तुत गर्ने र : सिराइचुली, इच्छाकामना मन्दिर, उपरदाङगढी, लामो झरना, त्रिशुली नदी र्‍याफ्टिङ, मनकामना केबुलकार आदिको परिचय दिने<br>- इच्छाकामना मन्दिर, उपरदाङगढी ,लामो झरना, त्रिशुली नदी र्‍याफ्टिङ, मनकामना केबुलकार आदिको परिचय दिने<br>- मन्दिर, उपरदाङगढी, लामो झरना, त्रिशुली नदी र्‍याफ्टिङ, मनकामना केबुलकार आदिको पर्यटन भ्रमणबाट हुने फाइदा एवम् महत्त्व बताउने। | इच्छाकामना गाउँपालिकाको पर्यटकीय स्थलहरूका सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट | - इच्छाकामना गाउँपालिकाका आफू बसेको वडाभित्रको पर्यटकीय स्थलहरूको बारेमा मुख्य पक्षहरू भन्न लगाउने<br>- पर्यटकीय स्थलहरूबाट हुने फाइदाहरू बुँदागत रूपमा लेख। | २० घन्टी |
| स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | - स्थानीय सिप र प्रविधिमा आधारित पुष्पखेती, तरकारी खेती सुन्तला खेती, मौरीपालनको बारेमा बताउन।<br>- स्थानीय स्तरमा उत्पादित अचार उद्योगको परिचय दिन | - स्थानीय सिप र प्रविधिमा आधारित पुष्पखेती, तरकारी खेती सुन्तला खेती, मौरीपालन<br>- स्थानीय स्तरमा उत्पादित अचार उद्योग | - स्थानीय सिप र प्रविधिमा आधारित पुष्पखेती, तरकारी खेती सुन्तला खेती, मौरीपालनको परिचय, सो व्यवसाय गर्ने तरिका र यसको महत्त्व<br>- स्थानीय स्तरमा उत्पादित अचार उद्योगको परिचय | - स्थानीय सिप र प्रविधिमा आधारित पुष्पखेती, तरकारी खेती सुन्तला खेती, मौरीपालनको परिचय, सो व्यवसाय गर्ने तरिका र यसको महत्त्व बताउने<br>- विद्यार्थीको आफ्नो घर, टोल, वडा वरिपरि गरिएका पुष्पखेती, तरकारी खेती, मौरीपालन, सुन्तला खेतीको बारे कहाँ के गरिएको छ सोध्ने र अन्तर्क्रिया गराउने<br>- सुन्तला खेती र यसमा लाग्ने रोगको बारे सोध्ने र निराकरणका उपाय बारे छलफल गर्ने गराउने<br>- स्थानीय वस्तुहरूको उपयोगबाट अचार बनाउने विधिको अभ्यास गराउने | ब्रोसर, पोस्टर, भिडियो, श्रव्यदृश्य सामाग्री, सान्दर्भिक फोटो, तस्बिर | - स्थानीय सिप र प्रविधिमा आधारित पुष्पखेती, तरकारी खेती सुन्तला खेती, मौरीपालनको परिचय देऊ।<br>- सुन्तला खेती र यसमा लाग्ने रोगको बारे सोध्ने र निराकरणका उपाय भन। स्थानीय वस्तुहरूको उपयोगबाट अचार बनाउन लगाई मूल्याङ्कन गर्ने | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य, सरसफाइ र फोहरस्रोत व्यवस्थापन | - शरीरमा पानीको सही मात्राबारे बताउन र दैनिक रूपमा सही मात्रामा पानी पिउन<br>- फोहरस्रोतको उचित व्यवस्थापन गर्न र सो फोहरस्रोतको उपयोगबाट आम्दानीको स्रोत बनाउन<br>- घर तथा विद्यालयमा उत्पादन हुने फोहरस्रोतको उचित व्यवस्थापनका उपाय अवलम्बन गर्न | - स्वस्थ शरीरको लागि शरीरमा पानीको सही मात्रा<br>- फोहरस्रोतको उचित व्यवस्थापन<br>- फोहरस्रोतको उपयोगबाट आम्दानीको स्रोत | - शरीरमा पानीको सही मात्रा र तरिका<br>- घर तथा विद्यालयमा निस्कने फोहरस्रोतको उचित व्यवस्थापनका उपाय तथा सोको सही उपयोगबाट गर्न सकिने आम्दानीका स्रोतहरू जस्तैः माला, ढक्की, चकटी, फूलदानी, बस्ने मुढा आदि । | - शरीरलाई आवश्यक पर्ने पानीको मात्रा र पानी पिउने समय तालिका र तरिकाका बारेमा श्रव्यदृश्य सामग्री समेतको प्रयोग गरी छलफल गर्ने<br>- शरीरमा पानी न्यून वा अधिक हुँदा के कस्तो असर पर्छ उदाहरणसहित छलफल गर्ने | पानी पिउने तालिका, श्रव्यदृश्य सामग्री<br>- फोहरस्रोतको सही उपयोगबाट बनेका जस्तैः माला, ढक्की, चकटी, फूलदानी, बस्ने मुढा आदिको नमूना | - स्वस्थकर खानाका फाइदाहरू भन ।<br>- विद्यालयमा दिवा खाजाको रूपमा के के खाजाको प्रयोग गर्न सकिन्छ ? भन ।<br>- एक हप्तासम्मको लागि विद्यालयमा खाने दिवा खाजाको सूची बनाऊ ।<br>- वातावरण संरक्षण विषयमा तिमीले खेल्ने भूमिकाको बारे एक अनुच्छेद लेख ।<br>- कबड्डी खेलको अभ्यास गराई मूल्याङ्कन गर्ने | १२ घन्टी |
| प्रकोप/ विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | - विपद् जोखिमका न्यूनीकरणका उपायहरू बताउन<br>- विपद्मा रेडक्रस भन्ने कुराको अवधारणा बताउन<br>- हरित विद्यालयको अवधारणा बनाई सोको अभ्यास गर्न | - विपद् जोखिमको अवधारणा<br>- विपद् जोखिमका न्यूनीकरणका उपायहरू<br>- उद्धार कार्यमा रेडक्रस<br>- हरित विद्यालय निर्माणको अवधारणा र अभ्यास | - विपद् जोखिम न्यूनीकरणको परिचय<br>- स्थानीय स्तरमा रहेका विपद् जोखिमको पहिचान<br>- विपद् जोखिम न्यूनीकरणका उपायहरू विद्यालयमा वृक्षरोपण/करेसाबारी निर्माण/कौसी खेतीको परिचय, आवश्यकता, महत्त्व<br>- मानवीय उद्धार र परोपकार कार्यमा रेडक्रस<br>- विद्यालयमा हरियाली प्रवर्धनका लागि क्षेत्र छनोट तथा विधिहरू | - विपद् जोखिमको परिचय, आवश्यकता र महत्त्वका बारेमा प्रस्तुति, छलफल, चित्र, पोस्टर र श्रव्यदृश्यका सामग्रीमार्फत स्पस्ट पारिदिने<br>- स्थानीय स्तरमा रहेका सम्भावित जोखिमको सूची प्रस्तुत गरी किन जोखिम भनिएको हो स्पष्ट पारिदिने<br>- सम्भावित विपद् जोखिम न्यूनीकरण गर्न अपनाउनुपर्ने प्रक्रियाका बारेमा छलफल गराउने<br>- विपद् जोखिमका न्यूनीकरणका उपायमा रेडक्रसको भूमिकाको वर्णन गर्ने<br>- विद्यालयमा वृक्षरोपण/करेसाबारी निर्माण/कौसी खेतीको परिचय, आवश्यकता, महत्त्वका बारेमा छलफल गराउने<br>- विद्यालयमा हरियाली प्रवर्धनका लागि क्षेत्र छनोट विद्यार्थीहरूको सहभागितामा गराउने<br>- विद्यालयको आवश्यकता, ठाउँको उपलब्धता तथा विद्यार्थीहरूको रुचिका आधारमा हरियाली प्रवर्धनका विधिहरूको छलफलबाट कार्ययोजना बनाउने | स्थानीय स्तरमा भएका प्रकोप/विपद्का चित्र, वृतचित्र , फिल्म , पावर प्वाइन्ट स्लाइडहरू<br>- हरित विद्यालयको चित्र, पोस्टर ,<br>- रेडक्रससँग सम्बद्ध चित्र, पोस्टर, चार्ट पेपर र श्रव्यदृष्यका सामग्री | - विपद् जोखिम न्यूनीकरण भन्नाले के बुझ्नुहुन्छ ?<br>- स्थानीय स्तरमा प्रकोपबाट हुन सक्ने सम्भावित विपद्लाई न्यूनीकरण गर्न कस्ता उपाय अवलम्बन गर्न सकिन्छ त्यसको प्रतिवेदन तयार पार्न लगाउने<br>- विपद् जोखिमसँग सम्बन्धित शब्दावलीहरूको सूची तयार पार्न लगाउने विपद् जोखिमका न्यूनीकरणमा रेडक्रस विषयमा वक्तृता गराउने ।<br>- हरित विद्यालयको चित्र बनाऊ | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| ग्रामीण विकास र सहरीकरण | - ग्रामीण विकासका लागि शिक्षा<br>- इच्छाकामना गाउँपालिकाको शैक्षिक स्थिति<br>- स्थानीय तहमा शिक्षाका समस्या र समाधानका उपायहरू | - ग्रामीण विकासका लागि शिक्षा<br>- इच्छाकामना गाउँपालिकाको शैक्षिक स्थिति<br>- स्थानीय तहमा शिक्षाका समस्या र समाधान | - विकासका विभिन्न पूर्वाधारमध्ये शिक्षा एक मुख्य पूर्वाधार<br>- मानव विकास सूचाङ्कको प्रमुख आधार शिक्षा र ग्रामीण विकासको मूलाधार नै शिक्षा<br>- गाउँलाई नगरोन्मुख विकासका लागि शिक्षा अपरिहार्य<br>- इच्छाकामना गाउँपालिकाभित्र रहेका सम्पूर्ण शैक्षिक संस्थाहरूको जानकारी<br>- ती विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको भर्ना दर, टिकाउको अवस्था, आधारभूत तह पूरा गर्ने दरको स्थिति<br>- बिचमै विद्यालय छाड्ने कारण, आधार भूत तह पूरा नगर्ने कारण, विद्यालयप्रति आकर्षण गर्न नसक्नुका कारण पत्ता लगाउनु र त्यसको साधानका उपाय | - इच्छाकामना गाउँपालिकाको शैक्षिक स्थितिको बारेमा तथ्य तथ्याङ्कगत रूपमा भिडियो, फिल्म, डकुमेन्ट्री प्रदर्शन गर्ने<br>- ग्रामीण विकास र शिक्षाको सम्बन्धका बारेमा प्रवचन दिई अन्तर्क्रिया गर्ने, गराउने<br>- इच्छाकामना गाउँपालिकाभित्रको विभिन्न शैक्षिक समस्याहरूको सूची बनाउन लगाउने<br>- ती समस्याहरूको समाधानका बारेमा छलफल गर्न लगाई समूहगत रूपमा समाधानका उपायहरू भन्न लगाउने | - इच्छाकामना गाउँपालिकाको शैक्षिक स्थितिको बारेमा तथ्य तथ्याङ्कगत रूपमा भिडियो, फिल्म, डकुमेन्ट्री, फोटो, चित्र आदि । | - इच्छाकामना गाउँपालिकाभित्र कतिओटा माध्यमिक विद्यालयहरू छन् भन<br>- इच्छाकामना गाउँपालिकाभित्रको विभिन्न शैक्षिक समस्याहरूको सूची बनाऊ ।<br>- इच्छाकामना गाउँपालिकाभित्र देखा परेका विभिन्न शैक्षिक समस्याहरूको समाधानका उपायहरू के के हुन सक्छन् ? लेख । | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | - समाजप्रति हाम्रो भूमिका बताउन<br>- योग ध्यानबाट स्वास्थ्यमा पर्ने सकरात्मक प्रभाव बताउन | - समाजप्रति हाम्रो भूमिका<br>- योग ध्यानबाट स्वास्थ्यमा पर्ने सकारात्मक प्रभाव | - परिवार र समाजप्रति सम्पूर्ण नागरिकहरूको भूमिका<br>- सभ्य नागरिक र समाज<br>- योग र मानव स्वास्थ्य<br>- योगको उपयोग र अभ्यास<br>- मानव स्वास्थ्य र योगको सम्बन्ध<br>- योग र ध्यान गर्नाले मानव जीवनमा पर्ने सकारात्मक प्रभाव | - आफ्नो परिवार र समाजप्रति निभाउनुपर्ने कर्तव्य र भूमिकाबारे छलफल गराउने र बुँदागत रूपमा लेख्न लगाउने ।<br>- सभ्य नागरिकको परिचय दिई उसले समाजप्रति गर्नुपर्ने भूमिका बारे बताउने<br>- विभिन्न श्रव्यदृश्य शैक्षिक सामाग्रीको प्रयोग गरी योगको अभ्यास गराउने<br>- योग र ध्यान गर्नाले मानव जीवनमा पर्ने सकरात्मक प्रभावको बारेमा बताइदिने | - विभिन्न श्रव्यदृश्य सामाग्रीहरू, सूची ब्रोसर, चार्ट आदि<br>- योगासन र ध्यान गरे को तस्विर | - सभ्य नागरिकको परिचय दिई उसले समाजप्रति गर्नुपर्ने भूमिकाबारेमा लेख ।<br>- योग ध्यानबाट स्वास्थ्यमा पर्ने सकारात्मक प्रभावहरू बुँदागत रूपमा लेख । | ६ घन्टी |

# विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई प्रस्तुत गरिएको छ। क्षेत्रगत विषयवस्तु विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

## कक्षा ७

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो इच्छाकामना | - इच्छाकामना गाउँपालिकामा उपलब्ध सेवाहरूको सूची बनाउन<br>- इच्छाकामना गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको सामान्य परिचय सहित तिनीहरूको जिम्मेवारीका बारेमा जानकारी हासिल गर्न | - इच्छाकामना गाउँपालिकामा उपलब्ध सेवाहरू<br>- इच्छाकामना गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष | - इच्छाकामना गाउँपालिकामा उपलब्ध सेवाहरू<br>- इच्छाकामना गाउँपालिकालिकाका अध्यक्ष र उपाध्यक्षको परिचय र जिम्मेवारी | - इच्छाकामना गाउँपालिकामा उपलब्ध सेवाहरूका बारेमा जानकारी सङ्कलन गरी ती सेवाले गर्ने सहयोगको क्षेत्र तथा उपयोगको तरिकासँग सम्बन्धित सामग्री प्रस्तुत गरी अध्ययन गर्न लगाउने ।<br>- यस क्रममा विषयवस्तुको जानकारी र प्रयोगसँग सम्बधित भई सूचना प्रविधिलाई प्रयोग गर्ने<br>- नजिकैको वडा कार्यालयको भ्रमण गरी वडाका निर्वाचित प्रतिनिधिहरू परिचयात्मक कार्य सञ्चालन गर्ने<br>- इच्छाकामना गाउँपालिकालिकाका अध्यक्ष र उपाध्यक्षसँग छलफल गरी तिनका जिम्मेवारी, काम, कर्तव्य र अधिकारका बारेमा सोध्ने तथा त्यसलाई उपयोग गर्ने रणनीतिको तयारी गर्न लगाउने | - इच्छाकामना गाउँपालिकालिकाका अध्यक्ष र उपाध्यक्षको फोटो, तस्बिर<br>- सान्दर्भिक चित्र वा नक्सा<br>- सूचना प्रविधि<br>- अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामाग्री | - व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>- प्रश्नोत्तर गरेर<br>- कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>- इच्छाकामना गाउँपालिकालिकाका अध्यक्ष र उपाध्यक्षको फोटो, तस्बिर देखाई नाम सोध्ने<br>- इच्छाकामना गाउँपालिकामा उपलब्ध सेवाहरूको सूची बनाऊ | १२ घन्टी |
| प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदा | - इच्छाकामना गाउँपालिका भित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली र इच्छाकामना मन्दिरको महत्व बताउन<br>- इच्छाकामना गाउँपालिकाभित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली, लामो झरना र इच्छाकामना मन्दिरको संरक्षणका उपायहरू औंल्याउन | - इच्छाकामना गाउँपालिका भित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली, लामो झरना र इच्छाकामना मन्दिर | - इच्छाकामना गाउँपालिकाभित्रका ऐतिहासिक उपर दाङगढी, सिराइचुली र लामो झरना र इच्छाकामना मन्दिरको महत्व ।<br>- इच्छाकामना गाउँपालिका भित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली, लामो झरना र इच्छाकामना मन्दिरको संरक्षण | - विद्यार्थीलाई इच्छाकामना गाउँपालिकाभित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली, लामो झरना र इच्छाकामना मन्दिरका महत्त्वका बारेमा अनुभव प्रस्तुत गर्न लगाउने<br>- इच्छाकामना गाउँपालिकाभित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली, लामो झरना र इच्छाकामना मन्दिरको संरक्षणका लागि गरिदै आएका कार्यहरू र अब गर्नुपर्ने विभिन्न कामहरूको बारेमा अन्तर्क्रिया गराउने | - सान्दर्भिक तस्बिर वा चित्र<br>- श्रव्यदृश्य सामग्री<br>- भिडियो, फिल्म<br>- विभिन्न मुद्रित सामाग्रीहरू । | - विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>- इच्छाकामना गाउँपालिकाभित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली र लामो झरना र इच्छाकामना मन्दिरको महत्त्व बताऊ इच्छाकामना गाउँपालिका भित्रका ऐतिहासिक उपरदाङगढी, सिराइचुली, लामो झरना र इच्छाकामना मन्दिरको संरक्षणकका उपायहरू के के हुन् ? | १५ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्थानीय जातजाति, संस्कार र संस्कृति | - इच्छाकामना गाउँपालिकाभित्र रहेका गुरुङ, तामाङ र थकाली जातिका संस्कार, संस्कृति, रहनसहन र भेषभूषाकोबारे बताउन<br>- परम्परागत स्थानीय लोक नृत्यको परिचय र महत्त्व बताउन<br>- इसाई संस्कार र परम्परा | - इच्छाकामना गाउँपालिकाभित्र रहेका गुरुङ, तामाङ र थकाली जातिका संस्कार, संस्कृति, रहनसहन र भेषभूषा<br>- परम्परागत स्थानीय लोक नृत्यको परिचय र महत्त्व बताउन<br>- इसाई संस्कार र परम्परा बारे सामान्य जानकारी दिन | - इच्छाकामना गाउँपालिकाभित्र रहेका गुरुङ, तामाङ र थकाली जातिका जन्म, मृत्यु विवाह संस्कार, संस्कृति रहनसहन तथा विभिन्न पर्व, मेला, अवसरमा पहिरिने भेषभूषा<br>- परम्परागत स्थानीय लोक नृत्य<br>- इसाई संस्कार र परम्परा बारे सामान्य जानकारी र गरिने क्रियाकलाप | - इच्छाकामना गाउँपालिकाभित्र रहेका गुरुङ, तामाङ र थकाली जातिका जन्म, मृत्यु विवाह संस्कार ,संस्कृतिको बारेमा तत् समुदायको बालबालिकाहरूसँग सोध्ने र भन्न लगाउने<br>- विभिन्न पर्व, मेला, अवसरमा पहिरिने भेषभूषाको सूची बनाउन लगाई सम्भव भएसम्म नमूना देखाउने<br>परम्परागत स्थानीय लोक नृत्यको चित्र, पोस्टर, पावर पोइन्ट फिल्म, भिडियो स्लाइड देखाइ चिन्न लगाउने, परिचय गराउने र जान्ने व्यक्तिबाट अभ्यास गराउने<br>- इसाई संस्कार र परम्परा बारे सामान्य जानकारी दिदै हरेक शनिबार गरिने चर्च तथा मण्डलीमा गरिने प्रार्थना बारे बताइदिने<br>- मृत्यु संस्कारबारे बताइदिने | - इच्छाकामना गाउँपालिकाभित्र रहेका गुरुङ, तामाङ र थकाली जातिका जन्म, मृत्यु विवाह संस्कारमा प्रयोग हुने सामानको सूची, चित्र, पोस्टर, पावर पोइन्ट फिल्म, भिडियो स्लाइड आदि<br>- परम्परागत स्थानीय लोक नृत्यको चित्र, पोस्टर,पावर पोइन्ट फिल्म, भिडियो स्लाइड<br>- इसाई संस्कार र परम्परा सम्बन्धी पोस्टर, पावर पोइन्ट फिल्म, भिडियो स्लाइड | - इच्छाकामना गाउँपालिकाभित्र रहेका गुरुङ, तामाङ र थकाली जातिका जन्म, मृत्यु विवाह संस्कारमा प्रयोग हुने सामानको सूची बनाऊ ।<br>- चेपाङ, घर्ती, भुजेल जातिले लगाउने मुख्य भेषभूषा के के हुन् ? परम्परागत स्थानीय लोक नृत्यको सूची बनाई अभ्यास गर्न लगाउने<br>- इसाई संस्कार र परम्परा सम्बन्धी तिमीलाई के थाहा छ ? | १५ घन्टी |
| ऐतिहासिक, पर्यटकीय स्थल र स्थानीय पर्यटन | - इच्छाकामना गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरूको प्रचार प्रसार र संरक्षण कार्यमा सहभागिता बताउन<br>- इच्छाकामना गाउँपालिकाभित्रका नयाँ पर्यटकीय स्थलहरूको खोजी | - इच्छाकामना गाउँपालिका भित्रको पर्यटकीय स्थलहरू | - इच्छाकामना गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरू जस्तैः सिराइचुली, इच्छाकामना मन्दिर, उपरदाङगढी, लामो झरना, त्रिशुली नदी ऱ्याफ्टिङ , मनकामना केबुलकार आदि ।<br>- इच्छाकामना गाउँपालिकाभित्रका नयाँ पर्यटकीय स्थलहरू | - इच्छाकामना गाउँपालिकाको पर्यटकीय स्थलहरूका सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट प्रस्तुत गर्ने र सिराइचुली, इच्छाकामना मन्दिर, उपरदाङगढी ,लामो झरना, त्रिशुली नदी ऱ्याफ्टिङ, मनकामना केबुलकार आदिका विभिन्न श्रव्य दृश्य सामाग्रीमार्फत प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने<br>इच्छाकामना मन्दिर, उपरदाङगढी, लामो झरना, त्रिशुली नदी ऱ्याफ्टिङ, मनकामना केबुलकार आदिको संरक्षणका लागि गरिने विभिन्न विधि र उपाय सम्बन्धी छलफल गर्ने गराउने<br>- इच्छाकामना गाउँपालिकाभित्रको नयाँ पर्यटकीय स्थलहरूका बारेमा जानकारी लिने | - इच्छाकामना गाउँपालिकाका पर्यटकीय स्थलहरूको सम्बन्धित फोटो, भिडियो, पावरपाइन्ट | - इच्छाकामना गाउँपालिकाका आफू बसेको वडाभित्रको पर्यटकीय स्थलहरूको बारेमा मुख्य पक्षहरू भन्न लगाउने<br>- इच्छाकामना गाउँपालिकाभित्र रहेका र हालसम्म बाहिर प्रचारमा नआएका पर्यटकीय स्थलहरू (झरना, गुफा, मन्दिर नदी, तालतलैया, पोखरी, गढी आदि) के के छन् भन । | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | - स्थानीय स्तरमा पशुपालन जस्तैः गाईभैँसी पालन, बाख्रापालन, बङ्गुरपालनको बारेमा बताउन<br>- स्थानीय स्तरमा कृषि र पर्यटनमा आधारित उद्योगको परिचय दिन | - स्थानीय स्तरमा पशुपालन जस्तैः गाईभैँसी पालन, बाख्रापालन, बङ्गुरपालन<br>- स्थानीय स्तरमा कृषि र पर्यटनमा आधारित उद्योग | - स्थानीय स्तरमा पशुपालन जस्तै : गाईभैसी पालन, बाख्रापालन, बङ्गुरपालनका परिचय<br>- स्थानीय स्तरमा कृषि र पर्यटनमा आधारित होम स्टे र होटल व्यवसाय | - स्थानीय स्तरमा पशुपालन जस्तै : गाईभैसी पालन बाख्रापालन, बङ्गुरपालनको परिचय, सो व्यवसाय गर्ने तरिका र यसको महत्त्व बताउने ।<br>- विद्यार्थीको आफ्नो घर, टोल, वडा वरिपरि गरिएका पशुपालन जस्तैः गाईभैँसी पालन बाख्रापालन, बङ्गुरपालन बारे कहाँ के गरिएको छ सोध्ने र अन्तर्क्रिया गराउने<br>- स्थानीय स्तरमा  कृषि र पर्यटनमा आधारित होम स्टे र होटल व्यवसायको विषयमा छलफल गराउने | ब्रोसर, पोस्टर, भिडियो, श्रव्यदृश्य सामाग्री, सान्दर्भिक फोटो , तस्बिर | - स्थानीय स्तरमा पशुपालन जस्तैः गाईभैँसी पालन बाख्रापालन , बङ्गुरपालनको परिचय देऊ ।<br>- स्थानीय स्तरमा  कृषि र पर्यटनमा आधारित उद्योगको नाम लेख । | २० घन्टी |
| स्वास्थ्य, सरसफाइ र फोहरस्रोत व्यवस्थापन | - स्थानीय स्तरमा पाइने पौष्टिक खानेकुराहरूको पहिचान गरी प्रयोगमा ल्याउन<br>- वातावरणीय व्यवस्थापनमा इको सानको महत्त्व बताउन<br>- भलिबल खेलको परिचय दिई अभ्यास गर्न | - स्थानीय स्तरमा पाइने पौष्टिकखानेकुराहरू<br>- वातावरणीय व्यवस्थापनमा इको सान<br>- भलिबल खेल | - स्थानीय स्तरमा पाइने पौष्टिक खानेकुराहरू जस्तैः कोदो , मकै, फापर, भटमास, निहुरो, गिठ्ठा , भ्याकुर, सिस्नो, लट्टेको साग, गहत आदिको पहिचान तथा प्रयोग<br>- वातावरणीय व्यवस्थापनमा इको सान चर्पीको प्रयोग र महत्त्व<br>- इको सान चर्पीको प्रयोगबाट मल र मूत्रको फरक फरक व्यवस्थापन र सोको छुट्टाछुट्टै उपयोग गरी कृषिमा प्रयोग<br>- भलिबल खेलको परिचय र अभ्यास | - स्थानीय स्तरमा पाइने पौष्टिक खानेकुराहरू जस्तैः कोदो, मकै, फापर, भटमास, निहुरो, गिठ्ठा , भ्याकुर, सिस्नो, लट्टेको साग, गहत आदि बारेमा श्रव्यदृश्य सामग्री समेतको प्रयोग गरी छलफल गर्ने र फाइदाहरू बताईदिने<br>- वातावरणीय व्यवस्थापनमा इको सान चर्पीको प्रयोग र महत्त्व माथि प्रकाश पारी छलफल गर्ने<br>- इको सान चर्पीको प्रयोगबाट मल र मूत्रको फरक फरक व्यवस्थापन गर्ने तरिकाका लागि नजिकै छ भने सो चर्पीको अवलोकन गराउने<br>- भलिबल खेलको परिचय दिई अभ्यास गराउने | - स्थानीय स्तरमा पाइने पौष्टिक खानेकुराहरू जस्तैः कोदो, मकै, फापर , भटमास, निहुरो , गिठ्ठा , भ्याकुर, सिस्नो , लट्टेको साग, गहत आदिको बारेमा श्रव्यदृश्य सामग्री<br>- इको सान चर्पीको फोटो, चित्र, भिडियो आदि ।<br>- भलिबल, सिठ्ठी, नेट, चुना आदि । | - तिम्रो समुदायमा  पाइने पौष्टिक खानेकुराहरूको नाम भन ।<br>- विद्यालयमा दिवा खाजाको रूपमा के के खाजाको प्रयोग गर्न सकिन्छ  ? भन ।<br>- इको सान चर्पीको महत्त्व बताऊ ।<br>- भलिबल खेलको अभ्यास गराई मूल्याङ्कन गर्ने । | १२ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| प्रकोप/विपद् व्यवस्थापन , वातावरण र हरित विद्यालय | - स्थानीय क्षेत्रमा हुने प्रकोप र प्रकोप पात्रोको परिचय दिई निर्माण गर्न<br>- विपद् जोखिमको पूर्वतयारी प्रकोप/विपद्बाट हुने क्षति र न्यूनीकरणकाउपायहरू बताउन<br>- विपद् जोखिम उद्धारमा प्रयोग हुने सामग्रीहरूको बारेमा जानकारी लिन | - स्थानीय क्षेत्रमा हुने प्रकोप र प्रकोप पात्रो र निर्माण<br>- विपद् जोखिमको पूर्वतयारी<br>- प्रकोप/विपद्बाटहुने क्षति रन्यूनीकरणका उपायहरू<br>- विपद् जोखिम उद्धारमा प्रयोग हुने सामग्रीहरू | - स्थानीय क्षेत्रमा हुने प्रकोप र प्रकोप पात्रो र निर्माण<br>- विपद् जोखिमको पूर्वतयारी।<br>- प्रकोप/विपद् जस्तैः बाढी पहिरो भूक्षय , भूकम्प आदिबाट हुने क्षति र न्यूनीकरणका उपायहरू<br>- विपद् जोखिम उद्धारमा प्रयोग हुने सामग्रीहरू झटपट झोला, प्राथमिक उपचार बाकस आदि | - विपद् जोखिमको सम्भावित क्षेत्र , समय बारेमा पोस्टर र श्रव्यदृश्यका सामग्रीमार्फत छलफल गरी प्रकोप पात्रोको समूहमा बसी निर्माण गर्न लगाउने<br>- विपद् पूर्वतयारीका लागि विधिहरू अवगत गराउने, जस्तै : झटपट झोला<br>- सम्भावित विपद्को पूर्वअभ्यास गराउने<br>- प्राथमिक उपचारका सामग्रीका बारेमा जानकारी र तयारी बारे बताउने<br>- प्रकोप / विपद्बाट हुने क्षति र न्यूनीकरणका उपायहरूबारे छलफल गराउने | स्थानीय स्तरमा भएका प्रकोप/विपद्का चित्र, वृतचित्र, फिल्म, पावर प्वाइन्ट स्लाइडहरूः झटपट झोला, प्राथमिक उपचार बाकस आदि। | - प्रकोप पात्रो भनेको के हो ?<br>- स्थानीय स्तरमा विपद् जोखिमको पूर्वतयारी कसरी गर्न सकिन्छ ?<br>- विपद् जोखिम उद्धारमा प्रयोग हुने सामग्रीहरूको सूची बनाऊ। | २० घन्टी |
| ग्रामीण विकास र सहरीकरण | - इच्छाकामनाको विकासमा संलग्न सङ्घसंस्थाहरूको नाम र काम बताउन<br>- स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था, सहकारी, गैर सरकारी संस्थाहरू, केबुलकार, होटल, रिसोर्टहरू, सरकारी संस्थाहरू, टोल विकास समितिहरूको परिचय र भूमिका बताउन | - इच्छाकामनाको विकासमा संलग्न सङ्घसंस्थाहरू<br>- स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था, सहकारी, गैर सरकारी संस्थाहरू, केबुलकार होटल, रिसोर्टहरू, सरकारी संस्थाहरू, टोल विकास समितिहरू | - इच्छाकामनाको विकासमा संलग्न सङ्घसंस्थाहरू सरकारी तथा गैर सरकारी संस्थाहरूको परिचय।<br>- स्थानीय सरकारको रूपमा जनतालाई सेवा प्रदान गर्ने इच्छाकामना गाउँपालिका, सम्पूर्ण वडा कार्यसमिति, टोल बिकास समितिहरू, स्थानीय क्षेत्रमा रहेका बैंक तथा वित्तीय सङ्घसंस्थाहरूको मुख्य मुख्य भूमिका<br>- केबुलकारले प्रदान गरेको सेवाहरू<br>- होटल, रिसोर्टले पुऱ्याएको आर्थिक टेवा | - इच्छाकामनाको चित्र, तथ्याङ्क देखाई कुन ठाउँमा के के सङ्घसंस्थाहरू कहाँ छ भनी सोध्ने<br>- जनताको सेवामा स्थानीय सरकारको रूपमा गाउँपालिकाको सेवा र कामहरूको बारेमा छलफल गर्ने गराउने<br>- इच्छाकामना गाउँपालिका, सम्पूर्ण वडा कार्यसमिति, टोल बिकास समितिहरू, स्थानीय क्षेत्रमा रहेका बैंक तथा वित्तीय सङ्घसंस्थाहरूको मुख्य मुख्य भूमिकाको बारेमा अन्तर्क्रिया गराउने<br>- नजिकैको वडा कार्यालयको लघु भ्रमण गराई सेवा प्रवाहको बारेमा जानकारी गराउने<br>- केबुलकार, होटल, रिसोर्टले इच्छाकामनाको विकासमा पुऱ्याएको टेवाको बारेमा बुझ्ने र बताउने | - इच्छाकामना गाउँपालिका तथा वडा कार्यालयहरूको सेवा प्रवाहको नागरिक बडा पत्रको नमूना इच्छाकामना गाउँपालिकाको फोटो, चित्र/ नक्सा पोस्टर आदि<br>केबुलकार, होटल, रिसोर्टको फोटो, चित्र | इच्छाकामना गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहको सूची बनाऊ।<br>केबुलकार, होटल, रिसोर्टका फाइदाहरू बारेमा भन। | ८ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | - व्यक्तिको सर्वाङ्गीण विकासमा अनुशासनको महत्त्व बताउन ।<br>- योगको प्रकार र आसनकाबारे अभ्यास गर्न<br>- प्रणायाम र ध्यानको अभ्यास गर्न | - व्यक्तिको सर्वाङ्गीण विकासमाअनुशासन<br>- योगको प्रकार र आसन<br>- प्रणायाम र ध्यान | - व्यक्तिको सर्वाङ्गीण विकासमा अनुशासनको महत्त्व<br>- योगको प्रकार र आसनको बारे अभ्यास -प्रणायाम र ध्यानको प्रभाव । | - व्यक्तिको सर्वाङ्गीण विकासमा अनुशासनको महत्त्व बारे छलफल गराउने र बुँदागत रूपमा लेख्न लगाउने<br>- योगको प्रकार र आसनको बारेमा समूहगत छलफल गराई अभ्यास गराउने<br>- मानव स्वास्थ्यमा प्रणायाम र ध्यानबाट हुने सकारात्मक प्रभावको बारेमा बताइदिने | - विभिन्न श्रव्यदृश्य सामाग्रीहरू, सूची ब्रोसर, चार्ट आदि ।<br>- योगासन र ध्यान गरेको तस्विर | - व्यक्तिको सर्वाङ्गीण विकासमा अनुशासनको महत्त्व बारेमा लेख ।<br>- योग ध्यानबाट स्वास्थ्यमा पर्ने सकरात्मक प्रभावहरू बुँदागत रूपमा लेख । | ६ घन्टी |

# विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई प्रस्तुत गरिएको छ। क्षेत्रगत विषयवस्तु विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

## कक्षा ८

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| हाम्रो इच्छाकामना | - इच्छाकामना गाउँपालिकामा व्यवस्थापिका र कार्यपालिकाको भूमिका बताउन<br>- स्थानीय तहमा न्याय सम्पादन प्रक्रियाका बारेमा बताउन | - इच्छाकामना गाउँपालिकामा व्यवस्थापिका र कार्यपालिका<br>- स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया | - इच्छाकामना गाउँपालिकामा व्यवस्थापिका र कार्यपालिकाको भूमिका<br>- स्थानीय तहमा न्याय सम्पादन प्रक्रिया | - इच्छाकामना गाउँपालिकामा व्यवस्थापिका र कार्यपालिकाको गठन प्रक्रिया र भूमिका छलफल गराई स्पष्ट पारिदिने स्थानीय तहमा न्यायपालिकाको गठन तथा न्याय सम्पादन प्रक्रियाको बारेमा बताइदिने | - सूचना प्रविधि<br>- अन्य श्रव्यदृश्य सामग्री तथा मुद्रित सामाग्री | - इच्छाकामना गाउँपालिकामा व्यवस्थापिका र कार्यपालिकाको गठन प्रक्रिया कसरी हुन्छ ? लेख।<br>- स्थानीय तहमा न्यायपालिकाको गठन तथा न्याय सम्पादन प्रक्रियाको बारेमा लेख। | १२ घन्टी |
| प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदा | - स्थानीय क्षेत्रमा पाइने जडीबुटीको महत्त्व, प्रशोधन, प्रयोग र बजारीकरण बारे भन्न<br>- प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदाबाट हुने फाइदाको सूची बनाउन | - स्थानीय क्षेत्रमा पाइने जडीबुटीको महत्त्व, प्रशोधन, प्रयोग र बजारीकरण<br>- प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदाबाट हुने फाइदा | - इच्छाकामना गाउँपालिकाभित्रका स्थानीय क्षेत्रमा पाइने जडीबुटीको महत्त्व, प्रशोधन, प्रयोग र बजारीकरण प्रक्रिया<br>- इच्छाकामना गाउँपालिकाभित्रका प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदाबाट हुने फाइदा | - विद्यार्थीलाई इच्छाकामना गाउँपालिकाभित्रका आफ्नो घर वरिपरि पाइने जडीबुटीको नाम भन्न लगाई तिनको महत्त्व र उपयोगिता प्रस्तुत गर्न लगाउने<br>- स्थानीय क्षेत्रमा पाइने जडीबुटीको महत्त्व , प्रशोधन , प्रयोग र बजारीकरण प्रक्रियाको बारेमा समूहगत छलफल गराई निचोड निकाल्न लगाउने<br>- प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदाबाट हुने फाइदाहरूको सूची तयार गर्न लगाउने | - स्थानीय क्षेत्रमा पाइने जडीबुटीका सान्दर्भिक तस्बिर वा चित्र<br>- श्रव्यदृश्य सामग्री<br>- भिडियो, फिल्म<br>- विभिन्न मुद्रित सामाग्रीहरू | तिम्रो घरवरिपरि पाइने जडीबुटीको नाम भन।<br>- स्थानीय क्षेत्रमा पाइने जडीबुटीको महत्त्व र प्रयोग बारे बताऊ।<br>प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदाबाट हुने फाइदाहरूको सूची तयार गर। | १५ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्थानीय जातजाति, संस्कार र संस्कृति | - इच्छाकामना गाउँपालिकाभित्र रहेका बाह्मण, क्षेत्री, नेवार र मगर जातिका संस्कार, संस्कृति, रहनसहन र भेषभूषाका बारे बताउन | - इच्छाकामना गाउँपालिकाभित्र रहेका बाह्मण, क्षेत्री, नेवार र मगर जातिका संस्कार, संस्कृति, रहनसहन र भेषभूषाको बारे बताउन | - इच्छाकामना गाउँपालिकाभित्र रहेका बाह्मण, क्षेत्री, नेवार र मगर जातिका संस्कार, संस्कृति, रहनसहन र भेषभूषाबारे बताउन। | - इच्छाकामना गाउँपालिकाभित्र रहेका बाह्मण, क्षेत्री, नेवार र मगर जातिका जन्म, मृत्यु विवाह संस्कार, संस्कृतिबारेमा तत्समुदायको बालबालिकाहरूसँग सोध्ने र भन्न लगाउने | - इच्छाकामना गाउँपालिकाभित्र रहेका बाह्मण, क्षेत्री, नेवार र मगर जातिका जन्म, मृत्यु विवाह संस्कारमा प्रयोग हुने सामानको सूची, चित्र, पोस्टर, पावर पोइन्ट फिल्म, भिडियो स्लाइड आदि | - इच्छाकामना गाउँपालिकाभित्र रहेका बाह्मण, क्षेत्री, नेवार र मगर जातिका जन्म, मृत्यु विवाह संस्कारमा प्रयोग हुने सामानको सूची बनाऊ।<br>- चेपाङ, घर्ती, भुजेल जातिले लगाउने मुख्य भेषभूषा के के हुन् ? | १५ घन्टी |
| ऐतिहासिक, पर्यटकीय स्थल र स्थानीय पर्यटन | - पर्यटन व्यवसायका लागि आवश्यक आधारभूत सीप तथा व्यवस्थापकीय कार्यहरूको बारेमा भन्न। | - पर्यटन व्यवसायका लागि आवश्यक आधारभूत सीप तथा व्यवस्थापकीय कार्यहरू | - पर्यटन व्यवसायका लागि आवश्यक आधारभूत सीप तथा व्यवस्थापकीय कार्यहरू जस्तैः च्याफ्टिङ गाइड गर्ने सीप, वेटर, कुक, माली, क्यानोनिङ गर्ने सीप, होटल तथा लज, होम स्टे सञ्चालन तथा व्यवस्थापन कार्य आदि। | - पर्यटन व्यवसायका लागि आवश्यक आधार भूत सीपहरूको सूची प्रदर्शन गर्ने<br>- च्याफ्टिङ गाइड गर्ने सीप, वेटर, कुक, माली, क्यानोनिङ गर्ने सीप सम्बन्धी छलफल गराउने<br>- होटल तथा लज, होम स्टे सञ्चालन तथा व्यवस्थापन कार्यभित्र गर्नुपर्ने व्यवस्थापनबारे भन्ने भन्न लगाउने | - च्याफ्टिङ गाइड गर्ने सीप, वेटर, कुक, माली, क्यानोनिङ सम्बन्धी फोटो, भिडियो, पावरपाइन्ट | - पर्यटन व्यवसायका लागि आवश्यक आधारभूत सीपहरूको सूची बनाऊ।<br>- होटल तथा लज, होम स्टे सञ्चालन गर्दा गर्नुपर्ने व्यवस्थापकीय कार्यहरू लेख। | २० घन्टी |
| स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | - अर्गानिक कृषि व्यवसायका लागि स्रोत पहिचान तथा बजारीकरणका उपायहरू बताउन<br>- स्थानीय स्तरमा पाइने जडीबुटीको पहिचान गर्न | - अर्गानिक कृषि व्यवसायका लागि स्रोत पहिचान तथा बजारीकरण<br>- स्थानीय स्तरमा पाइने जडीबुटीको पहिचान | - अर्गानिक कृषि व्यवसायका लागि स्रोत पहिचान तथा बजारीकरण प्रक्रिया<br>- स्थानीय स्तरमा पाइने जडीबुटी जस्तैः तुलसी, नीम, गुज्जर गानो, पाखनवेद, कुरिलो, शिकारी लहरा, चिराइतो, ठूलो औषधी, सेतो जरा, गाइखुरे, सौर आदिको पहिचान | - अर्गानिक कृषि व्यवसायका लागि स्रोत पहिचान तथा बजारीकरण प्रक्रियाको तरिकाबारे अन्तर्क्रिया गराउने<br>- विद्यार्थीको आफ्नो घर, टोल, वडावरिपरि पाइने स्थानीय जडीबुटी जस्तैः तुलसी ,नीम, गुज्जर गानो, पाखनवेद, कुरिलो, शिकारी लहरा, चिराइतो, ठूलो औषधी, सेतो जरा, गाइखुरे, सौर आदिको बारेमा सोधेर नाम सङ्कलन गर्ने र सो सम्बन्धी छलफल गर्ने गराउने | ब्रोसर, पोस्टर, भिडियो, श्रव्यदृश्य सामाग्री, सान्दर्भिक फोटो, तस्बिर | अर्गानिक कृषि व्यवसायका लागि स्रोत पहिचान गरी परिचय देऊ।<br>आफ्नो घर, टोल, वडावरिपरि पाइने स्थानीय जडीबुटीको नाम लेख। | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य, सरसफाइ र फोहरस्रोत व्यवस्थापन | - स्थानीय स्तरमा पाइने सन्तुलित भोजनको पहिचान गरी प्रयोगमा ल्याउन<br>- पर्यटनको परिचय र प्रबर्द्धन बताउन<br>- फुटबल खेलको परिचय दिई अभ्यास गर्न | - स्थानीय स्तरमा पाइने सन्तुलित भोजनको पहिचान र प्रयोग<br>- पर्यटनको परिचय र प्रबर्द्धन<br>- फुटबल खेल | - स्थानीय स्तरमा पाइने सन्तुलित भोजनका लागि आवश्यक पौष्टिक खानेकुराहरू जस्तैः कार्बोहायड्रेट, प्रोटिन, चिल्लो, खनिज, भिटामीन आदि प्राप्त हुने खाद्यान्न, सागसब्जी, गेडागुडी आदिको पहिचान तथा प्रयोग<br>- वातावरणमैत्री पर्या पर्यटनको परिचय र प्रबर्द्धन<br>- फुटबल खेलको परिचय र अभ्यास | - स्थानीय स्तरमा पाइने सन्तुलित भोजनका लागि आवश्यक पौष्टिक खानेकुराहरू जस्तै : कार्बोहायड्रेट, प्रोटिन, चिल्लो, खनिज, भिटामिन आदि प्राप्त हुने खाद्यान्न , सागसब्जी, गेडागुडी आदिको बारेमा श्रव्यदृश्य सामग्री देखाई फाइदा र महत्त्व बताउने<br>- वातावरणमैत्री पर्या पर्यटनको परिचय दिई फोटो, चित्र, भिडियो आदिको माध्यमबाट प्रबर्द्धन गर्ने विधिबारे बताइदिने | - तिम्रो समुदायमा पाइने सन्तुलित भोजनको लागि आवश्यक पौष्टिक खानेकुराहरूको नाम भन।<br>- पर्यटनको परिचय दिई यसको प्रबर्द्धन कसरी गर्न सकिन्छ ? भन।<br>- फुटबल खेलको अभ्यास गराई मूलयाङ्कन गर्ने।<br>- फुटबल, सिठ्ठी, गोलपोष्ट, चुना, झण्डा, स्कोर बोर्ड आदि। | | १५ घन्टी |
| प्रकोप/ विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | - विपद् व्यवस्थापनको क्षेत्रमा संलग्न विभिन्न सङ्घसंस्थाहरू रेडक्रस, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्काउट, नेपाली सेनासँगको समन्वय र भूमिका उल्लेख गर्न<br>- हरित विद्यालयका लागि इको क्लबको स्थापना र काम बताउन | - विपद् व्यवस्थापनको क्षेत्रमा संलग्न विभिन्न सङ्घ संस्थाहरू रेडक्रस, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्काउट, नेपाली सेनासँगको समन्वय र भूमिका<br>- हरित विद्यालयका लागि इको क्लबको स्थापना र काम | - विपद् व्यवस्थापनको क्षेत्रमा संलग्न विभिन्न सङ्घसंस्थाहरू रेडक्रस, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्काउट, नेपाली सेनासँगको समन्वय र भूमिका।<br>- हरित विद्यालयको लागि इको क्लबको स्थापना र काम। | - विपद् व्यवस्थापनको क्षेत्रमा संलग्न विभिन्न सङ्घसंस्थाहरू रेडक्रस, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्काउट, नेपाली सेनाले गर्दै आएको कामहरूको भिडियो फिल्म, डकुमेण्ट्री प्रदर्शन गरी छलफल गर्ने गराउने<br>- विद्यार्थीहरूलाई हरित विद्यालय निर्माणको अभ्यास गराउने | स्थानीय स्तरमा भएका प्रकोप/विपद्मा रेडक्रस, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्काउट, नेपाली सेनाले उद्धार गरेका चित्र, वृतचित्र, फिल्म, पावर प्वाइन्ट स्लाइडहरू | - विपद् व्यवस्थापनको क्षेत्रमा संलग्न विभिन्न सङ्घसंस्थाहरू रेडक्रस, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्काउट, नेपाली सेनाले गरेका उद्धारका कार्यहरूको सूची बनाऊ।<br>- विपद् व्यवस्थापनको क्षेत्रमा संलग्न विभिन्न सङ्घसंस्थाहरू रेडक्रस, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्काउट, नेपाली सेनाको भूमिका बताऊ। | २० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तको विस्तृतीकरण | सम्भाव्य क्रियाकलाप | शिक्षण सामाग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ग्रामीण विकास र सहरीकरण | - इच्छाकामनाको विकासमा सामुदायिक सशक्तीकरणको बारे परिचय दिन<br>- विकासमा जनसहभागिता, नीति निर्माण, योजना र कार्यान्वयनबारे बताउन | - इच्छाकामनाको विकासमा सामुदायिक सशक्तीकरण<br>- विकासमा जनसहभागिता, नीति निर्माण, योजना र कार्यान्वयन | - इच्छाकामनाको विकासमा सामुदायिक सशक्तीकरणबारे परिचय<br>- विकासमा जनसहभागिताः नीति निर्माण, योजना र कार्यान्वयन | - इच्छाकामनाको विकासमा सामुदायिक सशक्तीकरणको बारे परिचय दिने, सो सम्बन्धी समूहगत छलफल गराउने<br>- विकास कार्यमा कसरी जनसहभागिता जुटाउने भनी अन्तर्क्रिया गर्ने गराउने जस्तैः महिला, दलित, अल्पसंख्यक, गरिब तथा विपन्न समुदायको शिक्षा, स्वास्थ्य र रोजगारीमा अवसर बारे जानकारी दिने | - विकास कार्यमा जनसहभागिताको फोटो, चित्र/नक्सा पोस्टर भिडियो आदि | - सामुदायिक सशक्तीकरण भनेको के हो ? लेख।<br>- विकास कार्यमा जनसहभागिताको भूमिका बताऊ। | ८ घन्टी |
| हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | - योग र ध्यानलाई दैनिक जीवनमा प्रयोग र अभ्यास गर्न<br>- सहअस्तित्व, समन्वय र सहकार्यको महत्त्व बताउन | - योग र ध्यानको दैनिक जीवनमा प्रयोग र अभ्यास<br>- सहअस्तित्व, समन्वय र सहकार्यको महत्त्व | - व्यक्तिको सर्वाङ्गीण विकास र स्वास्थ्यका लागि योग र ध्यानको प्रयोग र महत्त्व<br>- सहअस्तित्व, समन्वय र सहकार्य। | - व्यक्तिको सर्वाङ्गीण विकास र स्वास्थ्यका लागि प्रयोगात्मक विधिबाट योग र ध्यानको अभ्यास गराउने<br>- सहअस्तित्व, समन्वय र सहकार्यले सफल जीवनका लागि खेल्ने भूमिका बारे प्रवचनात्मक विधिद्वारा स्पष्ट पार्ने | - विभिन्न श्रव्यदृश्य सामाग्रीहरू, सूची ब्रोसर, चार्ट आदि।<br>- योगासन र ध्यान गरेको तस्बिर | - व्यक्तिको सर्वाङ्गीण विकासमा योग र ध्यानको महत्त्व बारेमा लेख।<br>- योग ध्यानबाट स्वास्थ्यमा पर्ने सकारात्मक प्रभावहरू बुँदागत रूपमा लेख।<br>- सहअस्तित्व, समन्वय र सहकार्यले जीवन कसरी सफल बनाउँछ ? | ६ घन्टी |

# ७ पाठ्यघन्टी र अङ्क विभाजन तालिका

**कक्षा १ – ८**

| क्र.सं. | क्षेत्र | कक्षा १–३ | | कक्षा ४–८ | |
|---|---|---|---|---|---|
| १ | हाम्रो इच्छाकामना | २० | १२ | १२ | ९ |
| २ | प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदा | २० | १२ | १५ | १२ |
| ३ | स्थानीय जातजाति, संस्कार र संस्कृति | १५ | १० | १५ | १८ |
| ४ | ऐतिहासिक, पर्यटकीय स्थल र स्थानीय पर्यटन | २० | १२ | २० | १२ |
| ५ | स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | २० | १२ | २० | १८ |
| ६ | स्वास्थ्य, सरसफाइ र फोहरस्रोत व्यवस्थापन | २० | १२ | १२ | ९ |
| ७ | प्रकोप/विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | २० | १२ | २० | १२ |
| ८ | ग्रामीण विकास र सहरीकरण | १५ | १० | ८ | ६ |
| ९ | हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | १० | ८ | ६ | ४ |
| **जम्मा** | | १६० | १०० | १२८ | १०० |

# विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिने छ :

१. आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गर्ने प्रावधान नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेअनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई अवलम्बन गरिने छ।

२. विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative) पद्धति तथा निर्णयात्मक (Summative) पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical) दुवै अपनाउनुपर्ने छ।

३. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफैँ गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकाले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रोत्साहन गरिने छ।

४. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाइल रहने छ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहार परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख राखी सोही आधारमा मूल्याङ्कन गरिने छ।

५. कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ। कक्षा १-३ को मूल्याङ्कनपश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेखीकरणको प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई "क", "ख" र "ग" तीन श्रेणीमा विभाजन गर्नुपर्दछ।

६. कक्षा ४-५ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५०% निर्णयात्मक (वार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ। विद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा गरिने छ।

७. निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका

हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ।

८. कक्षा ६-७ मा ५०% निर्णयात्मक (वार्षिक परीक्षा) र ५०% निर्माणात्मक (निरन्तर मूल्याङ्कन पद्धति) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ। निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ।

९. आधारभूत तहको अन्त्य (कक्षा ८) मा ६०% निर्णयात्मक (बार्षिक परीक्षा) र ४०% निर्माणात्मक/प्रयोगात्मक पद्धतिबाट विद्यार्थीको मूल्याङ्कन गरिने छ। निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ। लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० % हुने छ।

१०. विद्यार्थीहरूको मूल्ल्याङ्कन गर्दा ज्ञान तह (Knowledge Level) मा अति छोटा प्रश्नहरू, बोध तह (Understanding Level) का छोटा प्रश्नहरू र उच्च तह (Higher Abilities) का लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समाबेस गर्नुपर्ने छ।

११. प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ। यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तनजस्ता पक्षहरू समेट्नुपर्ने छ।

१२. प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्ने छ।

१३. कक्षा १ देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ। रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ।

१४. विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी अनुसूची-१ मा उल्लेख गरेबमोजिम हुने छ।

### पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्त्वपूर्ण हुने छ। विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ। परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ। स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोतव्यक्तिका रूपमा रहने छन्। विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यअनुसार स्थानीय भाषा, नेपाली भाषा वा अङ्ग्रेजी माध्यमसमेत अवलम्बन गर्न सक्ने छन्। विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ। विद्यार्थीहरूको समूह कार्य र अन्तरक्रियालाई जोड दिइने छ। पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ।

### समय निर्धारण

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक पाठ्यभार ५ घन्टी हुने छ जसमा १६० घन्टी दिइएको छ। त्यसै गरी आधारभूत तह कक्षा ४-८ मा स्थानीय विषयको साप्ताहिक ४ पाठ्यभार १२८ र १०० पूर्णाङ्क कायम गरी १२८ पाठ्यघन्टी दिइएको छ। प्रत्येक शैक्षिक सत्र वैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ। प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधिबमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्ने छ र २०० दिन पठनपाठन हुने छ। प्रत्येक घन्टी एक घण्टाको हुने छ।

### पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन्। उक्त चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस्। यसैअनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकताअनुसार परिमार्जन हुने छ। यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ।

## अनुसूची (१)
## विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा

(क) **निर्माणात्मक/प्रयोगात्मक परीक्षा** **(कक्षा : १-३)**

औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.सं. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १० |
| ३ | कक्षाकार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १० |
| | **जम्मा** | १०० |

**कक्षा : ४-५**

औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.सं. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | ५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | ५ |
| ३ | कक्षाकार्य/गृहकार्य | ५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | १५ |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | १५ |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | ५ |
| | **जम्मा** | ५० |

**कक्षा : ६-८**

औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.सं. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | ५ |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | ५ |
| ३ | कक्षाकार्य/गृहकार्य | ५ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | १५ |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | १५ |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | ५ |
| | **जम्मा** | ५० |

(ख) **निर्णयात्मक (आवधिक) परीक्षा**

## कक्षा : ४-५

पूर्णाङ्क : ५० उत्तीर्णाङ्क : अक्षराङ्कमा मूल्याङ्कन गरिने

समय : १ घण्टा ३० मिनेट

औसत प्रश्न तालिका (तहगत रूपमा)

| ज्ञान तह (Knowledge Level) | बोध तह (Understanding Level) | उच्च तह (Higher Abilities) |
|---|---|---|
| ३० % | ४० % | ३० % |

## कक्षा : ६-८

पूर्णाङ्क : ५० उत्तीर्णाङ्क : अक्षराङ्कमा मूल्याङ्कन गरिने

समय : १ घण्टा ३० मिनेट

औसत प्रश्न तालिका (तहगत रूपमा)

| ज्ञान तह (Knowledge Level) | बोध तह (Understanding Level) | उच्च तह (Higher Abilities) |
|---|---|---|
| ३० % | ३० % | ४० % |

## कक्षा ४–५ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

| | | सङ्क्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | | |
| १ | हाम्रो इच्छाकामना | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| २ | प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदा | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| ३ | स्थानीय जातजाति, संस्कार र संस्कृति | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| ४ | ऐतिहासिक, पर्यटकीय स्थल र स्थानीय पर्यटन | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| ५ | स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | २ | १ | २ | २ | २ | ४ | १ | ३ | ३ | ५ | ९ |
| ६ | स्वास्थ्य, सरसफाइ र फोहरस्रोत व्यवस्थापन | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ७ | प्रकोप / विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ८ | ग्रामीण विकास र सहरीकरण | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| ९ | हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| **जम्मा** | | **१५** | **१** | **१५** | **१०** | **२** | **२०** | **५** | **३** | **१५** | **३०** | **५०** |

**नोट :** १ नोट : प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ।
२ ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्चतहमा ३ अङ्कको हुने छन्।
३ ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नुपर्नेछ।

## कक्षा ६–८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

| | | सङ्क्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | | |
| १ | हाम्रो इच्छाकामना | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| २ | प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदा | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| ३ | स्थानीय जातजाति, संस्कार र संस्कृति | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| ४ | ऐतिहासिक, पर्यटकीय स्थल र स्थानीय पर्यटन | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| ५ | स्थानीय पेसा, उद्यमशीलता र प्रविधि | २ | १ | २ | २ | २ | ४ | १ | ३ | ३ | ५ | ९ |
| ६ | स्वास्थ्य, सरसफाइ र फोहरस्रोत व्यवस्थापन | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ७ | प्रकोप / विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ८ | ग्रामीण विकास र सहरीकरण | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| ९ | हाम्रो नैतिक मूल्य मान्यता, सदाचार र योग | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| **जम्मा** | | **१५** | **१** | **१५** | **१०** | **२** | **२०** | **५** | **३** | **१५** | **३०** | **५०** |

**नोट :** १. नोट : प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ।
२. ज्ञान तहका सबै प्रश्नहरू १ अङ्कका, बोधका २ अङ्कका र उच्च तहमा ४ अङ्कका हुने छन्।
३. ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नुपर्ने छ।

## अनुसूचीः

स्थानीय पाठ्यक्रमविकास चरण

| क्र.सं. | मिति | कार्य |
|---|---|---|
| १. | २०७७/११/२९ | गाउँशिक्षा समितिले आधारभूत (कक्षा १-८) को स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नका लागि निम्नबमोजिमको पाठ्यक्रम निर्माण कार्यदल गठन गरी कार्य विवरण तोकी काम गर्न भनिएको थियोः<br>(क) श्री दुर्गा देवी खड्का - संयोजक<br>(ख) श्री भविश्वर गरुङ - सदस्य<br>(ग) श्री शिवप्रसाद तिमल्सेना -सदस्य<br>(घ) श्री युवराज लामा -सदस्य<br>(ङ) श्री इन्दिरा सापकोटा - सदस्य<br>(च) श्री दिपक खनाल -सदस्य<br>(छ) श्री रामथापा -सदस्य<br>(ज) श्री भुपेन्द्र चेपाङ -सदस्य<br>(झ) श्री शिब राज राई -सदस्य<br>(ञ) श्री यानबहादुर गुरुङ - सदस्य<br>(ट) श्री श्रीरेन्द्र प्रकाश पोखरेल - सदस्य<br>(ठ) श्री दुर्गा पुरी - सदस्य<br>(ड) श्री सावित्री पुडासैनीखनाल - सदस्य |
| २. | २०७७/१२/२५ | पाठ्यक्रम निर्माण कार्यदलको बैठक बसी स्थानीय पाठ्यक्रमको मस्यौदा तयार गर्न निम्नानुसारको मस्यौदा लेखन समिति निर्माण गरियोः<br>(क) युवराजलामा<br>(ख) शङ्कर प्रसाद सिलुवाल<br>(ग) शिवप्रसाद तिमल्सेना<br>(घ) श्री इन्दिरा सापकोटा<br>(ङ) शिब राज राई |
| ३. | २०७८/०१/०३ | स्थानीय पाठ्यक्रम कार्यदलको बैठकले स्थानीय पाठ्यक्रममा समावेश गरिने विषयवस्तुका ९ ओटा मुख्य क्षेत्र निर्धारण गर्‍यो र निर्धारित क्षेत्रबाट विषयगत र कक्षागत विषयवस्तु सङ्कलनका लागि कार्यदलका सदस्यहरूलाई जिम्मा दिइयो । |
| ४. | २०७८/०१/०९ | ➲ कार्यदलको अघिल्लो बैठकको जिम्मेवारीअनुसारको सङ्कलित विषयगत र कक्षागत विषयवस्तु प्रस्तुत गरियो ।<br>➲ यस बैठकले कक्षागत आधारमा विषयवस्तुको क्षेत्र, क्रम र तहगत सक्षमता निर्धारण गर्न मस्यौदा लेखन समूहलाई जिम्मेवारी दिई आगामी कार्यदलको बैठकमा पेश गर्न सिफारिस गर्‍यो । |
| ५. | २०७८/०३/१९ | मस्यौदा लेखन समूहले करिब अढाई महिना लगाएर तयार गरेको स्थानीय पाठ्यक्रम मस्यौदामाथि कार्यदलको बैठकमा छलफल भयो र छलफलबाट केही सुझाव समेत प्राप्त भयो । |
| ६. | २०७८/०४/०२ | स्थानीय पाठ्यक्रम मस्यौदा सम्बन्धमा केही विषयवस्तुमाथि शिक्षा समितिमा छलफल भयो । |
| ७. | २०७८/०७/१६ | शिक्षा समितिको बैठकद्वारा मस्यौदा लेखन समूहले तयार गरेको पाठ्यक्रम मस्यौदालाई अन्तिम रूप दिन आवश्यक छलफलका लागि सरोकारवालाहरूबिच कार्यशाला सञ्चालन गर्ने निर्णय गरिएको थियो । |

| | | |
|---|---|---|
| ८. | २०७८/०८/२६ | स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको बैठकले अघिल्लो बैठकमा दिएको सुझावअनुरूप पाठ्यक्रमको मस्यौदामाथि पुनः छलफल भई अन्तिम रूपका लागि मस्यौदा समूहलाई जिम्मा दिइएको र कार्यशालाका लागि मिति २०७८ पौष १ गतेको दिन सिफारिस गरिएको थियो । |
| ९ | २०७८/०९/०१ | ➲ पूर्व निर्धारित योजनाअनुसार इच्छाकामना गाउँपालिका अध्यक्ष श्री गिताकुमारी गुरुङज्यूको अध्यक्षतामा कार्यशाला सञ्चालन भयो ।<br>➲ यस कार्यशालाबाट प्राप्त सुझाव सङ्कलन गरी त्यसलाई मस्यौदा लेखनमा समेटी आगामी गाउँ कार्यपालिकाको बैठकमा अनुमोदन तथा स्वीकृतिका लागि पेस गर्ने भन्ने निर्णय भएको थियो ।<br>➲ उक्त कार्यशालामा ६७ जना सरोकारवाला व्यक्तिहरूको सहभागिता भएको थियो । |
| १० | २०७८/०९/०२ | इच्छाकामना गाउँकार्यपालिकाको बैठकद्वारा **'समृद्ध इच्छाकामना'** **स्थानीय पाठ्यक्रम** (**कक्षा १–८**)लाई स्वीकृत प्रदान गरियो । |

## चितवन जिल्ला

# इच्छाकामना गाउँपालिका

